# खोज पत्रकारिता
# के, किन, कसरी

मोहन मैनाली



खोज पत्रकारिता केन्द्र

# खोज पत्रकारिता
# के, किन, कसरी

मोहन मैनाली

खोज पत्रकारिता केन्द्र

# खोज पत्रकारिता : के, किन, कसरी


प्रथम संस्करण, २०६९ मंसीर, १,००० प्रति
खोज पत्रकारिता केन्द्र (खोपके)

| | |
|---|---|
| लेखक | : मोहन मैनाली |
| सम्पादक | : शरच्चन्द्र वस्ती |
| भाषा सम्पादन | : धर्मराज दाहाल |
| टाइप सेटिङ | : उमाकान्त नेपाल |
| लेआउट | : इफेक्ट |
| सर्वाधिकार © | : लेखक र खोज पत्रकारिता केन्द्रमा सुरक्षित |
| मूल्य | : रू.१५०/- |

ISBN: 978-9937-2-6070-1

**Khoj Patrakarita : Ke, Kina, Kasari** (2012)

**खोज पत्रकारिता केन्द्र**
पो.ब.नं. २४८४६, जावलाखेल, ललितपुर, नेपाल
फोनः ५५३१४३४
इमेलः mail@cijnepal.org
www.cijnepal.org

मुद्रणः जगदम्बा प्रेस, ललितपुर

यो पुस्तक लेखन र प्रकाशनका लागि फाउन्डेसन ओपन सोसाइटी (OSI-ZUG) स्वीट्जरल्याण्डले सहयोग गरेको हो । यसमा व्यक्त भएका विचारसँग फाउन्डेसन ओपन सोसाइटी (OSI-ZUG) स्वीट्जरल्याण्डको सहमति छ भन्ने होइन ।

# विषय सूची


| | |
|---|---|
| प्राक्कथन | ङ |
| हार्दिक आभार | छ |
| भूमिका | झ |
| १. खोज पत्रकारिताको अवधारणा | १ |
| २. विषय छनोट | ७ |
| ३. तयारी | १७ |
| ४. सूचना/सामग्री संकलन | २५ |
| ५. प्रस्तुति | ५१ |
| ६. अनुसूची | ७३ |
| रूख हिंड्ने बाटो | ७६ |
| ज्यानमारा औषधि : घातक उपचार | ८८ |
| सुत्केरीका शिकारी | ९८ |
| ढाँट्नेलाई पुरस्कार | १०७ |
| पुनर्निर्माणमा २९ अर्बको खेल | १२० |
| बलात्कार र मिलापत्र : व्यवसायका रूपमा स्थापित हुँदै | १३२ |
| सन्दर्भ सामग्री | १३९ |

# प्राक्कथन

खोज पत्रकारिताका लागि नेपाल उर्वर भूमि बन्दै गएको छ। राज्यका संयन्त्रहरू खुकुलिँदै गएको र नियम-कानून मिच्न सक्नुलाई नै पद, शक्ति एवं प्रभुत्वको मापदण्ड मानिन थालेको वर्तमान धरातलीय यथार्थका बीच खोज पत्रकारिताका निम्ति विषय खोज्न भौंतारिनुपर्ने अवस्था छैन। एउटा विषय खोज्न चाहँदा दशवटा विषय तँछाडमछाड गर्दै हाजिर हुन आइपुग्छन्; *आशिकों की कमी नहीं गालिब, एक ढूँढो हजार मिलते हैं* भने झैं। र, यो बेथितिमा रजगज गर्नेहरू जति शक्तिशाली र तिनको संजाल जति व्यापक भए पनि देश तथा समाजलाई घात गर्नेहरूले उन्मुक्ति पाउनुहुँदैन भनेर सूचना चुहाउनेहरूको अकाल नभएकाले अलिकति नैतिक दृढता, साहस र लगनशीलता हुने हो भने खोज पत्रकारिता गर्न त्यति असजिलो पनि छैन।

भूमि उर्वर भए पनि खोज पत्रकारिताको बाली भने त्यस अनुरूप लाग्न सकेको छैन। खासगरी विषयवस्तु बारेको अस्पष्टता, कार्यप्रक्रियाको अज्ञान वा अल्पज्ञान र काम गर्ने वातावरणको कमी यसको अवरोधका रूपमा देखिएका छन्। खोज पत्रकारिता केन्द्र (खोपके) डेढ दशकदेखि यस्तै अवरोधलाई कम गर्दै तालीम, अभ्यास, फेलोशिप, छलफल, प्रकाशन आदिका माध्यमबाट नेपालमा खोज पत्रकारितालाई अघि बढाउन क्रियाशील रहँदै आएको छ। यसै क्रममा खोज पत्रकारिता के हो र कसरी गर्ने भन्नेबारे एक दशकअघि, २०५८ सालमा 'खोज पत्रकारिता' नामक पुस्तक प्रकाशित गरेको थियो भने खोज पत्रकारिताको अवधारणा, उद्देश्य र कार्यशैलीबारे थप गहिराइतर्फ

डोऱ्याउने ध्येयले यो पुस्तक तयार पारिएको हो ।

खोज पत्रकारिताको अध्ययन, अभ्यास र प्रशिक्षण तीनै पक्षतर्फ गहिरो दखल राख्ने मोहन मैनालीको कलमले यस पुस्तकलाई उपयोगी मात्र होइन, रोचक पनि बनाएको छ। नेपाली पत्रकारिताको सेरोफेरोबाट घतलाग्दा उदाहरण प्रस्तुत गर्दै तिनको माध्यमबाट विषयवस्तुका केस्रा केलाउने क्रममा उनी पाठकलाई कुत्कुत्याउँछन्, हँसाउँछन्, छड्के व्यंग्यको प्रयोगले ठाउँठाउँमा खुत्रुक्कै पार्छन्, थाहै नपाई गम्भीर बनाउँछन् र कुराको चुरो सहजै छर्लंग पारिदिन्छन्। सैद्धान्तिक गफ र पण्डित्याइँको वमन-वेदान्त अनि कटपेस्ट-मास्टरी दुवैसँग गोरु बेचेको साइनो पनि राख्न नरुचाउने मैनालीले खोज पत्रकारिताको अवधारणा, विषय छनोट, स्टोरीको तयारी, सूचना-सामग्री संकलन र प्रस्तुतिबारे आफ्नो ज्ञान, अनुभव र 'अब्जर्भेशन' को सार खिचेर पुस्तकलाई स्वादिलो एवं सुपाच्य बनाइदिएका छन् । साथै हामी खोज पत्रकारिता 'कसरी' र 'कस्तो' गरिरहेका छौं भन्ने ताजा नमूना समेत राखिदिएर सिद्धान्त र व्यवहारबीचको दूरी एवं निकटता पहिल्याउन पनि सजिलो पारिदिएका छन् । खोज पत्रकारिता बुझ्न-गर्न चाहने र गरिरहेका पत्रकारहरूका लागि पुस्तक असल मार्गदर्शक बन्ने कुरामा हामी विश्वस्त छौं। यसनिम्ति खोपके मोहन मैनालीप्रति हार्दिक आभार व्यक्त गर्दछ । साथै पुस्तक प्रकाशनमा सहयोग पुऱ्याउने फाउन्डेसन ओपन सोसाइटी (OSI-ZUG) स्वीट्जरल्याण्डप्रति धन्यवाद ज्ञापन गर्दछ ।

**शरच्चन्द्र वस्ती**
सम्पादक
खोज पत्रकारिता केन्द्र (खोपके)

# हार्दिक आभार


खोज पत्रकारिता सम्बन्धमा नेपाली भाषा लेखिएका थोरै किताबमध्येको एउटा यो किताब लेख्ने अवसर दिएकोमा खोज पत्रकारिता केन्द्रप्रति ।

यस किताबको खाका तयार गर्न महत्त्वपूर्ण सल्लाह र सुझावका लागि खोपकेका पूर्वअध्यक्ष राजेन्द्र दाहालप्रति ।

विभिन्न चरणमा यस कामलाई सहजतापूर्वक अगाडि बढाएकोमा खोपकेका कार्यकारी निर्देशक डा. पीयूष मिश्रप्रति ।

यस किताबका विभिन्न मस्यौदा पढेर परिमार्जन गरिदिएकोमा खोपकेका महासचिव हस्त गुरुङप्रति ।

किताबको सम्पादनका लागि खोपकेका सम्पादक शरच्चन्द्र वस्तीप्रति

कभर डिजाइनका लागि इन्द्र श्रेष्ठप्रति ।

लेआउट र डिजाइनका लागि कामसिंह चेपाङप्रति ।

प्रुफरिडिङका लागि धर्मराज दाहालप्रति ।

पटक पटकका मस्यौदा कम्प्युटरमा इन्ट्री गरेकोमा उमाकान्त नेपालप्रति ।

**–मोहन मैनाली**

भूमिका

# गर्नुपर्ने काम धेरै छन्, तर दृष्टि पुगेको छैन

नेपाली पत्रकारिताले गर्नुपर्ने काम धेरै छन्। अहिलेसम्म केही काम गरिएका भए तापनि धेरै काम गर्न बाँकी छ। मुख्य त, नेपाली पत्रकारिताले अनुसन्धान प्रणालीको थालनी गर्न नै बाँकी देखिएको छ। अनुसन्धान नगरी राम्रो पत्रकारिता वा भनौं खोज पत्रकारिता गर्नै सकिँदैन। पत्रकारिताको क्षेत्रबाट अलिकति बाहिर गएर हेर्ने हो भने पनि दक्षतापूर्ण अनुसन्धानले नयाँ र विशेष जानकारी दिन वा गराउन सक्तछ भन्ने कुरा स्पष्ट देख्न सकिन्छ।

२०६७ साल जेठ ४ गते चितवनको बी.पी. कोइराला क्यान्सर अस्पतालका डाक्टर भक्तमान श्रेष्ठ अपहरित भए। अपहरणकारीले मागे जति सुन दिएर उन्नाइस दिन पछि उनी छुटे। उनलाई कसले अपहरण गरेको थियो भन्ने बारेमा बजारमा केही समयसम्म चर्का अड्कलबाजी मात्र भए।

यस घटनाका बारेमा प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान महाशाखाका एसपी शेरबहादुर बस्नेतले अनुसन्धान गरिरहेका थिए। यस क्रममा उनले नेपालको अदालतमा नहुनुपर्ने कामहरू भइरहेका र अदालतमा भइरहेका त्यस्तै कामले गर्दा भक्तमानको अपहरण भएको पत्ता लगाएछन्।

२०६७ साल साउन ५ गते *जनआस्था साप्ताहिक* मा प्रकाशित अन्तर्वार्तामा एसपी बस्नेतले भनेका छन्, "डा. भक्तमानको अपहरणमा संलग्न भीमसेन पण्डितको समूहका विरुद्ध धेरै मानिसलाई अपहरण गरेको भनी मुद्दा चलाइएको थियो। अदालतले सबै मुद्दामा रु.३ लाख

८५ हजार धरौटी लिएर सामान्य तारेखमा छाडिदियो ।" भक्तमानको अपहरण गर्ने मानिसहरूले के बयान दिएका रहेछन् भने, दुई वर्षअघि सामान्य तारिखमा छुट्नका लागि न्यायाधीश र सरकारी वकिललाई जुन पैसा खुवाउनु परेको थियो त्यही पैसा उठाउनका लागि उनीहरूले भक्तमानलाई अपहरण गरेका थिए ।

"हाम्रो समाज र राज्यका संयन्त्र कति विकृत भइसकेका रहेछन् भन्ने कुरा यो घटनाले पुष्टि गर्छ", बस्नेतले अन्तर्वार्तामा यसै भनेका थिए। अनुसन्धानकर्ता बस्नेतका विचारमा हाम्रो अदालत खराब नभएको भए भक्तमानको अपहरण हुने थिएन ।

यो कुरा बाहिर आएपछि यसका बारेमा छानबिन गर्न सर्वोच्च अदालतले आफ्ना न्यायाधीश बलराम केसीको नेतृत्वमा एउटा समिति गठन गऱ्यो । यस समितिले पाटन पुनरावेदन अदालतका तत्कालीन मुख्य न्यायाधीश रणबहादुर बम र न्यायाधीश हरिबहादुर बस्नेतले कानूनको अंग नपुऱ्याई, अस्वाभाविक रूपमा, बलपूर्वक पुरानो ऐनको दफा प्रयोग गरी जानाजान गलत फैसला गरेको निष्कर्ष निकाल्यो । समितिले ती न्यायाधीशलाई कार्यक्षमता अभाव र खराब आचरण भएको पाउनुका साथै उनीहरूले इमानदारीपूर्वक पदीय कर्तव्य पालना नगरेको र कानूनको त्रुटिपूर्ण व्याख्या गरेको पायो । समितिको यस्तो ठहरलाई न्यायपरिषद्ले स्वीकार गऱ्यो ।

अभियुक्तहरूले न्यायप्रणालीलाई कतिसम्म निष्क्रिय गराएका रहेछन् भन्ने कुरा बलराम केसीको समितिले पत्ता लगाएको थियो । समितिका अनुसार, महान्यायाधिवक्ताको कार्यालयबाट उक्त प्रकरणको फाइल हराएको तथ्यबाट अपहरणकारीले च्यानल सेटिङ मिलाएको कुरा खुलेको थियो । न्यायपरिषद्ले त्यस्तो फैसला गर्ने पुनरावेदन अदालतका तत्कालीन प्रमुख न्यायाधीश (जो पछि सर्वोच्च अदालतका न्यायाधीश भएका थिए) लाई महाभियोग लगाउन प्रस्ताव गऱ्यो ।

अर्थात्, दुई वर्ष पहिले नेपालको अदालती प्रणालीमा नहुनु पर्ने कुरा भएको रहेछ । दुई वर्षपछि प्रहरी अनुसन्धानले पत्ता नलगाउञ्जेल यो कुरा बाहिर आएन ।

नेपालमा अदालती विषयमा मात्र रिपोर्टिङ गर्ने धेरै पत्रकार छन्। उनीहरुले अदालतमा भए गरेका कुरालाई नजिकबाट नियाल्छन् र तिनका बारेमा रिपोर्टिङ गर्छन्। तिनलाई यो कुरा किन थाहा भएन ? अदालती विषयमा रिपोर्टिङ गर्ने पत्रकार के गर्ने गर्छन् र यस्तो कुरा थाहा हुँदैन ?

एसपी शेरबहादुर बस्नेतको अन्तर्वार्ता छापिएको १० दिनपछि अदालती विषयका बारेमा भएको एउटा रिपोर्टिङ हेर्दा यी प्रश्नको जवाफ केही हदसम्म पाइन्छ। त्यो थियो, चार्ल्स शोभराजलाई जन्मकैद गर्ने तल्लो अदालतको फैसलालाई सदर गर्ने सर्वोच्च अदालतको निर्णय सम्बन्धी रिपोर्टिङ। साउन १४ गते भएको फैसलाका सम्बन्धमा भोलिपल्ट दैनिक पत्रिकामा छापिएको रिपोर्टिङका अनुसार, शोभराजकी श्रीमती भनिएकी निहिता विश्वासका वरिपरि 'राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्चारकर्मीहरू' 'माहुरीको गोलोमा झैं' झुम्मिएका थिए। त्यस समाचारमा निहिताले कस्ता चुरा लगाएकी थिइन् भन्ने पनि सविस्तार वर्णन गरिएको छ। त्यसपछि निहिता र उनकी आमाले सर्वोच्च अदालतलाई गाली गरेको कुरालाई महत्वका साथ स्थान दिएर छापिएको छ।

अर्थात्, न्याय क्षेत्रका बारेमा रिपोर्टिङ गर्ने पत्रकारहरू एकजना झगडियाका 'सेलिब्रेटी' नातेदारका वरिपरि 'माहुरीको गोलोमा झैं' झुम्मिंदा रहेछन्। तिनले लगाएका बस्त्रको विवरण टिप्न र गरगहनाको बेलिविस्तार लगाउन ध्यान दिंदा रहेछन। अदालतले कसुरदार ठहर गरी हराइदिएको झगडियाका आफन्तले अदालतलाई गरेको गालीको टिपोट गरेर रिपोर्टिङ गर्दा रहेछन्। (अदालतलाई गाली गर्ने र त्यसको लिखित प्रचारबाजी गर्ने दुवैलाई सजायको व्यवस्था छ। त्यसरी गाली गर्नेलाई अदालतले अदालतको मानहानि गरेको भनी सजाय गऱ्यो। धन्न, त्यस्तो गालीलाई संसारभर फैलाउने पत्रकार चाहिं चोखै रहे !)

माथिको घटनामा पत्रकारले अनावश्यक कुरालाई ध्यान दिएकोमा टाउको दुखाइरहनुपर्दैन। सामान्य पत्रकारको ध्यान त सधैं त्यस्तै कुरामा मात्रै जान्छ, न्याय दिने/दिलाउने काममा लागेका न्यायाधीश र सरकारी वकिलले गरेका बदमाशीतिर जाँदैन। तिनको ध्यान त

निहिताका नीला चुरातिरै जान्छ । अदालतका मिसिल र अदालतका फैसला अनि सरकारी वकिलको कार्यालयबाट नियोजित रूपमा गायब गराइका मुद्दाका मिसिल, अँध्यारा कोठामा थन्क्याइएका, धुलोले ढाकेका थोत्रा फाइलले तिनको ध्यान तान्दैन। ती फाइलभित्रका काइते अक्षरमा लेखिएका, लामा र जटिल वाक्यले तिनलाई आकर्षित गर्दैन। यी त खोज पत्रकारका रुचि र कार्यक्षेत्रका विषय हुन् । जहाँ खोज पत्रकारिताको अभ्यास हुँदैन, त्यहाँ यस्ता कुरा ओझेलमा पर्नु सामान्य हो। विकृति र विसंगतिलाई बाहिर ल्याउन त खोज पत्रकारिता गर्नैपर्छ।

केही वर्ष पहिले नेपाली डाक्टरहरूले धेरै नेपाली अकालमा मरिरहेको आँकडा देखेछन् । यसबाट उनीहरू झस्किएछन् । उनीहरूले यसलाई कति गम्भीर समस्या ठानेका रहेछन् भने उनीहरूको संस्था नेपाल मेडिकल एसोसिएसनले निकाल्ने पत्रिका *जर्नल अफ नेपाल मेडिकल एसोसिएसन* को २००८ अप्रिल-जूनको सम्पादकीय यसै विषयमा केन्द्रित थियो।

उनीहरूलाई चकित पार्ने आधार चाहिं त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालको फरेन्सिक विभागको तथ्याङ्क रहेछ। २०६५ सालको वैशाखदेखि असारसम्मका तीन महीनामा प्रहरीले पोष्टमार्टमका लागि ३०० वटा लाश त्यहाँ पुऱ्याएको रहेछ । तीमध्ये ५७ जना मानिस मृत फेला परेका थिए, ४७ जना गाडी दुर्घटना परेर मरेका थिए भने ८८ जनाले आफूलाई आफैंले मारेका थिए। डढेर र पानीमा डुबेर ३८ जना मानिसको ज्यान गएको थियो। कोही अचानक मरेका थिए, कोही अग्लो ठाउँबाट खसेर। कोही उपचारका क्रममा मरेका थिए, कोही कुटपिटबाट। कसैको मृत्यू बिजुली लागेर भएको थियो। कोही धेरैअघि कुनै कारणले मरेर उनीहरूको कङ्काल फेला परेको थियो।

सामान्यतया, प्राकृतिक उमेर पुगेर मरेका मानिसहरूको लाश त्यहाँ लगिंदैन । यसका आधारमा हेर्ने हो भने काठमाडौंमा एक महीनामा १०० जना अर्थात् एक वर्षमा १२०० मानिसहरू अकालमा मर्ने गर्छन्।

यो संख्यालाई माओवादीले युद्ध गरेका बेलामा नेपालभर अकालमा मरेका मानिससँग तुलना गरौं । त्यतिबेला १३ हजार मानिस मरे भनिन्थ्यो । अर्थात्, यस अवधिमा नेपालभरमा वर्षको सरदर १,३०० जति मानिस मरेका थिए। तर युद्ध रोकिएपछि पनि काठमाडौंमा मात्रै झण्डै त्यति नै दरले मानिस अकालमा मरिरहेका छन् । देशभरको हिसाब गर्ने हो भने यो संख्या अझ ठूलो हुने स्पष्टै छ ।

*जर्नल अफ नेपाल मेडिकल एसोसिएसन* को सम्पादकीयमा लेखिएको छ, गाडी दुर्घटनाबाट हुने अधिकांश मृत्युको कारण ट्राफिक नियमको अवज्ञा हो । नियमको पालना गरेका खण्डमा दुर्घटनाबाट यति धेरै मानिस मर्नुपर्दैन । आत्महत्या गर्न खोज्ने सम्भावना भएका बिरामीहरूले बेलैमा उपचार पाउने हो भने पनि आत्महत्या गर्नेहरूको संख्या घट्छ। विष खाएर ठूला अस्पतालहरूमा उपचार गराउन आएका मानिसको राम्रो उपचारको व्यवस्था गर्ने हो भने पनि धेरै जनाको ज्यान बचाउन सकिन्छ। समाज शिक्षित भएमा, स्वास्थ्य र काम गर्दा आइपर्ने खतराप्रति सचेत भएका खण्डमा डढेर, पानीमा डुबेर, अग्लो ठाउँबाट खसेर र करेन्ट लागेर मर्ने धेरै मानिसको ज्यान जोगिन्छ भनी सो सम्पादकीयले भनेको छ ।

डाक्टरहरूलाई के पनि लागेछ भने यस विषयमा मानिसमा चेतना फैलाएका खण्डमा यसरी मर्नेमध्ये धेरै जनाको ज्यान बचाउन सकिन्छ । त्यसैले सो सम्पादकीयमा यस विषयमा जनचेतना जगाउने काम कसरी गर्न सकिन्छ भनेर सोचविचार गर्न डाक्टरहरूलाई अनुरोध गरिएको थियो ।

हँ, डाक्टरहरूले जनचेतना फैलाउनेतिर विचार गर्ने ? यो त हामी पत्रकारको काम हैन र ? डाक्टरलाई हाम्रो क्षेत्राधिकारमा पस्न दिने ? उनीहरूले हाम्रो काम गरेपछि हामीले चाहिं उनीहरूको काम गर्न थाल्ने ? बिरामी जाँच्न र अपरेशन गर्न छाडेर डाक्टरहरू जनचेतना जगाउनेतिर लागे भने त्यस काममा कति सफल होलान् त्यो उनीहरूले नै सोचुन्। हामी चाहिं सोचौं– हामी पत्रकारिता (जनचेतना जगाउन) छाडेर बिरामी जाँच्न र अपरेशन गर्न गयौं भने कति सफल हौंला ? मेरो विचारमा

हामीले आफ्नै काम अर्थात् समाजलाई गम्भीर किसिमले असर पारिरहेका विषयमा पत्रकारिता गर्नै बेस होला । तर यसका लागि आजभोलि भइरहेको जस्तो दैनिक पत्रकारिताले पुग्दैन, खोज पत्रकारिता गर्नैपर्छ ।

कुनै बेला नेपालमा जुनसुकै अवस्थामा पनि गर्भपतन गराउनुलाई अपराध मानिन्थ्यो । धेरै महिला यो 'अपराध' गरे वापत जेल परेका थिए । लुकिछिपी असुरक्षित तरिकाले गर्भपतन गराउने चलनले गर्दा धेरै नेपाली महिलाहरूले अकालमा ज्यान गुमाउनुपर्थ्यो । ज्यान गुमाउनु परेन भने पनि जीवनभर जेल बस्नुपर्थ्यो र अनेक समस्या भोल्नुपर्थ्यो ।

२०५८ साल असोजअघिका केही महिना नेपालका सञ्चारमाध्यममा यस गम्भीर विषयमा धेरै समाचार, फिचर र सम्पादकीय छापिए । गर्भपतनमाथिको प्रतिबन्ध खुकुल्याउन अरूले चलाएका अभियानमा नेपालका सञ्चारमाध्यमले साथ दिए । २०५८ साल असोजमा नेपालमा निश्चित अवस्था र परिस्थितिमा गर्भपतन गराउनुलाई वैधानिक ठहऱ्याइयो । शहरबजारका सरकारी र निजी स्वास्थ्य संस्थामा गर्भपतन गराउने सुविधा दिइयो ।

त्यसपछि नेपालका सञ्चारमाध्यममा यस विषयमा समाचार, फिचर र सम्पादकीय आउन छाडे । यस्तो लाग्थ्यो– गर्भपतनलाई वैधानिक बनाउने बित्तिकै असुरक्षित गर्भपतनको समस्या समाधान भएछ।

तर कुरा त्यसो रहेनछ। बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका डाक्टरहरूले २००५ अप्रिलदेखि २००८ सेप्टेम्बरसम्मका साढे तीन वर्षमा त्यस प्रतिष्ठानको अस्पतालमा भर्ना भएका ७० जना बिरामीहरूको अध्ययन गरेर के निष्कर्ष निकालेका छन् भने गर्भपतनलाई वैध बनाइएको भए पनि असुरक्षित गर्भपतन अझै पनि ठूलो स्वास्थ्य र सामाजिक समस्याका रूपमा रहिरहेको छ । एम. सी. रेग्मी लगायतका ६ जना डाक्टरहरूले तयार पारेको र *जर्नल अफ नेपाल मेडिकल एसोसिएसन* को जनवरी-मार्च २०१० को अंकमा प्रकाशित लेखमा यस विषयसँग सम्बन्धित गम्भीर कुरा उठाइएका छन् । ती हुन् :

- घर, अस्पताल, निजी क्लिनिक र स्वास्थ्य चौकीमा असुरक्षित गर्भपतन गराइँदो रहेछ। अर्थात्, सुरक्षित गर्भपतन गराउने सेवा या त पुगेको छैन या उपयोग गरिंदो रहेनछ।
- अधिकांश गर्भपतन यस काममा अदक्ष स्वास्थ्यकर्मीहरूले गराउँदा रहेछन्। अर्थात, उनीहरू गर्न नहुने काम गर्दा रहेछन्।
- गर्भधारण गर्ने इच्छा नभएकाले गर्दा गर्भपतन गराइँदो रहेछ। अर्थात्, गर्भ रहन नदिनका लागि अपनाउनुपर्ने सजिला र सुरक्षित उपाय अपनाइँदो रहेनछ।
- गर्भपतन गराउनका लागि योनीमा लौरा, हाँगाबिंगा हालिंदो रहेछ, हानिकारक औषधी खाइँदो/लाइँदो रहेछ। अर्थात्, गर्भपतनका नाममा क्रूर यातना दिइँदो रहेछ।
- असुरक्षित गर्भपतन गराइसकेपछि उपचारका लागि भर्ना भएका बिरामीमध्ये आधाभन्दा बढी गम्भीर अवस्थामा हुँदारहेछन्। उनीहरूले सरदर साढे सात दिन अस्पतालमा बस्नुपर्दोरहेछ। गम्भीर बिरामीले त ४८ दिन सम्म अस्पताल बस्नु परेछ। अर्थात्, बिरामी र उनका आफन्तको धेरै समय र पैसा खर्च हुँदोरहेछ।
- झण्डै एकतिहाइलाई आईसीयूमा राख्नुपर्दोरहेछ। अर्थात्, अस्पतालमाथि थप बोझ पर्दो रहेछ।
- ७० मध्ये आठ जनालाई बचाउन सकिएनछ। चार जनालाई उनीहरूका आफन्तले जबरजस्ती अस्पतालबाट अन्त लगेछन्। उनीहरूको अवस्था गम्भीर भएकाले डाक्टरहरूलाई उनीहरू पनि मरे होलान् भन्ने लागेको थियो। अर्थात्, अनाहकमा ज्यान गुमाउनु पर्दोरहेछ।

अरू अध्ययनले के देखाएका छन् भने नेपालमा गर्भपतनलाई गर्भनिरोधका साधनको विकल्पका रूपमा पनि अपनाउने गरिएको छ। यो महिलाको स्वास्थ्यमा गम्भीर खतरा हो किनभने जतिसुकै सुरक्षित गर्भपतन गराए पनि त्यसबाट मानसिक र पछि चाहेका बेलामा गर्भ नरहनेसम्मका शारीरिक असर पर्छन्।

त ।

यी सबै कुराबाट के प्रष्ट हुन्छ भने नयाँ कानूनी व्यवस्थाले गर्भपतनसँग सम्बन्धित समस्याको एउटा पाटो मात्र हल गरेको रहेछ। बाँकी धेरै पाटा जस्ताको तस्तै रहेछन्। अर्थात् हामीले यस विषयमा रिपोर्टिङ गर्नुपर्ने धेरै काम बाँकी नै रहेछन्।

त्यसो भए कुनै बेला गम्भीरतापूर्वक उठाएको यस विषयलाई हामीले किन चटक्कै बिर्सियौं ? जवाफ सोभो छ– त्यतिबेला हामीले यस विषयमा हाम्रा विवेकले कुरा उठाएका रहेनछौं । यस विषयमा काम गरिरहेका गैरसरकारी संस्थाहरू ठूलठूलो स्वरमा कराएपछि हामी त्यसको पछिपछि लागेका मात्र रहेछौं । ती गैरसरकारी संस्थाहरू शहरका, शिक्षित र कुलीन मानिसले चलाएका थिए। गर्भपतन वैध हुने बित्तिकै र शहरमा गर्भपतन गराउने सुविधा पाइने बित्तिकै उनीहरूका समस्या समाधान भए। त्यसैले उनीहरू यस विषयमा चुप लागे। गर्भपतनका मामलामा अहिले पनि दु:ख पाइरहेका मानिसहरूको गैरसरकारी संस्था छैन । उनीहरू यस बारेमा त्यति बोल्न सक्दैनन् जति शहरका, शिक्षित र कुलीन मानिसहरू बोल्न सक्छन्। त्यसो हुनाले हामीले गर्भपतनसँग सम्बन्धित धेरै समस्या अहिले पनि छन् भन्ने कुरा थाहै पाएनौं।

गैरसरकारी संस्था भनेका आफूलाई मन लागेका र मर्का परेका निश्चित विषयमा काम गर्ने संस्था हुन् । तिनले उठाएका जायज कुरालाई ठाउँ दिनु सञ्चारमाध्यमको काम हो तर तिनको कार्यसूचीमा मात्र सीमित हुँदा यस्तो अवस्था आउँछ। यस्तो अवस्था आउनु हुँदैन। त्यसका लागि, धेरै मानिसले भोगिरहेका समस्याका बारेमा समाजको ध्यान तान्नका लागि सबैभन्दा पहिले पत्रकारले त्यस्ता विषयमा ध्यान दिनुपर्छ। यो काम दैनिक रिपोर्टिङमा लागेका पत्रकारले भन्दा खोज पत्रकारिता गर्ने पत्रकारले राम्रोसँग गर्न सक्छन्। अर्थात्, समाजले ध्यान नदिएका विषयमा ध्यान तान्नका लागि पनि खोज पत्रकारिता गर्नु आवश्यक छ।

**मोहन मैनाली**

# १. खोज पत्रकारिताको अवधारणा

पत्रकारिताको परम्परागत मान्यतामा खोज पत्रकारिता भनेर कुनै विशेष विधा छुट्याइएको छैन । पत्रकारिता भनेकै खोजको परिणाम हो । समाचार भनेकै खोजको प्रतिफल हो । सबैले थाहा पाएका कुराबाट नयाँ र रुचिकर समाचार बन्दैन। अखबारमा छापिने, टेलिभिजन र रेडियोले प्रसारण गर्ने विज्ञापन बाहेकका सामग्री तयार गर्न विशेष किसिमले खोज गर्नैपर्छ । अर्थात् परम्परागत मान्यता अनुसार, सबै रिपोर्टर खोजकर्ता हुन्। उनीहरूले तयार गरेका सामग्री खोजपूर्ण वस्तु हुन् । खोज गरेर लेखिएको राम्रो समाचार नै खोज पत्रकारिताको उपज हो । पत्रकारिता भन्ने बित्तिकै खोजपूर्ण हुन्छ, त्यसलाई खोज शब्दको पगरी भिराइराख्नुपर्दैन ।

पत्रकारिताको परम्परागत परिभाषाले पत्रकारितालाई खोजको उपलब्धि मानेको भएता पनि यसले हाल प्रचलनमा आएको खोज पत्रकारिताको व्याख्या गर्न सकेको छैन ।

अहिलेको मान्यता अनुसार खोज पत्रकारितालाई पत्रकारिताको एक विशेष र महत्त्वपूर्ण विधा मानिएको छ। खोज पत्रकारले समान्य बिट रिपोर्टरले भन्दा बढी अनुसन्धान गर्नुपर्छ, खोजी गर्नुपर्छ। उसले विषयसँग सम्बन्धित बढीभन्दा बढी मानिसहरूसँग कुराकानी गर्छ । एउटा स्रोतबाट प्राप्त जानकारी सही हो कि होइन भनेर दुई वा दुईभन्दा बढी स्रोतसँग जाँच्छ। घटना/प्रक्रिया आफैंले अवलोकन गर्छ। एउटा समाचारमा समेटिनेभन्दा बढी जानकारी खोतल्छ, जम्मा गर्छ।

यसरी, सामान्य रिपोर्टिङभन्दा बढी मिहिनेत पर्ने र बढी गहकिलो हुन जाने हुनाले यो सामान्य रिपोर्टिङभन्दा फरक छ ।

जोन उल्मान र ज्यान कोल्बर्टका अनुसार, कसैले लुकाउन चाहेको सार्वजनिक महत्त्वको विषयलाई पत्रकारले आफ्नै सक्रियतामा उदाङ्गो पार्नु नै खोज पत्रकारिता हो । उनीहरूका अनुसार खोज पत्रकारिता हुन तीनवटा आधारभूत तत्व हुनुपर्छ :

क. मौलिक अनुसन्धान हुनुपर्छ। अरू कसैले गरेको अनुसन्धानबाट प्राप्त जानकारीमा मात्र भर परेर सामग्री तयार गर्नु खोज पत्रकारिता होइन ।

ख. खोजी गरिएको विषय सार्वजनिक महत्त्वको हुनुपर्छ । महत्त्वहीन विषयमा जति धेरै मिहिनेत गरेर सामग्री तयार गरे पनि त्यसलाई खोज पत्रकारिता मानिदैन ।

ग. पत्रकारले कसैले लुकाएको वा लुकाउन चाहेको जानकारी सतहमा ल्याइदिनुपर्छ ।[१]

यस पुस्तकको भूमिकामा डा. भक्तमान श्रेष्ठको अपहरण काण्डका बारेमा अनुसन्धान गरिरहेका एसपी शेरबहादुर बस्नेतसँगको कुराकानीका बारेमा उल्लेख गरिएको छ । उनीसँग कुराकानी गरेर *जनआस्था साप्ताहिक* ले नयाँ कुरा प्रकाशित गरेको छ। सामान्य पत्रकारले गर्ने काम यति नै हो । तर खोज पत्रकार यतिमा सीमित भएर बस्दैन । उसले यो खोजमूलक स्टोरीको विषय हुनसक्छ कि भनेर थप कुरा खोज्छ । न्यायाधीशहरूले नियम मिचेर अपराधीहरूलाई छाडेका रहेछन् कि भनेर हेर्न थाल्छ । मुद्दाको सुरुआतदेखि जिल्ला प्रशासन कार्यालय, काठमाडौंले तोकेको सजाय अनि पुनरावेदन अदालतको फैसलासम्मका सबै कागजपत्र हेर्छ । यस मुद्दामा अनुसन्धान गर्ने प्रहरी, मुद्दा दायर

---

[१] Ullmann, John and Jan Calbert, *The Reporters's Hand book: An Investigator's Guide to Documents and Techniques*, St. Martin's Press, New York; 1983.

गर्ने सरकारी वकिल र स्वतन्त्र वकिलसँग कुराकानी गर्छ। शंकास्पद खालका फैसला गर्ने न्यायाधीशका आर्थिक तथा अन्य गतिविधिका बारेमा जानकारी बटुल्छ र यस विषयसँग सम्बन्धित सबै प्रश्नको जवाफ आफ्ना पाठक/श्रोता/दर्शक समक्ष प्रस्तुत गर्छ । सामान्य पत्रकारिता र खोज पत्रकारिताका बीचमा यही नै मूल अन्तर छ।

पहिले पहिले खोज पत्रकारिताले कसैले लुकाउन खोजेको कुरातिर मात्र ध्यान दिन्छ भनिन्थ्यो । तर यो सोचाइ पनि पुरानो भइसकेको छ । खोज पत्रकारको कार्यक्षेत्र त्यतिमा मात्र सीमित रहेको छैन । "बितेका वर्षहरूमा खोज पत्रकारिताको परिभाषामा परिवर्तन र विस्तार भएको छ। यसले समाज र न्यायप्रणाली दुर्गतितिर गइरहेको विषयका साथै त्यसबाट परेको असरलाई उदाङ्गो पार्ने र विश्लेषण गर्ने काम पनि गर्छ।"[२]

यस पुस्तकको भूमिकामै उल्लेख भएको गर्भपतनको विषयलाई कसैले लुकाउन खोजेको नहुन सक्छ। यसबाट कसैले प्रत्यक्ष रूपमा लाभ नपाएको हुनसक्छ (पाएको पनि हुनसक्छ)। राम्रो काम गर्न खोज्दा खोज्दै पनि समाजमा ठूलो क्षति भइरहेको र मानिसको ध्यान नपुगेका यस्ता समस्याका बारेमा मानिसले थाहा नपाएका कुरा खोतल्नु र तिनको असर देखाइदिनु पनि खोज पत्रकारिता हो।

उल्मान र कोल्बर्टका अनुसार खोज पत्रकारले पनि सामान्य समाचार संकलन गर्ने पत्रकारले खोज्ने प्रश्नहरू (को, कहाँ, के, कहिले, किन, कसरी आदि) कै जवाफ खोज्छ । तर उसले आफूले उत्तर खोजेका विषयमा जान्नुपर्ने सबै कुरा बुझ्छ र त्यसलाई आकर्षक, रचनात्मक पाराले प्रस्तुत गर्छ।

खोज पत्रकारिता गर्दा जानकारी बटुल्ने प्रक्रिया सामान्य पत्रकारिता गर्दा जानकारी बटुल्ने प्रक्रियाभन्दा फरक हुन्छ। खोज पत्रकारिता गहन र दीर्घकालीन अनुसन्धान हो, जसमा पत्रकारले विषयसँग सम्बन्धित

---

[२] Huston Brant, The *Investigative Reporters's Handbook: The Guide to Documents, Databases and Techniques,* Fifth Edition, Investigative Reporters and Editors, Inc., New York, 2009.

कागजातको विस्तृत अध्ययन गर्छ । खोज रिपोर्टिङ गर्दा पत्रकारले धेरै मानिसहरूसँग कुराकानी गर्छ– जानकारी बटुल्न, बटुलिएका जानकारी सही वा गलत के हुन् भन्ने कुरा हेर्न, विषयसँग सम्बन्धित मानिसहरूको भावना, अनुभूति र भनाइ बुझ्न ।

"खोज पत्रकारले, जतिसुकै विश्वसनीय भए पनि एउटै मात्र स्रोतलाई सूचनाको आधार मान्दैन । आफूले गहिराइमा पुगेर शुरूदेखि अन्त्यसम्म अनुसन्धान नगरिकन तयार गरेको स्टोरीको सिरानमा आत्मसम्मान भएको कुनै पनि रिपोर्टरले आफ्नो नाम टाँस्दैन", भारतको *आउटलुक* पत्रिकाका सम्पादक विनोद मेहताले भनेका छन् । यसले खोजमूलक रिपोर्टिङ र सामान्य रिपोर्टिङ तयार गर्ने प्रक्रियाका बीचको अन्तर प्रष्ट पार्छ ।

खोज पत्रकारले सञ्चारमाध्यमले पहरेदारको भूमिका निर्वाह गर्नुपर्छ भन्ने विश्वास लिएको हुन्छ । यस्तैगरी, खोज पत्रकारिताले शक्तिवाला संस्था, त्यस्ता संस्थामा बसेका मान्छे जिम्मेवार हुनुपर्छ भन्ने विश्वास लिएर उनीहरूलाई त्यसै अनुरूप व्यवहार गर्न बाध्य बनाउँछ ।

खोज पत्रकारितालाई आफ्नो लक्ष्यमा दृढ पत्रकारिता पनि भनिन्छ। खोज पत्रकारलाई आफूले खोजी गरेर तयार गरेको सामग्रीले गलत परम्परामा परिवर्तन ल्याउन सक्छ, गलत नीति तथा ऐन, कानून संशोधन गराउन सक्छ र मानिसका गलत व्यवहार फेरबदल गर्न सक्छ भन्ने कुरामा दृढ विश्वास हुन्छ ।

अवधारणाका हिसाबले भन्ने हो भने खोज पत्रकार आफ्नो काममा प्रतिबद्ध हुन्छ। खोज पत्रकारिता गर्नेले धैर्य लिनैपर्छ। खोज पत्रकार जहिले पनि सतर्क रहनुपर्छ। निष्पक्ष हुनु उसको पहिलो कर्तव्य हो। भनिन्छ, गल्तीले कसैलाई अपराधी भन्ने पत्रकारले आफ्नो नाम र पेशा फेरे हुन्छ। पूर्वाग्रह त्याग्नु खोज पत्रकारको अर्को आवश्यक गुण हो। खोज पत्रकार साहसी हुनैपर्छ ।

लामो समयसम्म लगातार सामग्री संकलन गर्नु, संकलन भएका सामग्री सत्य हुन् वा होइनन् भनेर जाँच गर्नु र त्यसपछि प्रस्तुति

गर्ने क्रममा पटक पटक मस्यौदा गर्नु खोज पत्रकारिताका न्यूनतम आधारभूत काम हुन् । यी सामान्यत: रमाइलो लाग्ने काम होइनन् । तर पनि धेरै पत्रकार खोज पत्रकारिता गर्न चाहन्छन् । मिहिनेत गर्दा अलग्गै रमाइलो हुन्छ जुन निम्न बमोजिम छन् :

१. पत्रकारले पहरेदारको भूमिका पूर्णत: निर्वाह गर्न पाउँछ ।
२. पत्रकार घटनामा आधारित समाचारमा जस्तो लेखनको कुनै निश्चित र संकुचित शैलीभित्र बाँधिनुपर्दैन । उसले आफ्नो सिर्जनात्मक क्षमताको पनि प्रयोग गर्न पाउँछ ।
३. पत्रकारले खोजी गरेर सामग्री तयार गर्दा पाठक, दर्शक तथा श्रोता र समाजको स्याबासी पाउँछ ।
४. पत्रकारले बिग्रन लागेको काम आफ्नो रिपोर्टिङमार्फत सपारेकोमा सन्तुष्टि लिन पाउँछ ।
५. चुनौती यसको अर्को विशेषता हो ।

**अभ्यास**

हालसालै प्रकाशित/प्रसारित कुनै एउटा यस्तो समाचार छान्नुहोस् जसमा रिपोर्टरले सामान्य जानकारी त बटुलेको छ तर थुप्रै महत्त्वपूर्ण जानकारी छुटाएको छ । त्यस विषयमा खोज पत्रकारले के के कुरा खोज्नु पर्ला ? यसको सूची तयार गर्नुहोस् ।

# २. विषय छनोट

***द्वन्द्वका क्रममा मरेका व्यक्तिमध्ये करीब ३,५०० जनाका हकदार रु.१ लाखका दरले पाउने राहत रकम लिन हालसम्म पनि आएका छैनन् । यसबारेमा रेडियो, टेलिभिजन, परिपत्र लगायतबाट व्यापक प्रचार गरिए पनि ठोस प्रगति हुनसकेको छैन ।***

नेपाल सरकारको शान्ति तथा पुनर्निर्माण मन्त्रालयले २०६८ सालको अन्त्यतिरका हरेक महीनामा गर्ने पत्रकार सम्मेलनमा बाँडिएको प्रेस विज्ञप्तिको पुछारमा धेरै महीनासम्म माथिको कुरा लेखिएको थियो। धेरै रिपोर्टरले आफ्ना रिपोर्टमा यसभन्दा माथिका कुरा राखे। यस कुरातिर ध्यान दिएनन्।

एकछिन माथि भनिएको कुरामा ध्यान दिऊँ र त्यससँग सम्बन्धित केही कुरा सोधौं अनि तिनका जवाफको अनुमान गरौं।

**प्रश्न** : ती मानिस एक लाख रुपैयाँ लिन किन नआएका होलान् ?

**अनुमान** १ : ती मानिसले थाहै पाएनन्।

**वास्तविकता** : ती मानिसहरूले थाहा पाउन् भनेर नेपालका कुना कुनासम्म 'व्यापक प्रचार' गरिएको छ। यस्तो कुरा थाहा नपाउने कोही मान्छे बाँकी होला र ?

**अनुमान** २ : ती मानिसले सरकारले दिने पैसालाई अर्काको रकम ठाने र अरूको रकम लिन चाहेनन्।

**वास्तविकता** : इमानदार मान्छे दिनदिनै घट्दै गएको नेपालमा

३,५०० जना यस्ता महान् मानिस बाँकी छन् ? छन् भने तिनका बारेमा स्टोरी गर्न मिल्दैन ?

**अनुमान ३** : मर्दै नमरेका मानिसलाई मरेका भनी नाम लेखाइएको थियो । त्यसैले, हुँदै नभएका मान्छेका परिवार कहाँबाट आउनु र ?

**वास्तविकता** : युद्धका बेलामा मरेका मानिसको विवरण लिनका लागि सरकारले सबै राजनीतिक दलका मानिस भएको उच्चस्तरीय आयोग बनाएको थियो । त्यस आयोगले धेरै मिहिनेत र पैसा खर्च गरेर युद्धमा मारिएका मानिसको नाम संकलन गरेको थियो । त्यसले यस्तो गल्ती गरेको हुनसक्छ र ?

यी प्रश्नको चित्तबुझ्दो जवाफ खोजी गर्ने हो भने यसले हामीलाई स्टोरी गर्नका लागि विषय भएका ठाउँमा पुऱ्याउन सक्छ ।

यस पुस्तकको भूमिकामा उल्लेख भएको एसपी शेरबहादुर बस्नेतको अन्तर्वार्ताको अंश तपाईंले पढ्नुभयो । त्यहाँ उनले भनेका छन्– पुनरावेदन अदालतका न्यायाधीशहरूले अपराधीलाई छाड्न घुस खाएका रहेछन् । ती न्यायाधीशलाई दिएको घुसको पैसा असुल उपर गर्न उनीहरूले डा. भक्तमानको अपहरण गरेका रहेछन् ।

यसबाट अदालतमा गलत काम भइरहेको रहेछ भन्ने कुराको अन्दाज पाइयो । तर यही कुरालाई अन्तिम सत्य मान्नुहुँदैन । किनभने यो कुरा ती प्रहरीले आफूले पक्राउ गरेका मानिसका बयानका आधारमा भनेका हुनसक्छन् । पक्राउ परेको मान्छेले भनेको कुरा सोह्रै आना गलत पनि हुनसक्छ । अहिलेलाई न्यायाधीशहरूले यस मामलामा घुस खाएछन् कि क्या हो मात्र भनौं ।

यो रिपोर्टिङका लागि विषयको संकेत हो । यस्तो संकेत वा अन्दाज खोजमूलक (र अरू खालका पनि) स्टोरीको थालनी हो ।

धेरैभन्दा धेरै प्रकाशन पढ्यो भने, विभिन्न क्षेत्रका धेरैभन्दा धेरै मानिससँग कुराकानी गऱ्यो भने र धेरैभन्दा धेरै घटना/स्थान अवलोकन गऱ्यो भने धेरैभन्दा धेरै संकेत वा अन्दाज पाउन सकिन्छ । तीमध्ये केही मात्र खोजमूलक स्टोरी गर्न लायक भए भने पुग्छ ।

## २.१ अध्ययन

के पढ्ने ? जे पनि पढ्ने !

त्यसमाथि पनि पत्रपत्रिका, प्रतिवेदन र विशिष्ट प्रकाशनहरूको अध्ययन विशेष उपयोगी हुन सक्छ ।

### २.१.१ पत्रपत्रिका

पत्रपत्रिकामा प्रकाशित कुरा हामी जस्तै पत्रकारले लेख्छन् । त्यहाँ लेखिएका कुरा सबैले पढ्न पाउँछन् । तैपनि, तिनले हामीलाई खोजमूलक स्टोरीका लागि संकेत वा अन्दाज दिन सक्छन् । तिनले थोरै प्रश्नको जवाफ मात्र खोजेका हुनसक्छन् । त्यस्ता सामग्री पढ्दा हाम्रा मनमा धेरै प्रश्न उब्जन्छन् । अर्थात् खोज पत्रकारले पत्रपत्रिकामा प्रकाशित जानकारीले उठाएका प्रश्नको जवाफ खोज्न लाग्नुपर्छ । त्यसो गर्दा खोजमूलक स्टोरीका लागि संकेत वा अन्दाज मिल्छ ।

जनआस्था साप्ताहिकमा छापिएको एसपी शेरबहादुर बस्नेतको अन्तर्वार्ताले खोज पत्रकारलाई एउटा विषयको संकेत गर्छ । यहाँ एउटै मात्र सामग्रीले विषयको संकेत गरेको छ तर धेरैजसो अवस्थामा एउटै मात्र सामग्रीले विषयको संकेत नदिन सक्छ । त्यसका लागि, विभिन्न समयमा छापिएका विभिन्न ठाउँका जानकारीका टुक्रालाई एक ठाउँमा मिलाउनुपर्छ । अनि मात्र संकेत पाइन्छ ।

**जस्तै** : २०५८ साल फागुन १४ गते नेपालका सबै दैनिक पत्रिकामा एउटै विषयको मुख्य समाचार छापियो । त्यसले भनेको थियो– अछामको मंगलसेनमा आक्रमण गरेर भागेका माओवादीलाई सेनाले कालीकोट जिल्लाको कोडबाडामा बन्दै गरेको विमानस्थलमा माऱ्यो ।

यसबाट विषयको के अन्दाज मिल्नु र ? मिलेन ।

२०५८ साल मंसीरमा देशभर संकटकाल लागेपछि खोज पत्रकारिता केन्द्रका सम्पादकले धेरै मानिस मारिएका घटना र त्यससँग सम्बन्धित अन्य समाचारलाई नजिकबाट नियाल्न थाले । यसै क्रममा माथिको समाचार छापिएको केही समय पछि *नेपाल समाचारपत्र* का धादिङ संवाददाताले पठाएको एउटा समाचार छापियो । त्यसमा भनिएको

थियो– धादिङका १७ जना मानिस कोटबाडामा काम गर्न गएका थिए। ती कामदार मारिएको आशंका छ।

यसले खोज पत्रकारिता केन्द्रका सम्पादकलाई अलिकति झस्कायो। माओवादी भनेर जो मानिस मारिए ती माओवादी नभएर निरस्त्र कामदार पो रहेछन् कि क्या हो!

यसै बेला *गोरखापत्र* दैनिकले भित्री पेजमा एउटा समाचार छाप्यो जसका केही वाक्यले माथिको आशंकालाई अझ बढी सत्य हो कि भन्ने बनायो। सो समाचार प्रतिनिधिसभामा कसले के बोल्यो भन्ने कुरामा आधारित थियो। त्यसमा धादिङ र कालीकोटका दुई जना सांसद्ले यस्तो कुरा गरे भन्ने थियो- कोटबाडामा मारिएकामध्ये माओवादी कोही पनि थिएनन्। मारिनेहरूमा धादिङ र अरू केही जिल्लाबाट विमानस्थल बनाउन त्यहाँ गएका ठेकेदार, कामदार र त्यहींका गाउँले थिए।

यी तीनवटा समाचारका जानकारीलाई एक ठाउँमा मिलाउँदा त्यसले एउटा गलत काम भएको रहेछ कि क्या हो भन्ने कुराको संकेत गर्‍यो। यस संकेतका पछि लाग्दै जाँदा *मृत्युभन्दा कठोर सजाय* शीर्षकको लामो स्टोरी तयार भयो। *हिमाल खबरपत्रिका* को २०५८ साउन १-१५ को अंकमा प्रकाशित त्यस स्टोरीले त्यतिबेला निकै उथलपुथल मच्चाएको थियो।

पत्रपत्रिकामा छापिने समाचार मात्र होइन, विज्ञापन पनि यस मामलामा उपयोगी हुनसक्छ। केही समय पहिलेको कुरा हो। बारा जिल्लाको कुनै एउटा उद्योगले आफ्ना महाप्रबन्धकलाई उनले लिएको पेस्की फर्स्योट गर्न *गोरखापत्र* दैनिकमा सूचना छपाएछ। महाप्रबन्धक पनि कम रहेनछन्। *गोरखापत्र* मै विज्ञापन छपाएर पेस्की फर्स्योट गरेछन्। त्यसको एउटा शीर्षकको व्यहोरा यस्तो थियो– महाप्रबन्धकका नातेदार भारतीय नागरिकका नाममा बारा जिल्ला प्रशासन कार्यालयबाट नेपाली नागरिकताको प्रमाणपत्र लिंदा लागेको खर्च। यसले एउटा स्टोरीको संकेत गर्‍यो जसका आधारमा *हिमाल खबरपत्रिका* मा लामो रिपोर्ट छापियो।

## २.१.२ **प्रतिवेदन** (**प्रकाशित अथवा अप्रकाशित**)

अरू पत्रकार जस्तै नेपालगञ्जका पत्रकार कृष्ण अधिकारी पनि भेरी अञ्चल यातायात व्यवसायी संघको वार्षिक साधारण सभाको उद्घाटन सत्रमा निम्त्याइएका रहेछन् । उद्घाटन सकिएपछि कृष्णले बन्द सत्रमा जान लागेका एकजना सहभागीले बोकेको फाइल हेर्न खोजेछन् । 'मलाई यसको के काम र !' भन्दै ती सहभागीले कृष्णलाई फाइलै जिम्मा लगाइदिएछन् । त्यसभित्र, बन्द सत्रमा छलफल गर्नका लागि राखिएको आन्तरिक लेखापरीक्षकको प्रतिवेदन रहेछ । सुझाव शीर्षकमा त्यसमा यस्तो खालको व्यहोरा लेखिएको रहेछ– "न्यायाधीश, सरकारी वकिल जस्ता न्यायिक तथा सम्मानित पदमा पदासीन व्यक्तिलाई स्पष्ट रूपमा रिश्वत प्रदान गरेको भन्ने उल्लेख गरेको देखिएकाले उक्त भाषा र रिश्वत दिने परिपाटीमा सुधार गर्न गराउन सुझाव दिइएको छ ।"

साधारण सभा सकिएपछि भेरी अञ्चल यातायात व्यवसायी संघको कार्यालयका लेखापालकहाँ गएर कृष्णले माथिको व्यहोरासँग सम्बन्धित भौचर हेरे । भौचरमा लेखिए अनुसार, बाग्लुङबाट नेपालगञ्ज जान लागेको एउटा गाडी कास्कीमा दुर्घटना भएछ । चालक समातिएछन् । सो घुस तिनलाई छुटाउनका लागि दिइएको रहेछ । यसबाट उनले अदालतमा नहुने कुरा भइरहेको अन्दाज पाए र एउटा सानो तर चोटिलो सामग्री तयार गरे ।

सरकारी निकायले गरेका पत्राचार, तल्लो निकायले माथिल्लो निकायलाई पठाएका प्रतिवेदन आदिले पनि स्टोरीका लागि संकेत दिन सक्छन् ।

आम मानिसका तर्फबाट खबरदारी गर्नका लागि खडा भएका अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय जस्ता निकायका प्रतिवेदनले पनि स्टोरीका लागि संकेत दिन सक्छन् ।

### २.१.३ विशिष्ट प्रकाशन

हाम्रो समाजमा पनि विभिन्न पेशाका मानिसहरू छन् । उनीहरूले आफ्ना क्षेत्रका समस्या, उपलब्धि, आफूले भोगिरहेका समस्या, तिनको समाधानका लागि भएका प्रयास आदिका बारेमा लेखेर जर्नल, बुलेटिन आदि छाप्ने गरेका छन् । त्यस्ता जर्नल प्रकाशित भए पनि ती आम मानिसले पढ्दैनन् । त्यसैले, त्यहाँ भएका जानकारी आम मानिसका लागि नौला हुनसक्छन् । अर्थात् हामीले त्यहाँ नयाँ जानकारी पाउन सक्छौं । डाक्टरहरूको संस्थाले निकाल्ने *जर्नल अफ नेपाल मेडिकल एसोसिएसन,* कानून व्यवसायीहरूले निकाल्ने *कानून* लगायत र नेपाल प्रहरीले निकाल्ने *प्रहरी* यस्तै विशिष्ट प्रकाशन हुन् जसले हामीलाई स्टोरीका लागि नयाँ विषय दिन सक्छन् ।

## २.२ कुराकानी

कोसँग गर्ने ? जोसँग पनि ।

मानिस स्टोरीको संकेत अथवा विषयका ठूला र महत्त्वपूर्ण स्रोत हुन् । भिन्न शैक्षिक, सामाजिक, आर्थिक, भौगोलिक पृष्ठभूमि र भिन्न पेशा भएका मानिसले भिन्न भिन्न परिस्थिति र कठिनाइ भोगेका हुन्छन् । उनीहरूसँग कुराकानी गर्दा स्टोरीका लागि संकेत मिल्छ ।

तीमध्ये पनि भुक्तभोगी, अनुसन्धानकर्ता र पहरेदारसँग कुराकानी गर्नु विशेष उपयोगी हुन सक्छ ।

### २.२.१ भुक्तभोगी

विभिन्न समस्या भोगेका मानिससँग कुराकानी गर्दा समाजमा के कस्ता काम भइरहेका छन् भन्ने कुरा थाहा हुन्छ । त्यसका आधारमा स्टोरीका लागि विषय छान्न सकिन्छ ।

निकै पहिले नेपाल वातावरण पत्रकार समूहले हेटौंडामा पत्रकारहरूका लागि तालिम चलाएको थियो । वातावरणीय समस्याका बारेमा स्थलगत अध्ययन गर्नका लागि हेटौंडा सिमेन्ट कारखानाले गरेको वातावरणीय विनाशको विषय छानिएको थियो । त्यस विषयमा

कारखानाका अधिकारीहरूसँग कुराकानी गर्दा उनीहरूले आफू त्योभन्दा ठूलो अर्कै समस्याबाट तर्सिएको बताए । उपयोग गर्ने म्याद नाघेका ५० मेट्रिक टनभन्दा बढी अति विषालु विषादी त्यस कारखानाको सिमेन्ट बनाउने भट्टीमा डढाएर नष्ट गर्न लागिएको रहेछ । त्यसका लागि आवश्यक पर्ने केही सामग्री त्यहाँ पुऱ्याइसकिएको पनि रहेछ । यस जानकारीले निकै खतरनाक कामका बारेमा स्टोरी खोज्ने बाटो देखायो । पत्रकारहरूले रिपोर्टिङ गरेपछि यस विषयमा देशविदेशमा सन्सनी फैलियो। अन्ततः मानिस र वातावरणका लागि धेरै खतरनाक भएको भनी त्यस काममा रोक लगाइयो ।

### २.२.२ **अनुसन्धानकर्ता**

अनुसन्धानकर्ताले कुनै विषयलाई धेरै समय लगाएर नजिकबाट हेरिरहेका हुनसक्छन् । कुनै विषयमा नयाँ नीति अथवा कार्यक्रम आयो भने त्यसका के कस्ता असर पर्छन् भन्ने कुरा पनि उनीहरूलाई थाहा हुन्छ । त्यसैले अनुसन्धानकर्तासँग कुराकानी गर्दा पनि दूरगामी महत्त्वका विषय फेला पर्छन् ।

### २.२.३ **पहरेदार**

आम मानिसका तर्फबाट समाजमा भएका गलत काममाथि निगरानी राख्नका लागि सरकारी अथवा गैरसरकारी क्षेत्रमा विभिन्न संस्थाका मानिसहरू काम गरिरहेका छन्। उदाहरणका लागि, मानिसले खानेकुरामा अखाद्य वस्तु वा खानै नहुने कुरा मिसाएका छन् कि भनी पहरेदारी गर्ने काम खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले गरिरहेको छ । औषधिमा यस्तै कैफियत भएको छ कि भनी हेर्नका लागि औषधि व्यवस्था विभाग काम गर्दैछ। यी क्षेत्रमा भइरहेका राम्रा नराम्रा कामका बारेमा ती विभागका मानिसलाई जति कुरा अरूलाई थाहा हुँदैन । उनीहरूसँग कुराकानी गर्दा स्टोरीका संकेत पाउन सक्छौं ।

नियम/कानून कार्यान्वयन गर्ने, राजस्व उठाउने, स्वास्थ्य, शिक्षा, खानेपानी, सार्वजनिक यातायात जस्ता सेवा प्रदान गर्ने संस्थाका मानिसलाई

पनि आफ्नो क्षेत्रमा भइरहेका कामका बारेमा थाहा हुन्छ । ती क्षेत्रका बारेमा सामान्य कुरा थाहा पाउनका लागि कुराकानी गर्ने क्रममा धेरैवटा विषय पत्ता लाग्न सक्छन् । ती क्षेत्रमा लामो समयसम्म काम गरेका अवकाशप्राप्त मानिसले पनि धेरै कुरा बताउन सक्छन् ।

अर्थात् जुन जुन क्षेत्रमा जो जो मानिसले काम गरिरहेका छन्, ती सबैसँग कुराकानी गरेका खण्डमा केही न केही विषय मिल्छन् जसका बारेमा राम्रो खोजमूलक रिपोर्ट बनाउन सकिन्छ । एउटा के कुरा सधैंभरि ख्याल राख्नुपर्छ भने कहिलेकाहीं एउटा क्षेत्रमा काम गरिरहेका मानिसले अर्कै क्षेत्रको समस्याका बारेमा पनि बताउन सक्छन् ।

उदाहरणका लागि, पूर्वी नेपालको एउटा बजारोन्मुख गाउँमा ग्रामीण खानेपानी योजना बनेछ । त्यसले गाउँलेलाई पानी बाँड्न थालेपछि एकजना मिटर रिडर नियुक्त गरेछ जसको काम हरेक महीना उपभोक्ताका घरघरमा गएर खानेपानीको मिटरमा कति अंक चढेको छ टिप्नु थियो। त्यसरी महीनैपिच्छे हरेक घरमा मिटर हेर्न दिउँसो आफ्ना ग्राहकका घरमा पुग्दा उसलाई अचम्म लागेछ– गाउँका अधिकांश वृद्धवृद्धा बेसहारा बनेका रहेछन्। उनीहरूले मानिसले पाउनुपर्ने व्यवहार पाएका रहेनछन्। ऊसँग कुराकानी गर्दा उसले यस्तो गम्भीर सामाजिक विषयको संकेत दिन्छ जसका बारेमा स्टोरी बनाउन सकिन्छ ।

## २.३. **अवलोकन**

के अवलोकन गर्ने ? जे जे देखिन्छ सबै ।

आफ्ना आँखाले जे देख्छ, ती कुरालाई हेरेर मनन गर्ने हो भने पनि धेरै वटा विषय पाउन सकिन्छ । कुनै ठाउँमा जाँदा सडकका दुवैतिर बिजुलीका सबै खम्बा र अधिकांश भित्तामा “यहाँ विभिन्न किसिमका गुप्त रोगको उपचार गरिन्छ” भन्ने आशयका विज्ञापन देखियो भने त्यहाँ यौनरोगको निकै समस्या रहेछ कि भनेर शंका गर्न सकिन्छ ।

सुदूरपश्चिमको तराई घुम्दा हस्त गुरुङले त्यहाँ मानिसको बस्ती जंगलका बीचमा घुसेको देखे। सामान्य खालको मात्र होइन वातावरणीय दृष्टिले धेरै मूल्यवान वन पनि फँडानी भएको देखे। खोज्दै जाँदा उनले

वन फाँड्ने काममा जो पनि लागेको भेटे र त्यसका बारेमा अध्ययन गरेर *अन्तिम घना वनको अन्त्येष्टि* शीर्षकको स्टोरी बनाए ।

अर्थात्, प्रकाशित वा अप्रकाशित सामग्री पढ्दा, मानिससँग कुराकानी गर्दा र आफ्ना आँखा खोलेर हेर्दा स्टोरीका लागि विषयको संकेत पाइन्छ ।

यी सबै काम गर्दा हामीले कतै कुनै काम जसरी हुनुपर्थ्यो त्यसरी भएको छैन कि भनेर चनाखो हुनुपर्छ । कुनै काम एकदम राम्रोसँग भइरहेको रहेछ भने पनि गजबको स्टोरीको विषय त हुनसक्छ तर खोज पत्रकारिताका लागि भने त्यो स्टोरी हुँदैन । उसको काम त नहुनु पर्ने काम भइरहेका रहेछन् भने तिनलाई रोक्ने वातावरण तयार गर्नु हो । जानी जानी गरिएका भ्रष्टाचार हुन् वा नजानिकन गरिएका भ्रष्टाचार हुन् खोज पत्रकारको खोजीका विषय हुनसक्छन् । समाज फेरिँदै जाँदा वृद्धवृद्धाले दुःख पाएका छन् र समाजले त्यतातिर ध्यान दिएको छैन भने त्यस प्रकारका विषय पनि खोज पत्रकारले खोज्नुपर्ने क्षेत्र भित्र पर्छन् ।

खोज पत्रकारिताका लागि विषय थाहा पाउन कुनै काम कसरी हुनुपर्ने हो र त्यो कसरी भइरहेको छ भन्ने थाहा पाउनुपर्छ। यी दुईमध्ये एउटा मात्र कुरा थाहा पाउँदा स्टोरीका लागि विषय पाउन सकिँदैन ।

## अभ्यास

१. नेपाल मेडिकल एसोसिएसनको *जर्नल अफ नेपाल मेडिकल एसोसिएसन* (अथवा *कानून* वा *प्रहरी* पत्रिका अथवा यी सबै) का विभिन्न अंक पढ्नुस् । तिनमा कुनै अनौठा कुरा पाउनुभयो अथवा नहुनुपर्ने काम भइरहेको पाउनुभयो भने तिनका बारेमा स्टोरी बनाउनेतर्फ सोच्नुस् ।

२. कुनै क्षेत्र (औषधिको गुणस्तर, खानेकुराको गुणस्तर आदि) लाई नियालेर हेरिरहेका सरकारी अथवा गैरसरकारी मानिस/विशेषज्ञसँग उनीहरूले काम गरिरहेका विषयका बारेमा कुराकानी गर्नुहोस् । ती क्षेत्रमा हुनुपर्ने काम नभएर नहुनुपर्ने चाहिं केही काम भइरहेका छन् कि पत्ता लगाउनुहोस् ।

# ३. तयारी

## ३.१ स्टोरी निर्धारण

स्टोरीका लागि विषयको संकेत फेला पर्‍यो जस्तो लाग्ने वित्तिकै यस विषयमा स्टोरी गर्छु भनेर सम्पादकलाई सुनाउन हतार गर्नुहुँदैन । सम्पादकलाई भन्नुभन्दा पहिले आफैंले आफैंसँग धेरैवटा प्रश्न सोध्नुपर्छ। तिनको सन्तोषजनक जवाफ पाएपछि मात्र सम्पादकलाई सुनाउनुपर्छ । ती प्रश्न यस्ता हुन्छन् :

**क. तपाईंले पढेका, देखेका वा सुनेका कुरा सही हुन् ?**

कोही मानिसले 'कागले तेरो कान लग्यो' भन्यो भने आफ्नो कान नछामिकन कागका पछाडि नकुद्नू भनी नेपाली उखानले भनेको छ । पत्रकारले यो कुरा झन् बढी मात्रामा पालना गर्नुपर्छ । यसो किन भनिएको हो भने हामीले पढेका, सुनेका र देखेका कुरा पूरै झूठा हुन सक्छन् अथवा आंशिक रूपमा मात्र सही हुन सक्छन्। एउटा प्रसङ्गमा भनिएका/लेखिएका कुरा अर्को प्रसङ्गमा गलत हुन सक्छन् । कोही मानिसले अर्को मानिससँग रीस साँध्नका लागि गलत कुरा बताएका हुन सक्छन्। भन्ने र लेख्ने मान्छेका व्यक्तिगत र पेशागत स्वार्थ हुने हुनाले उनीहरूले लेखेका/भनेका कुरा पूर्वाग्रही हुन सक्छन्। भन्ने र लेख्ने मानिसको नियत खराब नभए पनि मानवीय कमजोरी (सम्झना शक्ति कमजोर हुनु आदि) ले गर्दा उनीहरूले भनेका/लेखेका कुरा गलत हुनसक्छन् । बढाइचढाइ गरिएका हुन सक्छन् ।

हाम्रो समाजमा झुटा कुरालाई सही कुरा झैं प्रस्तुत गर्ने चलन कति छ भन्ने बारेमा दुई जना भूतपूर्व प्रधानमन्त्रीका पुस्तकबाट लिइएका यी दुई वटा उदाहरण हेरौं :

जगत नेपालले तयार गरेको पुस्तक *आफ्नै कुरा* का अनुसार नेपालमा प्रधानसेनापतिले प्रधानमन्त्रीलाई ढाँट्दो रहेछ। २०५८ साल असार २८ गते रोल्पाको होलेरीमा माओवादीले ७१ जना प्रहरीलाई कब्जामा लिएर तिनका हतियार लुटेपछि ती प्रहरीलाई छुटाउने जिम्मा नेपाली सेनाले लियो। यस प्रसङ्गमा त्यतिबेलाका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भनेका छन्, "हरेक दिन सेनाले प्रधानमन्त्रीलाई 'ब्रिफ' गर्थ्यो। एउटा ठूलो नक्सा राखेर उनीहरू भन्थे सेना यहाँ पुग्यो। ...उता दाङको सीडीओको रिपोर्ट भने बेग्लै आउँथ्यो।... पछि मात्र मलाई थाहा भयो त्यहाँ कुनै बेस क्याम्प थिएन, चहलपहल थिएन। आर्मीले गलत 'ब्रिफ' गर्‍यो।" *(पेज १५९)*

सामान्यतया सेनाले प्रधानमन्त्रीलाई नढाँट्नुपर्ने हो। तर यहाँ त्यस्तो नहुनुपर्ने काम पनि हुँदोरहेछ, भएको रहेछ।

कृष्णप्रसाद भट्टराईले लेखेको पुस्तक *मेरो म* मा यस्तै भएको छ। प्रसङ्ग हेर्दा यो २०४६ साल चैत २६ गतेको घटना हुनुपर्छ। कृष्णप्रसाद, गिरिजाप्रसाद र गणेशमान दरबार गएका थिए रे! राजाले गणेशमानलाई प्रधानमन्त्री बन भने रे! गणेशमानले कृष्णप्रसादलाई बनाउनू भने रे!

"यसरी सोही दिन राति मैले राजाको हातबाट प्रधानमन्त्रीको पद र गोपनीयताको शपथ लिएको थिएँ", किसुनजीले लेखेका छन्। *(पेज ६१)*

सत्य कुरा चाहिं के हो भने गणेशमान त्यतिबेला दरबार गएकै थिएनन्। त्यस रात भन्दा धेरै पछिसम्मका रातमा नेपालमा लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री थिए।

अर्को ठाउँमा किसुनजीले भनेका छन्, "साँच्चिकै छयालीस साल वैशाखमा ठाडै थुनाबाट मलाई बोलाई राति ११ बजे प्रधानमन्त्रीको शपथ खुवाउँदा मैले झल्झली यो घटनालाई सम्झें।" *(पेज ७८-७९)*

यहाँ किसनुजीलाई विश्वास गर्ने जो कोही पनि झुटा ठहरिन्छ। सत्य कुरा चाहिं यस्तो छ: २०४६ साल वैशाखसम्म मात्र होइन त्यसपछिका ११ महीनासम्म पनि मरिचमान सिंह श्रेष्ठ नेपालका प्रधानमन्त्री थिए। २०४६ साल फागुन ७ गतेदेखि जनआन्दोलन भयो। २०४६ साल चैत २६ गते बहुदलीय व्यवस्थाको पुन:स्थापना भयो। नजरबन्दबाट मुक्त भएका किसुनजी लगायतका नेताले चैत २७ गते खुलामंचको आमसभालाई सम्बोधन गरे। २०४७ वैशाख ३ गते पञ्चायती व्यवस्थाको अन्त्य भयो। २०४७ वैशाख ६ गते किसुनजीले प्रधानमन्त्रीको शपथ ग्रहण गरे।

भनिन्छ रिपोर्टर संसारमा दोस्रो सबैभन्दा बढी झुटा कुरा सुन्नुपर्ने पेशाको मान्छे हो। त्यसैले हामीले सुनेका हरेक कुरा सही हुन् कि होइनन् भन्ने कुरा बुझ्नुपर्छ। आफूले पाएका संकेतका पक्ष र विपक्षका जानकारी बटुलेर सही कुरा के हो पत्ता लगाउनुपर्छ। त्यति गर्दा सही ठहरिएको कुरामा मात्र स्टोरी गर्नुपर्छ।

### ख. यो कति ठूलो विषय हो ?

सानोतिनो विषयमा धेरै खोज गरिराख्न पर्दैन। तिनका असर पनि सानै हुने हुनाले त्यति धेरै चिन्ता नगरे पनि हुन्छ। त्यसैले हाम्रो ध्यान अलि ठूला समस्या/ठूला विषयतिर जानुपर्छ। उदाहरणका लागि, असुरक्षित गर्भपतनले गर्दा नेपालभरमा वर्षमा ८/१० जना मानिसले मात्रै दु:ख पाएका छन् अथवा ८/१० जना मानिस मात्रै अकालमा मर्दैछन् भने यसमा हामीले उठाउने धेरै ठूलो कुरा हुँदैन। तर यो धेरै ठूलो समस्या भएको छ भने हामीले त्यसलाई उठाएर यसको समाधानका लागि पूरै समाजलाई घचघच्याउनुपर्छ। त्यसैले, समस्या अथवा विषय कति ठूलो छ त्यसका आधारमा पनि त्यस विषयमा खोजमूलक स्टोरी तयार गर्न लाग्ने कि नलाग्ने भन्ने कुराको निर्क्योल गर्नुपर्छ। जति धेरै मानिसलाई प्रत्यक्ष असर पर्छ त्यो विषयमा स्टोरी गर्न त्यति नै बढी जरुरी हुन्छ।

## ग. यो कति गम्भीर विषय हो ?

कुनै समस्याले धेरैजना मानिसलाई असर नपारेको भए पनि त्यसले पार्ने असर गम्भीर हुन्छ। राम्रो मूल्य नपाएर धेरै किसानलाई मर्का परेको विषय भन्दा दूधमा मिसावट भएर केही जनाको ज्यान गएको विषय गम्भीर हुन्छ किनभने अघिल्लो विषयमा कसैको ज्यानै त गएको हुँदैन भने पछिल्लोमा ज्यानै गएको हुन्छ। त्यस्तै, कुनै सरकारी निकायले नचाहिने मात्रामा फर्निचर खरीद गर्‍यो भने पैसा मात्र बर्बाद हुन्छ तर नचाहिने मात्रामा विषादी खरीद गर्‍यो भने पैसा त बर्बाद हुन्छ नै, ती विषादी नष्ट गर्नका लागि अर्को समस्या पनि थपिन्छ। त्यसैले, अघिल्लो भन्दा पछिल्लो विषय बढी गम्भीर हुन्छ। कुनै स्कूलका शिक्षकले तलब मात्र खाए, पढाएनन् भने त्यसले व्यक्ति र समाजमा गम्भीर असर पार्छ किनभने यसो गर्दा बालबालिका पढ्ने अवसरबाट वञ्चित हुन्छन्। कुनै विषयमा स्टोरी गर्नुभन्दा पहिले त्यस विषयले मानिसलाई पार्ने असर स्थायी छ कि क्षणिक भन्ने समेत हेर्नुपर्छ।

## घ. आफूलाई लागेका कुरा प्रमाणित गर्न सकिन्छ ?

प्रारम्भिक छानबिनबाट तपाईंलाई एउटा ठूलै अपराध भइरहेको छ भन्ने लागेको छ। खोज पत्रकारिता गर्दा हामीलाई यस्तो लागेर मात्रै पुग्दैन प्रमाण बटुलेर यस्तो भइरहेको भन्ने कुरा सबैले विश्वास गर्ने गरी प्रस्तुत गर्न सक्नुपर्छ। कुनै राजनीतिक दलका नेताले सत्तामा बसेर कति हो कति सम्पत्ति जम्मा गरेका छन् भन्ने तपाईंलाई लागेको छ भने त्यसलाई कसरी प्रमाणित गर्न सकिन्छ भनेर हेर्नुपर्छ। आफूले सक्ने सबै उपाय अपनाउँदा पनि प्रमाणित गर्न सकिँदैन भने त्यस विषयमा खोज पत्रकारिता हुँदैन। जुन बेला प्रमाणित गर्न सकिन्छ जस्तो लाग्छ त्यही बेला त्यस विषयमा स्टोरी गर्नुपर्छ।

## ङ. यो स्टोरी गर्दा तपाईंमाथि कत्तिको खतरा आइपर्छ ?

खोजमूलक स्टोरी गर्नु भनेको मानिस/संस्थाका नराम्रा कामलाई उदाङ्गो पार्नु पनि हो। यसो गर्दा ती मानिस/संस्था रिसाउँछन्। उनीहरूले

बदला लिनका लागि अनेक उपाय अपनाउन सक्छन् । त्यसैले, सानातिना खतरा, धम्की आउनु त स्वाभाविक हुन्छ । तर सुरक्षाका सबै उपाय अपनाउँदा अपनाउँदै पनि आफ्नो ज्यानमा खतरा पर्छ भने त्यो स्टोरी नगर्नु नै ठीक हुन्छ । हामीले खोज पत्रकारिता गर्ने हो, ज्यान फाल्ने होइन ।

## ३.२ मान्यता

आफूले पाएको संकेत जाँच गर्दा सही निस्कियो र यी माथिका प्रश्नहरूको पनि सन्तोषजनक जवाफ पाइयो भने त्यस विषयमा प्रारम्भिक अनुसन्धान गर्नुपर्छ र त्यसबाट प्राप्त जानकारीका आधारमा आफूलाई के लाग्यो छोटोमा लेख्नुपर्छ । यसलाई मान्यता भनिन्छ । यो स्टोरीको मूल मर्म हो । हामीले खोज्ने सबै जानकारी यसैसँग सम्बन्धित हुन्छन् ।

मानिलिऊँ, तपाईंसँग बारम्बार भेट भइरहने एकजना वकिलले कुरैकुरामा भने, "जिल्ला अदालतले गरेका धेरै फैसला पुनरावेदन अदालतले उल्टाउने गरेको छ ।" यसका आधारमा तपाईंले जिल्ला अदालतले त गलत फैसला पो गर्दो रहेछ कि क्या हो भनेर शंका गर्नुभयो ।

यो शंका शंका मात्रै पनि हुन सक्छ । गफ मात्रै पनि हुन सक्छ। आंशिक रूपमा सत्य पनि हुन सक्छ। जिल्ला अदालतका एकाध मुद्दा पुनरावेदन अदालतले उल्टाएको हुन सक्छ । यस विषयमा खोज्दै जाँदा हालै जिल्ला अदालतले गरेको एउटा मुद्दाको फैसला पुनरावेदन अदालतले उल्टाइदिएको कुरा थाहा पाउनुभयो । तर न्यायप्रणालीलाई नजिकबाट हेरिरहेका मानिससँग कुरा गर्दा उनीहरूले यसलाई स्वाभाविक माने । स्वाभाविक कुरा हो भने हामीले खोज्नै परेन । तर तपाईंले यस विषयमा जानकारी खोज्दै जाँदा धेरै वटा मुद्दामा गरेको फैसला पुनरावेदनका क्रममा उल्टिएको पाउनुभयो र यसलाई यस क्षेत्रका मानिसले अस्वाभाविक ठान्दारहेछन् भन्ने बुझ्नुभयो । अझ थप खोज्दै जाँदा के थाहा भयो भने गम्भीर प्रकृतिका मुद्दामा गम्भीर खालका

त्रुटि पनि हुने गरेका रहेछन् । यति जानकारीका आधारमा तपाईंले यस्तो मान्यता बनाउन सक्नुहुन्छ : गम्भीर अपराधका मुद्दामा जिल्ला अदालतले गम्भीर खालका त्रुटि/बदमाशी गर्ने गर्दा रहेछन्, जसले गर्दा अपराधी उम्कने गरेका छन् ।

यस्तो मान्यता बनाइसकेपछि तपाईंले यस मान्यताका पक्ष/विपक्षका जानकारी खोज्नका लागि तयारी गर्नुपर्छ जसका लागि थप प्रारम्भिक खोज गर्नुपर्छ। यस क्रममा तपाईंले धेरै कुरा थाहा पाउनुपर्छ। तीमध्ये केही यस प्रकार छन्: न्याय प्रणाली/अदालती बन्दोबस्त कस्तो हुँदो रहेछ ? यसमा उपयोग हुने शब्दावलीहरूका अर्थ के के रहेछन् ? यस विषयसँग सम्बन्धित जानकारी कुन कुन कागजातमा पाउन सकिन्छ ? यस विषयमा यसअघि के के कुरा छापिइसकेका छन् र नछापिएका सामग्री के के छन् ? यस विषयमा कसकसले जानकारी दिन सक्लान् ? यस विषयमा कसकसले विश्लेषण गर्न सक्लान् ? यस विषयका बारेमा के कुरा जान्नुपर्ने रहेछ ? आदि ।

## ३.३ योजना

यति जानकारीका आधारमा जानकारी संकलन गर्ने व्यवस्थित योजना बनाउनुपर्छ। यसो गर्दा समयको बचत हुन्छ। यसो गरेन भने समय त धेरै लाग्छ नै स्टोरीका लागि चाहिने जानकारी संकलन नहुने खतरा समेत आइलाग्छ । यसो गर्ने क्रममा आफूले खोज्नुपर्ने जानकारीको सूची तयार गर्नुपर्छ। ती जानकारी कहाँ, कसबाट र कसरी पाउन सकिन्छ भन्ने कुरा अनुमान गर्नुपर्छ।

तपाईंले बनाउने योजना यस्तै खालको हुनसक्छ :

| खोज्नुपर्ने जानकारी | ती जानकारी पाइने ठाउँ/व्यक्ति (नामै तोक्ने) |
| --- | --- |
| पुनरावेदन अदालतले जिल्ला अदालतका फैसला उल्टाएका मुद्दा | यस अघि प्रकाशित समाचार<br>पुनरावेदन अदालतका वकिल<br>सरकारी वकिल<br>पुनरावेदन अदालतका कर्मचारी |
| ती मुद्दाको प्रकृति | वकिल, न्यायशास्त्रका ज्ञाता |
| जिल्ला अदालतबाट गलत फैसला हुनमा कसको दोष छ ? (प्रमाणका आधारमा सही फैसला नगर्ने न्यायाधीशको, बलिया प्रमाण नजुटाउने प्रहरीको, एउटा ऐन बमोजिम मुद्दा चलाउनुपर्नेमा अर्को ऐन बमोजिम मुद्दा चलाएर र अन्य तरीकाबाट मुद्दालाई कमजोर बनाउने सरकारी वकिलको ? | बितेका एक वर्षमा पुनरावेदन अदालतले जिल्ला अदालतको फैसला उल्टाएका मुद्दाका मिसिल, वकिल, विश्लेषक, भूतपूर्व न्यायाधीश, भूतपूर्व प्रहरी, भूतपूर्व सरकारी वकिल, त्रुटिपूर्ण फैसला गर्ने न्यायाधीश |
| यस्तो काम कसरी हुन्छ ? | वकिल, विश्लेषक, यस्तो काम गराउने मानिस |
| यस्ता गलत कामले गर्दा के असर पर्छ ?<br>न्याय प्रणालीमा ?<br>पीडितमा ? | पुस्तक, यसअघि प्रकाशित विशेषज्ञका लेख, विशेषज्ञ, विश्लेषक<br>पीडित |
| यस्ता काम हुन नदिन के गर्नुपर्छ ? | विशेषज्ञ, विश्लेषक |

काम गर्दै जाँदा यो सूची लम्बिँदै जान्छ भन्ने कुरा ख्याल राख्नुपर्छ ।

यी जानकारी लिन कुन प्रक्रिया अपनाउने भन्ने कुरा पनि यही बेलामा सोच्नुपर्छ। उदाहरणका लागि, पत्रकारले मौखिक रूपमा मुद्दाका मिसिल माग्दा अदालतले नदिन सक्छ। यस्ता बेलामा कुनै वकिलमार्फत लिने हो कि ? सूचनाको हक सम्बन्धी कानूनको उपयोग गर्ने हो कि ? अथवा अनौपचारिक किसिमले, अदालतका कर्मचारीसँग सम्पर्क राखेर पो लिन सकिन्छ कि ? जिल्ला अदालतका त्रुटिपूर्ण फैसलाबाट आफू काम गरिरहेको क्षेत्र बदनाम भएकोमा चिन्तित न्यायाधीशहरूले मद्दत गर्लान् कि ? यस्तो फैसलाबाट पीडित मानिसले पो सहयोग गर्छन् कि ?

यसका आधारमा अरू केही कुराको अनुमान पनि गर्नुपर्छ । जस्तै, स्टोरी गर्नका लागि कति समय लाग्ला ? कति पैसा लाग्ला ? कतिवटा कुन प्रकृतिका सामग्री तयार हुन्छन् ? यसको प्रभाव कस्तो पर्ला ? आदि ।

यति गरिसकेपछि बल्ल सम्पादकसँग यस विषयमा, यसरी रिपोर्टिङ गर्छु भनी सल्लाह गर्नुपर्छ। यति तयारी नगरिकन सम्पादकसँग कुरा गर्दा सम्पादकले पत्याउँदैनन्। सम्पादकले पत्याइहालेमा पनि तपाईंको स्टोरी तयार हुँदैन।

**अभ्यास**

अघिल्लो पाठको अभ्यास अन्तर्गत तपाईंले रिपोर्टिङ गर्न जुन विषय छान्नुभयो त्यसलाई अघि बढाउनका लागि योजना बनाउनुहोस ।

# ४. सूचना/सामग्री संकलन

सूचना र जानकारी संकलन खोज पत्रकारले गर्नुपर्ने महत्त्वपूर्ण काम हो। सामान्य पत्रकारिता र खोज पत्रकारिता बीचमा अन्तर छ भन्नुको एउटा कारण के हो भने खोजमूलक रिपोर्टका लागि अत्यन्त बढी जानकारी र सूचना संकलन गर्नुपर्छ। जति बढी सूचना, जानकारी र प्रमाण जुटाउन सकियो खोज रिपोर्ट त्यति नै पूर्ण हुन्छ।

फिलिपिन सेन्टर फर इन्भेस्टिगेटिभ जर्नालिजमले फिलिपिन्सका राष्ट्रपति एस्ट्राडाले गरेका भ्रष्टाचारका बारेमा तयार गरेका लेखहरू यसका उदाहरण हुन्। त्यस सेन्टरका पत्रकारले लगातार प्रकाशित गरेका खोजपूर्ण लेखले त्यहाँको राजनीतिमा ठूलो मोड ल्याउने जनमत तयार गर्न योगदान गरेको थियो। उनीहरूले खेलेको भूमिका संसारभरकै खोज पत्रकारहरूका लागि राम्रो उदाहरण बनेको छ। ती लेख तयार पार्नका लागि सामग्री संकलनमा केन्द्रसँग सम्बद्ध धेरै पत्रकारहरूले लामो समयसम्म मिहिनेत गरेका थिए। ती लेखहरूको सँगालो *इन्भेस्टिगेटिङ एस्ट्राडा* मा फिलिपिन सेन्टर फर इन्भेस्टिगेटिभ जर्नालिजमकी सम्पादक शीला कोरोनेलले आफ्नो टोलीले गरेको मिहिनेतका बारेमा लेखेकी छिन्:

> *हाम्रो अनुसन्धानको बाटो केके कुरा खोज्न सकिन्छ भन्नेमा निर्भर थियो। त्यसैले एकातिर हाम्रो अनुसन्धान रियल स्टेट र घर निर्माण सम्बन्धी जानकारी लिन केन्द्रित भयो। अर्कातिर हामीले राष्ट्रपति एस्ट्राडाको परिवारका सदस्यहरूले खोलेका कम्पनीतर्फ ध्यान दियौं। यस कामका लागि विभिन्न सरकारी निकायमा रहेका ठेलीका ठेली*

*कागज र फाइल हेर्नुपर्थ्यो जसमा कम्पनी विवरण, तिनको वित्तीय कारोबार, भवन निर्माण अनुमति, सार्वजनिक ओहोदामा बस्ने मान्छेले पेश गरेको उनीहरूको सम्पत्ति विवरण आदि हुन्थे । यी जानकारी नै हाम्रो अनुसन्धानका आधार हुन्, मेरुदण्ड हुन् । कुराकानीका क्रममा मानिसले भनेका कुरा सही हुन् कि होइनन् भनेर जाँच्ने आधार हुन् । कम्पनी दर्ताको विवरण लिन रिपोर्टरले सेक्युरिटी तथा विनिमय कमिसनमा बिहान ७ बजेदेखि लाइन बस्नुपर्थ्यो । त्यसको ५-६ घण्टापछि डकुमेन्ट दिइन्थ्यो । त्यसमाथि हरेक रिपोर्टरलाई दिनमा तीन वटा कम्पनीको मात्र रेकर्ड दिइन्थ्यो । राष्ट्रपति, उनका पत्नीहरू र छोराछोरी संलग्न भएका ६६ वटा कम्पनीको रेकर्ड लिन दुई महीना त्यसरी लाममा बस्नुपर्‍यो । यति गरेर सामग्री संकलन गरेपछि राष्ट्रपतिले घोषणा गरेको सम्पत्ति र उनले तिरेको आयकरका तुलनामा उनको सम्पत्ति बढी भएको पाइयो । यसबाहेक राष्ट्रपतिका नातेदार र मित्रहरू कुन नयाँ घर बनेका ठाउँमा उपस्थित हुन्छन् भन्ने कुरा पनि हेरियो । यसरी हेर्दा राष्ट्रपतिका साथीहरूले किनेको भनिएको घरमा पनि राष्ट्रपतिका नातेदार आउने-जाने गरेको पाइयो । यस्तै गरी राष्ट्रपतिले सन् १९९८ पछि विभिन्न ठाउँमा जग्गाजमिन किनेको फेला पर्‍यो ।*

## के खोज्ने ?

खोजमूलक सामग्री तयार गर्नका लागि निम्न खालका सूचना/जानकारी बटुल्नुपर्छ :

### क. तथ्यतथ्याङ्क

अरू स्टोरीका लागि जस्तै खोजमूलक स्टोरीका लागि पनि तथ्यतथ्याङ्क बटुल्नुपर्छ । अचाक्ली वन फँडानी भइरहेका विषयमा खोजमूलक स्टोरी तयार गर्ने हो भने कति वन फँडानी भएको छ, यसबाट फँडानी गर्नेहरूले कति आम्दानी गरेका छन् जस्ता कुरा खोज्नुपर्छ । विकास निर्माणका लागि खर्च हुनुपर्ने पैसा हिनामिना भएको छ भने कति पैसा हिनामिना भएको छ भन्ने कुरा बटुल्नुपर्छ । यसले विनाशको आकलन गर्ने आधार दिन्छ ।

कहिलेकाहीं हामी तथ्यतथ्याङ्कले पाठक/श्रोतालाई पट्यार लगाउँछ भन्छौं। तर ती रोचक पनि हुन सक्छन्। भारतका गाडी चोरेर नेपालमा ल्याउने र त्यसलाई कानूनी मान्यता दिने विषयमा स्टोरी गर्ने क्रममा शेरबहादुर केसीले राम्रो तथ्य बाहिर ल्याएका थिए। उनले यस्तो गाडी फेला पारे जुन सवारी विवरणपत्रमा लेखिए अनुसार सन् १९९२ मा बनेको थियो। अर्को प्रमाण अनुसार चाहिं सो गाडी २०४४ साल जेठ २१ गते भन्सार तिरेर नेपाल आएको थियो। अर्थात् सो गाडी बन्नुभन्दा पाँच वर्ष पहिले नै भन्सार तिरेर नेपाल पसेको थियो।

यो अकाट्य तथ्य हो। यसले पाठक/श्रोता/दर्शकलाई पट्यार लगाउँदैन।

**ख. स-साना कथा अथवा घटना**

समाजले भोग्नु परिरहेका समस्या र भ्रष्टाचार जस्ता विषयमा खोज पत्रकारिता गरिन्छ भनिन्छ। यो त निहुँ मात्र हो पत्रकारिता त मानिसका बारेमा गर्ने हो। उदाहरणका लागि, स्कूल बनाउन आएको पैसा कसैले खाइदियो। यस विषयमा स्टोरी गर्ने हो भने हामीले ती विद्यार्थीको कथा भन्नुपर्छ जसले स्कूल नबनेकाले राम्ररी पढ्न पाएका छैनन्। स्कूलका डेस्क-बेन्च नभएकाले घरबाट स्कूल आउँदा पीरा र बोरा बोकेर स्कूल आउनुपर्छ। यस्ता कुराले हाम्रो स्टोरीलाई जीवन्त बनाउँछ। अस्पतालमा निःशुल्क पाइने औषधि बिक्री हुँदा ती औषधि किन्न नसक्ने मानिसले भोग्नु परेका समस्या बताउनुपर्छ। सिंचाइ आयोजनाको पैसा भ्रष्टाचार गरेको विषयमा स्टोरी गर्ने हो भने सिंचाइ सुविधा नपाएका किसानले भोग्नु परेका समस्या बताउनै पर्छ।

नेपालमा निश्चित अवस्थामा गर्भपतन गर्न पाइने व्यवस्था त भयो तर त्यस सम्बन्धी सुविधा शहरमा मात्र सीमित थियो। यसले गर्दा मानिसले कस्तो दशा भोग्नु परेको छ भन्ने विषयमा स्टोरी बनाउन मातृका तिम्सिनाले एउटी युवतीको वास्तविक घटना सम्बन्धी जानकारी पनि खोजेका थिए। त्यो यस्तो थियो:

*एकदिन बिहान, संखुवासभाको जिल्ला अस्पतालका डाक्टरकहाँ एउटी युवती पुगिन् । उनले डाक्टरसँग आफ्नो गर्भपतन गराउन मद्दत मागिन् । त्यतिबेलासम्म त्यहाँ गर्भपतन गराइदिने सुविधा थिएन । ती डाक्टरले उनलाई कोशी अञ्चल अस्पताल, विराटनगर जान सल्लाह दिए । भोलिपल्ट बिहानै उनलाई प्रहरीले एउटा लाशको पोस्टमार्टम गरिदिन अनुरोध गरे । लाश देख्दा डाक्टर अक्क न बक्क परे । त्यो लाश तिनै युवतीको थियो जो अघिल्लो दिन उनीकहाँ गर्भपतन गराइमाग्न आएकी थिइन् ।*

हामीले जस्ता विषय उठाइरहेका हुन्छौं तिनले धेरै मानिसको जीवनमा गम्भीर र दीर्घकालीन असर पारेका हुन्छन् । ती मानिसका कथाव्यथामार्फत हामीले समस्या उजागर गर्न खोज्यौं भने तिनको प्रभाव हामीले चाहेजस्तो पर्न सक्छ । त्यसैले हामीले मानिसका दुःखसुखका घटना सम्बन्धी जानकारी खोज्नुपर्छ ।

## ग. दृश्य वर्णन

खोजमूलक होस् अथवा सामान्य फिचर स्टोरी होस् त्यसले पाठक/श्रोता/दर्शकलाई स्टोरीले उठाएका विषयमा चुर्लुम्म डुबाउनुपर्छ । स्टोरीको प्रकृति अनुसार समस्या भोगिरहेका मानिसहरूको जीवन्त वर्णन गरेर पाठकलाई समस्याको नजिक उभ्याउनु पर्छ । पुल बनाउनका लागि आएको पैसा तलमाथि गरेको स्टोरी गर्ने हो भने रिपोर्टरले बर्खामा मानिसहरू सो पुल कसरी तर्छन् भन्ने कुरा हेर्नुपर्छ । त्यो दृश्यको दुरुस्त वर्णन गरेर पाठक/श्रोता/दर्शकलाई त्यही पुलछेउमा पुऱ्याउनुपर्छ । टेलिभिजन पत्रकारलाई यो काम गर्न सजिलो छ किनभने उसको क्यामराले यो काम गरिहाल्छ । तर प्रिन्टका पत्रकारले शब्दमार्फत अनि रेडियोका पत्रकारले शब्द र ध्वनीमार्फत यस कुराको वर्णन गर्नुपर्छ ।

## घ. भनाइ

विषय अनुसार खोजमूलक स्टोरीमा सरकारी अधिकारी, भुक्तभोगी, पहरेदार, विशेषज्ञ आदिको भनाइ हुनैपर्छ । यस्ता भनाइले विभिन्न

क्षेत्रका मानिसको दृष्टिकोण/भुक्तमानका बारेमा बताउँछन्, स्टोरीलाई विश्वसनीय र पूर्ण बनाउँछन् । धेरै मानिससँग कुराकानी गरेका खण्डमा पक्ष-विपक्षका कुरा बुझ्न सकिन्छ ।

### ङ. इतिहास/पृष्ठभूमि

तपाईं हामीले जुन विषयमा स्टोरी गर्छौं, त्यसको सन्दर्भ हुन्छ, विगत हुनसक्छ । त्यो एकैचोटि उम्रिएको नयाँ विषय नहुन सक्छ । त्यो विगत, त्यो इतिहास र त्यो पृष्ठभूमि जान्नु र आवश्यकता अनुसार आफ्ना पाठक/श्रोता/दर्शकलाई बताउनु खोज पत्रकारको काम हो । उदाहरणका लागि, नेपालबाट भारत तस्करी भइरहेको सुपारीको स्टोरीलाई लिऊँ। सामान्य पत्रकारले सुपारी भारततिर तस्करी भइरहेको, त्यसलाई प्रहरीले बरामद गरेको समाचार दिन्छ, सकिन्छ । खोज पत्रकारले यस बारेमा स्टोरी गर्दा यसअघि नेपाल र भारत सीमामा भएका यस्तै खालका घटना खोज्नुपर्छ । ती घटना र अहिले भइरहेको घटनाका बीचमा कुनै सम्बन्ध छ कि अथवा यी नयाँ ढंगले भइरहेका छन् भन्ने कुरा पनि केलाउनुपर्छ ।

### च. फोटो/नक्सा

स्टोरी र सञ्चारमाध्यमको प्रकृति बमोजिम खोज पत्रकारले आफूले गर्न लागेको स्टोरीसँग सम्बन्धित फोटो र नक्सा जस्ता कुरा पनि खोज्नुपर्छ।

## कहाँ खोज्ने ?

यीमध्ये धेरै कुरा खोज्नका लागि सम्भव भएसम्म बढी कागजपत्र खोजेर तिनको अध्ययन गर्नुपर्छ । बढीभन्दा बढी मानिससँग कुराकानी गर्नुपर्छ । सान्दर्भिक घटना/अवस्था अवलोकन गर्नुपर्छ ।

## ४.१ कागजात

आफूले खोजपूर्ण स्टोरी तयार गर्न लागेका विषयमा केही जानकारी पहिले कसैले बटुलिसकेका हुन सक्छन् । त्यस्ता जानकारी पत्रपत्रिकामा

छापिएका हुन सक्छन् । कुनै संस्थाले त्यस विषयमा अध्ययन गरेको हुनसक्छ । कुनै आयोग वा अनुसन्धान संस्थाले त्यस विषयमा आफ्नो पारामा अनुसन्धान गरेका हुन सक्छन् । कुनै कार्यालयका फाइलमा यस्ता जानकारी राखिएका हुन सक्छन् । पत्रपत्रिका, रिपोर्ट, पुस्तक र जर्नल जस्ता कागजातबाट आफूले खोज्न लागेको विषयको पृष्ठभूमिका साथै थप जानकारी खोज्नका लागि नयाँ स्रोत जुटाउन सकिन्छ। यस्तै गरी कुनै काम गर्दा नियम र प्रक्रिया मिचिएको छ कि छैन भनेर जान्नका लागि सम्बन्धित ऐन कानून पढ्नुपर्छ ।

हामीकहाँ धेरै विषयमा व्यवस्थित किसिमले कागजात राख्ने र प्रकाशित गर्ने चलन छैन। तैपनि धेरै विषयमा धेरै कागजात पाइन्छ। उदाहरणका लागि, उपयोग गर्ने म्याद नाघेका विषादीका सम्बन्धमा के कति र कस्ता कागजात भेटिन्छन् भनेर हेर्दा पचासवटा भन्दा बढी कागजात फेला परे । ती यस्ता थिए :

- नेपालमा विषादीको समस्याका बारेमा कन्सल्ट्यान्टले तयार गरेका रिपोर्ट
- ती विषादी कसरी तह लगाउने भनेर तयार गरेका पटक पटकका योजना
- विषादी तह लगाउने योजना कार्यान्वयन गर्ने संस्थाहरूबीचमा भएका पत्राचार
- विषादी तह लगाउने काम सुरक्षित र पारदर्शी भएन भनेर पत्रकारले लेखेका समाचार तथा रिपोर्ट
- विषादी तह लगाउने कामका बारेमा विवाद भएपछि तिनका बारेमा समीक्षा गर्नका लागि बोलाइएका विदेशी परामर्शदाताले तयार गरेको प्रतिवेदन
- ती विषादी राखिएका गोदामका छेउछाउका बासिन्दाले भोग्नु परेका समस्याका बारेमा पत्रकारहरूले लेखेका समाचार तथा फिचर
- यस समस्याका बारेमा काम गरिरहेका अन्तर्राष्ट्रिय संस्थाले गरेका अध्ययनका प्रतिवेदन

- विषादी गोदाम भएका ठाउँ वरपरका मानिसको स्वास्थ्य परीक्षणको प्रतिवेदन

खोज पत्रकारले आफूले खोजी गरिरहेका विषयका बारेमा विभिन्न मानिस र संस्थाले तयार गरेका सबै खालका सबै कागजपत्रको अध्ययन गर्नुपर्छ। त्यसो भएन भने उसको स्टोरी पूर्ण हुँदैन।

कागजात मूलतः दुई प्रकारका हुन्छन्: सार्वजनिक र गोप्य।

### ४.१.१ **सार्वजनिक कागजात**

यस्ता कागजातमा रहेका जानकारी सिद्धान्ततः सबैले हेर्न पाउँछन्। यिनलाई गोप्य राखिएको हुँदैन। बजार, पुस्तकालय अथवा सम्बन्धित कार्यालयमा यिनलाई पाउन सकिन्छ। सरकारी, गैरसरकारी वा निजी स्वामित्वमा रहेका यस्ता कागजातमा वार्षिक प्रतिवेदन, जर्नल, पत्रपत्रिका, नीति तथा कार्यक्रम पुस्तिका, बजेट भाषणका साथै चिठीपत्रका फाइल, मुद्दाका मिसिल, टेन्डर डकुमेन्ट, सम्झौता, थेसिस, सम्बन्धित विषयमा उठाइएका टिप्पणी आदि जस्ता अप्रकाशित सामग्री पनि पर्छन्।

### क. स्मारिका, पुस्तक/जर्नल/पत्रपत्रिका

यस्ता प्रकाशनहरूमा हामीले खोज्न लागेका विषयका कुनै पक्षका बारेमा जानकारी पाउन सकिन्छ। उदाहरणका लागि, भन्सार विभागको स्मारिकामा छापिएको विदेशी मुद्रा अपचलन सम्बन्धी एउटा लेखमा नेपालमा केही व्यक्तिका नाममा भारतका बैंकबाट लगातार पैसा जम्मा हुने गरेको र सो पैसा आतंकवाद सम्बन्धी काममा खर्च हुने गरेको उल्लेख छ। तपाईं विदेशी मुद्रा अपचलन अथवा विदेशी लगानीमा नेपालमा भइरहेका आतंकसँग सम्बन्धित विषयमा स्टोरी गर्न लाग्नुभएको छ भने यो जानकारी थप जानकारी लिने सूत्र हुनसक्छ। त्यस लेखका लेखकले यस विषयमा धेरै कुरा बताएका छैनन् तर यसले के देखायो भने ती लेखकले यस विषयमा पक्कै पनि थप कुरा जानेका छन्। अर्थात् यसका आधारमा यस विषयमा कुराकानी गर्नका लागि एकजना मान्छे पत्ता लागे।

### ख. ऐन कानून

ऐन कानून पढेर कुन काम कसरी हुनुपर्ने हो भन्ने थाहा पाइन्छ। यो कुरा थाहा भएपछि मात्र कुनै काम गर्दा ऐन कानून मिचिएको छ कि छैन भनेर हेर्न सकिन्छ। त्यसैले आफूले स्टोरी गर्न लागेका विषयसँग सम्बन्धित ऐन कानून हेर्नु अति आवश्यक छ। जस्तै, कुनै सरकारी कार्यालयले रु.३० लाखको काम कोटेसनमार्फत दिन लागेको रहेछ भने त्यति रकमको काम कोटेसनमार्फत गराउन पाइन्छ कि पाइँदैन भनी ऐन नियम हेर्नुपर्छ।

### ग. लेखापरीक्षण प्रतिवेदन

भ्रष्टाचारका धेरैजसो कामलाई प्रमाणित गर्न महालेखा परीक्षकका प्रतिवेदनले सहयोग पुऱ्याउँछन्। तिनबाट कुनकुन क्षेत्रमा के-कस्ता अनियमित काम भएका रहेछन् भन्ने कुरा थाहा हुन्छ। उदाहरणका लागि, धेरै सांसद्हरूले आफ्नो निर्वाचन क्षेत्र विकास कोषका लागि छुटचाइएको रकम नियमविपरीत आफ्ना नातेदारका नाममा रहेको गैरसरकारी संस्थालाई दिएको, वित्तीय कारोबार सञ्चालन गर्न र औषधिउपचार जस्ता कुरामा खर्च गरेको भनी महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको हुनसक्छ। सो प्रतिवेदनमा कुनै पनि सांसद्को नाम उल्लेख नहुन सक्छ तर पनि रिपोर्टरले त्यसका आधारमा कुनकुन सांसद्ले त्यस्तो काम गरेका रहेछन् भन्ने कुरा पत्ता लगाउन सक्छ। अथवा त्यसबाट पत्रकारले सूचना तथा जानकारी खोजी गर्न चाहिने एउटा सूत्र पाउँछ।

गोरखा जिल्लाको उत्तरी भेग घुम्ने क्रममा पत्रकारहरूले एउटा भ्रष्टाचारको केस पाए। त्यहाँ बनिरहेको घोडेटो बाटो अचम्मसँग भीरको बीचमा गएर टुंगिएको थियो। त्यहाँका मानिसले त्यो बाटो बनिसकेको भनी भुक्तानी पाइसकेको कुरा बताए। बाटो बनिनसकेको कुरा त पत्रकारले आफ्नै आँखाले देखे तर यसलाई कसरी प्रमाणित गर्ने भन्ने चुनौती पत्रकारसामु थियो। उनीहरूको समस्या महालेखा परीक्षकको प्रतिवेदनले हल गरिदियो। महालेखा परीक्षकको कार्यालयले

वर्षेनि केही आयोजनाको कार्यमूलक लेखा परीक्षण पनि गर्दो रहेछ। यो भनेको कार्यालयमा बसेर आयोजनाका कागजपत्र, भौचर आदि मात्र हेर्ने होइन काम भएको भनिएका ठाउँमा गएर काम भएको छ कि छैन त्यो समेत हेर्ने प्रक्रिया हो। संयोगवश, लेखापरीक्षकहरू गोरखाको त्यो बाटो हेर्न गएछन्। बाटो भीरमा गएर टुंगिएको देखेपछि उनीहरूले प्रारम्भिक प्रतिवेदनमा सो कुरा उल्लेख गरेछन्। त्यसको जवाफमा बाटो बनाउने निकायले बाटो बनिसकेको तर बनिसकेपछि पहिरो आएर बाटो बगाएको भनी जवाफ दिएछ। त्यो जवाफमा चित्त नबुझेर लेखा परीक्षकले त्यो ठाउँ माथिदेखि तलसम्म चट्टानै चट्टान भएकाले त्यहाँ पहिरो आउने सम्भावनै छैन भनेर टिप्पणी गरेको रहेछ। त्यस प्रतिवेदनमा उल्लिखित माथिको व्यहोरा पत्रकारका लागि ठूलो प्रमाण हो। त्यो प्रतिवेदन पढेर रिपोर्ट बनाउने पत्रकार र नपढिकन रिपोर्ट बनाउने पत्रकारको रिपोर्टको स्तरमा आकाशपातालको अन्तर हुन्छ।

### घ. अनुसन्धान आयोग तथा संसदीय समिति आदिका प्रतिवेदन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, प्रहरी तथा संसद्ले गठन गरेका समिति तथा अन्य निकायहरूले नियमित रूपमा प्रतिवेदन तयार गर्छन्। यिनबाट महत्त्वपूर्ण सूचना मिल्छन्। जस्तै– केही वर्षअघि राजस्व चुहावट सम्बन्धमा संसद्ले गठन गरेको संयुक्त समितिको प्रतिवेदनमा भन्सारमा कसरी राजस्व चुहावट हुन्छ? त्यसमा क-कसको मिलोमतो हुन्छ ? राजस्व चुहावट गर्ने भनेर कहलिएका गिरोहमा को को सामेल हुन्छन् ? जस्ता कुरा उल्लेख गरिएको थियो।

खोज पत्रकारले यस्ता रिपोर्टमा मात्र आधारित भएर स्टोरी तयार गर्न मिल्दैन। त्यसो गऱ्यो भने त्यो खोज पत्रकारिता नै भएन। तर तिनलाई अनुसन्धानका लागि भरपर्दा धेरैमध्येका केही प्रमाण मानेर थप जानकारी बटुल्दा राम्रो, विश्वसनीय, प्रभावकारी सामग्री तयार हुनसक्छ।

## ङ. घरजग्गा विवरण

कुनै व्यक्ति अथवा उसका नातेदारका नाममा कहाँ, कति घर, जग्गाजमिन छ भन्ने कुराको विवरण मालपोत कार्यालयमा पाइन्छ । पत्रकार सूर्य थापाले राजा वीरेन्द्रका नाममा नेपालका कुन ठाउँमा कति जग्गाजमिन छ भनेर मालपोतका ठेली पल्टाएर राम्रो खोजमूलक स्टोरी तयार पारेका थिए । पछि उनले त्यसलाई अझ विस्तृत बनाएर किताब निकाले ।

## च. मुद्दाका मिसिल

मुद्दाका मिसिलहरूमा आफूलाई चाहिने महत्त्वपूर्ण जानकारी पाउन सकिन्छ । न्याय प्रक्रियामा कमजोरी रहेको छ भन्ने विषयमा स्टोरी तयार गर्ने हो भने त न्यायालयका मिसिल हाम्रो जानकारी र विश्लेषणका प्रमुख आधार हुन्छन् । आफूले खोज गरिरहेका विषय तथा व्यक्तिका बारेमा अदालतमा मुद्दा परेको हुनसक्छ जसमा वादी अथवा प्रतिवादीले आफ्नो पक्ष दह्रो बनाउन प्रमाण पेश गरेको हुन्छ । यसबाहेक लेखका लागि प्रमाण भेट्न सकिने सूत्रको उल्लेख गरेको हुन सक्छ । जस्तै– राजस्व ठगी गरेको आरोपमा कुनै व्यक्तिका विरुद्ध सरकारले हालेको मुद्दा पछि स्वयम् सरकारले फिर्ता लिने निर्णय गर्‍यो भने कति राजस्व ठगी भएको थियो भन्ने विवरण मात्र होइन त्यसलाई प्रमाणित गर्ने तथ्य तथा प्रमाणहरू समेत मुद्दा दायर गर्दा सरकारले पेश गरेको त्यही मिसिलमा हुन्छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारका मुद्दा दायर गर्दा उसले आरोप लगाएका मानिसहरूको सम्पत्तिको पूर्ण विवरण तयार गरेर त्यसलाई अदालतमा पेश गर्ने गर्छ । यसमा अभियुक्तको कहाँ कति जमिन छ, कुन कुन संस्थाको शेयर के कति छ, बैंक खातामा कति पैसा छ, बैंक लकरमा कति सुनचाँदी छ, उसले कहाँ के कस्ता कारोबार गरेको छ लगायतका धेरै विवरण राखिएका हुन्छन् । यस्ता विवरणलाई व्यक्तिगत मानिन्छ र हामी पत्रकारले यस्ता विवरण माग्दा पाइँदैन । तर मुद्दाका मिसिलमा भएका यस्ता जानकारी भने सार्वजनिक हुन्छन् । त्यसैले मुद्दाका मिसिल पनि हाम्रा लागि धेरै उपयोगी कागजात हुन् ।

यसबाहेक थप जानकारीका लागि संकेत अथवा सूत्र पनि मुद्दाका मिसिलबाट पाउन सकिन्छ । सामान्यतया पत्रकारलाई दिन नमिल्ने भनिएका सूचना, जानकारी पनि सरकार अथवा व्यक्तिले अदालतमा पेश गरेको हुन सक्छ । पत्रकारले सोझै यस्ता मिसिल पाउन समस्या पर्न सक्छ तर वकिलको सहायता लिएका खण्डमा सजिलै पाउन सकिन्छ ।

### छ. प्रयोगशालाका रिपोर्ट

प्रयोगशालाका रिपोर्ट यस्ता प्रमाण हुन् जसलाई अरूले सजिलैसँग नकार्न सक्तैनन् । हामीले यिनलाई आफ्ना खोजमूलक स्टोरीका लागि आधारका रूपमा उपयोग गर्न सक्छौं ।

### ज. बजेट विवरण

सरकारले हरेक वर्ष कुन कामका लागि कति खर्च गर्ने भनेर बजेट छुट्याएको हुन्छ । बजेट पुस्तिकामा सामान्यतया मुख्य विवरण मात्र लेखिएको भए पनि रातो किताब भनेर चिनिने पुस्तिकामा कुन कार्यक्रमका लागि कति खर्च छुटचाइएको छ कुरा लेखिएको हुन्छ । यसबाट कुनै निश्चित काममा भ्रष्टाचार भएको छ कि छैन अथवा कति रकम तलमाथि भएको रहेछ भन्ने कुराको अन्दाज पाइन्छ । यस्तैगरी, जिल्ला विकास समिति, गाउँ विकास समिति, नगरपालिका र अन्य कार्यालय तथा संस्थाले पनि बजेट बनाउने गर्छन् ।

### झ. ठेक्कापट्टा विवरण

यस्तो विवरण लिन पत्रकारले कर्मचारी वा प्रतिस्पर्धी कम्पनीसँग सम्पर्क राख्नुपर्छ । कुनै कम्पनीले हालेको टेन्डर निश्चित समयसम्म गोप्य हुन्छ । टेन्डर खुलेपछि पनि ती कागजपत्र सार्वजनिक हुँदैनन् । ठेक्का सम्झौता तथा कसैले हालेको टेन्डरबाट पनि कुनै विषयमा अनियमित काम भइरहेको छ भन्ने कुराको संकेत पाउन सकिन्छ । सरकारी कामको ठेक्कापट्टा कसले पायो र उसले कति रकममा काम गर्छु भनी

सकारेको छ भन्ने कुरा ठेक्का दिने संस्थाले पत्रपत्रिकामार्फत बताउने चलन पनि छ ।

### ञ. खर्च विवरण

विभिन्न निकायले कुन काममा कति रकम खर्च भयो भन्ने विवरण राख्ने गर्छन् । यस्तो विवरण अध्ययन गरेर त्यसबापत भएको काम हेर्दा त्यति रकम खर्च भएको छ कि छैन भनेर अनुमान गर्न सकिन्छ । यस्तो खर्च विवरणले खर्च कत्तिको नियमित छ र त्यो न्यायोचित छ कि छैन भन्ने प्रश्नतिर पनि डोऱ्याउँछ । जस्तै– कैलालीको एउटा स्कूलले निर्माण सामग्री किनेको भनी कपडा पसलको बिल पेश गरेको रहेछ । यस्ता बिलले यस काममा गडबडी भएको देखाउँछ ।

### ट. सम्पत्ति विवरण

नेपालमा सार्वजनिक लाभको पद ओगटेका मानिसहरूले सरकारलाई सम्पत्ति विवरण बुझाउनुपर्छ । सामान्यतया, मन्त्रीले चाहिं आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्ने चलन छ । पद ग्रहण गर्दा उनीहरूले पेश गरेको सम्पत्ति र पछि उनीहरूसँग भएको सम्पत्तिका बीचमा तुलना गरेका खण्डमा उसले वैध आयभन्दा बढी सम्पत्ति आर्जन गरेको छ कि छैन भन्ने कुरा हेर्न सकिन्छ ।

### ठ. व्यक्तिगत विवरण

जन्म, विवाह दर्ता र नागरिकताका प्रमाणपत्रहरूले निश्चित अवस्थामा महत्त्वपूर्ण जानकारी दिन सक्छन् । कृष्णनगरको कालो धन्दा नामक लेखका लागि जानकारी खोज्दै जाँदा एक जना भारतीय महिलाले कसरी एक जना नेपालीसँग विवाह गरेको प्रमाण स्थानीय निकायबाट बनाइन्, त्यसका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र लिइन् र सो प्रमाणपत्र लिने बित्तिकै सो लोग्ने छाडेर अर्कोसँग बिहे गरिन् भन्ने कुरा विवाह दर्ता र नागरिकताको प्रमाणपत्र अध्ययन गर्दा थाहा पाइएको थियो ।

आजभोलि सार्वजनिक रूपमा उपलब्ध हुनुपर्ने जानकारी सजिलै पाइएनन् भने सूचनाको हक सम्बन्धी कानुनको उपयोग गरेर पनि ती जानकारी पाउन सकिन्छ। यो प्रक्रिया अलि लामो छ तर पनि खोजमूलक स्टोरी तयार गर्नका लागि यसमार्फत निश्चित शीर्षकमा भएका खर्चको बिल भौचरको प्रमाणित प्रतिलिपि समेत लिन सकिन्छ। सूचनाको हक सम्बन्धी ऐन र नियमावली नेपाल कानून आयोगको वेबसाइट www.lawcommission.gov.np मा उपलब्ध छन्। राष्ट्रिय सूचना आयोगको वेबसाइट www.nic.gov.np मा पनि यस सम्बन्धी जानकारी पाइन्छ।

## इन्टरनेट

आजभोलि धेरैजसो सार्वजनिक कागजात इन्टरनेटमा सजिलैसँग पाउन सकिन्छ। विभिन्न सरकारी, अर्ध-सरकारी तथा गैरसरकारी संस्थाहरूका वेबसाइटमा राखिएका यस्ता जानकारी हामी पत्रकारहरूका लागि उपयोगी हुन्छन्।

खोजमूलक स्टोरीका लागि गुदी जानकारी लिन सबैभन्दा पहिले त्यसको बाहिरी भागमा रहेका जानकारी बटुल्नुपर्छ। इन्टरनेटमा उपलब्ध जानकारीले गुदी जानकारी लिन बाटो खोलिदिन्छन्। जस्तै, कुनै योजनामा भ्रष्टाचार भयो भन्ने शंका लाग्यो भने त्यस योजनाको बजेट कति रहेछ भन्ने कुरा जसले भ्रष्टाचार गर्‍यो भन्ने लागेको छ उसैलाई सोध्न जानु पर्दैन। यस्ता जानकारी लिनका लागि कुनै अफिस धाइराख्नु पर्दैन। ती जानकारी राख्ने सम्बन्धित कर्मचारीलाई भेट्नैपर्छ भन्ने छैन। आफूलाई पायक पर्ने समयमा आफ्नै कोठामा बसेर इन्टरनेटमा खोज्न सकिन्छ।

इन्टरनेटमा उपलब्ध विभिन्न सुविधाको उपयोग गरेका खण्डमा आफूलाई चाहिएका जानकारी खोज्न सजिलो हुन्छ। उदाहरणका लागि, गर्भपतन सम्बन्धी विषयमा कसैले नयाँ कुरा इन्टरनेटमा राख्यो कि भन्ने कुरा जान्नु पर्‍यो भने धेरै मिहिनेत गर्नुपर्दैन। गुगलको अलर्ट सेवा उपयोग गरी अवोर्सन शब्द भएका सामग्री

कसैले इन्टरनेटमा राख्ने बित्तिकै मलाई खबर गर भन्यो भने उसले त्यो काम खुरुक्क गरिदिन्छ ।

इन्टरनेटमा जानकारी खोज्दा के कुरामा ख्याल राख्नुपर्छ भने यहाँ जसले जे सामग्री पनि राखेको हुनसक्छ । ती जानकारी एकदमै हावादारी पनि हुनसक्छन् । त्यसैले, चिनिएका संस्थाका वेबसाइटमा राखिएका बाहेकका सूचना सही हुन् कि होइनन् भन्ने कुरा जाँच्न थप सतर्क हुनुपर्छ ।

### ४.१.२ गोप्य कागजात

कहिलेकाहीं खोजमूलक स्टोरीका लागि सार्वजनिक रूपमा उपलब्ध दस्तावेज पर्याप्त हुँदैनन् । स्टोरी तयार गर्नका लागि निजी कागज खोज्नुपर्छ जुन सामान्यतया गोप्य हुन्छन् । यस्ता कागजात लिनका लागि अलि बढी समय र मिहिनेत लगाउनुपर्छ। कानूनले गोप्य राखेका कागजात संकलन र तिनमा भएका जानकारी प्रयोग गर्दा कानूनी बाधा-अड्चन र आचारसंहितालाई पनि ध्यान दिनुपर्छ ।

यस्ता कागजात निम्नबमोजिम हुनसक्छन्ः

### क. आन्तरिक अनुसन्धानका प्रतिवेदन

राजनीतिज्ञहरूले आफूले धारण गरेको सार्वजनिक पदको दुरुपयोग गरेर व्यक्तिगत लाभ लिइरहेका विषयमा प्रमाण जुटाउनका लागि उनीहरूका सम्पत्तिको लेखाजोखा गर्नु जरुरी हुन्छ । तर यसका लागि आफैंले त्यसो गर्नुपर्छ भन्ने छैन । केही पार्टीहरूले यस विषयमा आन्तरिक प्रतिवेदन तयार गरेर आफ्ना नेताहरूले नाजायज सम्पत्ति आर्जन गरेको रिपोर्ट तयार गरेका हुन्छन् जसमा तिनले गरेका अनियमितताका प्रमाण पाइन सक्छन् । साथै, प्रतिवेदन तयार गर्ने क्रममा उनीहरूले सार्वजनिक रूपमा उजुरी मागेका हुनसक्छन् । त्यस्ता उजुरीको ठेली फेला पार्न सकेमा त्यसले पनि ठोस जानकारी अथवा खराब कामको सुराक दिन सक्छ ।

## ख. आन्तरिक अभिलेख

राजनीतिक दलले व्यापारी, उद्यमीबाट चन्दा लिएर आफ्नो सरकार बनेका बेलामा तिनका पक्षमा नीतिनियम बनाउने गरेका हुन सक्छन्। यस विषयमा स्टोरी तयार गर्नका लागि प्रमाण जुटाउन थाल्ने हो भने सरकारले गरेका नीतिगत परिवर्तन सम्बन्धी निर्णय र त्यसबाट निश्चित फर्म तथा व्यक्तिलाई कति लाभ भयो भन्ने कुरा हेर्नुका साथै त्यसरी लाभ पाउने फर्म अथवा व्यक्तिले राजनीतिक दललाई कति चन्दा दिएका छन् भन्ने कुरा पनि थाहा पाउनु जरुरी छ। यस्तो जानकारी नेपालमा गोप्य राखिएको छ। तर कुनै पनि पार्टीले आफ्ना चन्दादाताको नामावली र तिनले चन्दा दिएको रकम सम्बन्धी रेकर्ड राखेको हुनसक्छ। यस्तो रेकर्ड हेरेर आफ्नो स्टोरीका लागि थप प्रमाण जुटाउन सकिन्छ।

## ग. अनुसन्धान फाइल

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सरकारद्वारा गठित अनुसन्धान आयोग, सेना, प्रहरी, विशेष प्रहरी विभाग आदिले विभिन्न सरकारी, निजी, गैरसरकारी निकाय तथा व्यक्तिका अवैधानिक क्रियाकलापका बारेमा अध्ययन गरेर फाइल तयार गरेका हुन सक्छन्। यस्ता फाइलबाट स्टोरीका लागि प्रमाण अथवा त्यस्ता प्रमाण पाउने ठाउँको संकेत पाउन सकिन्छ। सामान्यतया, यस्ता फाइलहरू निश्चित समयका लागि गोप्य राखिन्छन् र त्यहाँ भएका जानकारी लिन थप मिहिनेत गर्नुपर्छ।

## घ. ब्याङ्कको रेकर्ड

ब्याङ्क स्टेटमेन्टबाट पनि विभिन्न व्यक्ति वा संस्थाको कारोबारका बारेमा जानकारी पाउन सकिन्छ। यस्तो जानकारीका आधारमा पनि उनीहरूका कारोबार शङ्कास्पद छन् कि छैनन् भन्ने कुरा जान्न सकिन्छ। यस प्रकारको जानकारी पाउन अलि कठिन हुन्छ किनभने ब्याङ्किङ क्षेत्रमा ग्राहकको गोपनीयता निकै महत्त्वपूर्ण मानिन्छ। यस्ता जानकारी कानूनले पनि गोप्य राखेको छ।

### ङ. करको रेकर्ड

कुनै व्यक्ति वा संस्थाले तिरेको करको रेकर्डबाट उनीहरूको आर्थिक कारोबारका बारेमा महत्त्वपूर्ण जानकारी लिन सकिन्छ। यस्तो जानकारी पनि कानूनतः गोप्य हुन्छ ।

गोप्य कागजात लिन त्यति सजिलो हुँदैन। औपचारिक उपायबाट यस्ता जानकारी पाउन सकिँदैन । यस्तो जानकारी लिनु कसैको गोपनीयता सम्बन्धी हकको उल्लंघन गर्नु हो । ब्याङ्कले आफ्ना ग्राहकलाई उसको कारोबारको विवरण गोप्य राख्ने ग्यारेन्टी गरेको हुन्छ। त्यस्तै गरी सरकारले पनि करदाताले कति कर तिरेको छ भन्ने जस्तो जानकारी गोप्य राख्ने वचन दिएको हुन्छ। अनुसन्धान आयोग, सेना र प्रहरीका गुप्तचर विभागले पनि आफ्ना फाइल गोप्य राख्छन्। तर यस्ता फाइलहरूको अध्ययनबाट महत्त्वपूर्ण जानकारी हासिल गर्न सकिन्छ र त्यसका आधारमा लेख लेखेर समाजलाई ठूलो हानिबाट जोगाउन सकिन्छ भने त्यसो गरे हुन्छ भनिन्छ ।

## ४.२. मानिस

खोजमूलक स्टोरीका लागि जानकारी खोज्दा कागजपत्र मात्र हेरेर पुग्दैन। सम्बन्धित विषयका विशेषज्ञदेखि लिएर अभियोग लगाइएका व्यक्ति समेत पत्रकारका लागि सूचना तथा जानकारीका स्रोत हुन्। मानिसहरूसँग कुराकानी/अन्तर्वार्ता गर्दा अझ महत्त्वपूर्ण जानकारी हात लाग्छ, साथै आफूले पाएका जानकारी/सूचना सही हुन् कि होइनन् भन्ने कुरा जाँच्न सकिन्छ । थप जानकारी कहाँ पाइन्छ भन्ने थाहा पाइन्छ। विशेषज्ञ, भुक्तभोगी र घटनाका प्रत्यक्षदर्शीको भनाइ र दोषी पक्षको स्वीकारोक्तिले लेखलाई विश्वसनीय बनाउँछ। कुराकानी गर्दा आरोपित व्यक्तिले आफ्नो सफाइ पेश गर्ने मौका पाउँछ । मानिसको भनाइले स्टोरीलाई रोचक बनाउँछ । त्यसैले विषयसँग सम्बन्धित सबै पक्षका मानिसहरूसँग कुराकानी गर्नुपर्छ। खोज पत्रकारले दिनैपिच्छे समाचार लेख्ने बिट रिपोर्टरले जस्तो सम्पर्क हुन सकेन भनेर उम्कन पाउँदैन।

"पत्रकारलाई सहयोग गर्न हामीले सोचेभन्दा धेरै मानिसलाई यस ग्रहमा खटाइएको छ", डेभिड र्‍यान्डलले आफ्नो पुस्तक *द युनिभर्सल जर्नालिस्ट* मा भनेका छन् । पत्रकारलाई कुन बेला, कुन जानकारी चाहिएला भनेर धेरै क्षेत्रका धेरै मानिसहरू तिनको रेकर्ड राखेर बसेका छन्। विभिन्न अस्पतालका डाक्टरहरू अथवा अनुसन्धानकर्ताहरू असुरक्षित गर्भपतनबाट कति महिलाको ज्यान गएको छ र कति महिलाको स्वास्थ्यमा कस्तो असर परिरहेको छ भनी विवरण राखेर बसिरहेका छन्। प्रहरीहरू हामीले काम गर्ने जिल्ला, क्षेत्र वा देशभरमा कति मानिस अकालमा मरिरहेका छन् भन्ने कुराको रेकर्ड राखेर बसेका छन्। स्वास्थ्य सेवा र मानिसका आनीबानी सुधार्न सके यसरी मरेकामध्ये कति मानिस बाँच्न सक्थे भन्ने कुरा नियालेर हेर्ने मानिस पनि छन्। उनीहरूको पेशै यही हो। पूर्वाञ्चलका कतिवटा बस्तीको खानेपानी खान लायक छैन भन्ने जानकारी कुन बेला कुन पत्रकारलाई चाहिएला भनेर महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस विराटनगरका शिक्षकहरू अनुसन्धान गरेर बसेका छन्। यस्ता धेरै मानिसहरू हामी पत्रकारका मानार्थ कामदार हुन् जसलाई सो काम गरेबापत हामीले तलब/ज्याला दिनुपर्दैन, अरूले नै दिएका छन्। तिनलाई हामीले काम अह्राउनु पनि पर्दैन, उनीहरू आफैं गर्छन् । हामीले तिनले गरेका कामको उपयोग गर्न मात्र जान्नुपर्छ ।

खोजमूलक स्टोरी तयार गर्नका लागि कुराकानी गर्नुपर्ने मानिसहरूको सूची लामो हुन सक्छ । कुनै स्टोरीका लागि धेरै थरीका मानिससँग कुराकानी गर्नुपर्ने हुन्छ भने कुनैका लागि निश्चित पक्षसँग कुराकानी गरे पुग्छ । खोज पत्रकारले आफूले कुराकानी गर्नुपर्ने व्यक्तिको सूची तयार गरेका खण्डमा काम गर्न सजिलो हुन्छ ।

## क. सरकारी अधिकारी

सरकारी अधिकारीहरूलाई सरकारका काम र काम गर्ने प्रक्रियाका बारेमा राम्रोसँग थाहा हुन्छ । त्यसैले उनीहरूले खोजमूलक स्टोरीका लागि आवश्यक जानकारी दिन सक्छन्। तोया दाहालले तयार गरेको

नक्कली औषधिसम्बन्धी स्टोरीका लागि जानकारी संकलन गर्ने क्रममा औषधि व्यवस्था विभागले असङ्ख्य औषधि कम्पनीका असङ्ख्य ब्रान्डका औषधि बिक्री-वितरणको अनुमति दिएको, औषधिको कारोबार निरीक्षण र नियमित गर्नका लागि औषधि व्यवस्था विभागसँग कर्मचारी र बजेट नभएको, औषधि जाँच गर्दा जहिले पनि नक्कली फेला परेको जस्ता जानकारी सरकारी अधिकारीबाटै पाएका थिए। उनीहरूले आफ्नै संस्था वा अर्को सरकारी संस्था वा निजी क्षेत्रका संस्थाले गर्ने अनियमित काम र नीति-नियमका कमी-कमजोरीका बारेमा प्रशस्त जानकारी दिन सक्छन्। उनीहरूसँग राम्ररी कुराकानी गरेका खण्डमा हामीले धेरैजसो अवस्थामा सूचनाको हक सम्बन्धी कानुनको उपयोग नगरिकन पनि जानकारी पाउन सक्छौं।

सरकारी कर्मचारीहरूसँग जानकारी लिन मात्र होइन आधिकारिक धारणा बुझ्न पनि कुराकानी गर्नुपर्छ। खोजमूलक स्टोरी सरकारी निकायले गरेका गलत कामका बारेमा हुन सक्छन्। उनीहरूमाथि गलत काम गरेको अथवा अरूले गरेका गलत काम रोक्न कदम नचालेको जस्ता आरोप लागेका हुन्छन्। यस्तो अवस्थामा आरोपित कर्मचारी वा ऐन-नियम कार्यान्वयन गर्ने आधिकारिक व्यक्तिसँग कुराकानी गर्नुपर्छ। सरकारी कर्मचारीहरूबाट जानकारी लिने क्रममा पत्रकारहरूले भोग्ने समस्या के हो भने हामीलाई चाहिएको जानकारी कोबाट पाउन सकिन्छ भन्ने कुरा थाहा हुँदैन। त्यस्ता जानकारी लिन हामी प्रायः हाकिमसँग सम्पर्क गर्छौं। यसो गर्नु ठीकै हो किनभने उनीहरूले समग्रमा तल्ला तहका कर्मचारीले भन्दा बढी कुरा जानेका हुन्छन्। तर यहाँ ख्याल गर्नुपर्ने कुरा के छ भने सरकारी अधिकारीहरूले पदीय मर्यादाका हिसाबले त्यस्तो जानकारी नदिन सक्छन् वा उनीहरूलाई समग्र पक्षको सतही कुरा मात्र थाहा हुनसक्छ। धेरैलाई विशेष पक्षको विशेष कुरा थाहा नहुन सक्छ। यस्तो अवस्थामा ऊभन्दा तलका, त्यही विषय हेरिरहेका कर्मचारीसँग कुराकानी गर्दा धेरै बढी जानकारी पाउन सकिन्छ।

नेपालमा उपयोग गर्ने म्याद नाघेका विषादी थान्को लगाउने कामका बारेमा जानकारी खोज्ने क्रममा त्यससँग सम्बन्धित धेरैवटा

सरकारी तथा दातृ निकाय अनि ठेकेदारका माथिल्ला कर्मचारीसँग कुराकानी गर्न खोज्दा कतिले यस बारेमा बोल्न चाहेनन्, कतिले मीठोसँग कुराकानी गरे, चिया खुवाए, राम्रो व्यवहार गरे तर जानकारी दिएनन् । यसरी नपाइएका जानकारी खोज्न भौंतारिंदा त्यतिबेलाको कृषि सामग्री संस्थानका तल्लो तहका एकजना कर्मचारीसँग भेट भयो। उनीसँग भएको एउटा फाइलमा विषादी थान्को लगाउने काममा लागेका सबै व्यक्ति र निकायले एकअर्कालाई विभिन्न मितिमा लेखेका पत्र रहेछन् । त्यस फाइलमा भएका जानकारी समेतका आधारमा लेखिएको स्टोरीलाई कसैले दोष लगाउन सकेनन् । पाठकले सही जानकारी पाए।

## ख. विशेषज्ञ

सम्बन्धित विषयका विशेषज्ञहरूले पत्रकारले खोज गरिरहेका विषयका विभिन्न पक्षमा सूक्ष्म ढंगले अध्ययन गरेका हुन सक्छन् । लामो समयदेखि त्यस विषयमा निगरानी राखेका हुनाले त्यस विषयसँग सम्बन्धित सानो कुराले पनि ठूलो परिवर्तन ल्याउन सक्छ कि भन्ने जस्ता पक्षमा उनीहरूको ध्यान गएको हुन्छ । यस्ता मानिसहरूसँग कुराकानी गर्दा पृष्ठभूमि, प्रवृत्ति र तथ्य-तथ्याङ्क मात्रै होइन त्यस विषयलाई हेर्ने नयाँ दृष्टिकोण पनि पाउन सकिन्छ। विशेषज्ञहरूले त्यस विषयलाई भिन्न दृष्टिकोणले हेरेका हुन सक्छन् ।

नेपालमा गर्भपतन गराउने काम अत्यासलाग्दो गरी बढिरहेको छ र यसले महिलाको स्वास्थ्यमा गम्भीर असर पारिरहेको छ भन्ने पत्रकारलाई लाग्यो भने यस विषयलाई नजिकबाट नियालिरहेका विशेषज्ञसँग कुराकानी गरेको खण्डमा उनले भरपर्दा जानकारी तथा दृष्टिकोण दिन सक्छन् । न्यायालयका बारेमा स्टोरी गर्दा पनि त्यस विषयलाई हेरिरहेका मानिससँग कुराकानी गर्नु फलदायी हुन्छ ।

विशेषज्ञबाट जानकारी लिन सजिलो पनि हुन सक्छ, अप्ठचारो पनि हुन सक्छ। पत्रकारको व्यवहार र विषय हेरेर कहिलेकाहीं उनीहरू कुराकानी गर्न तयार हुन्छन्, कहिलेकाहीं भने उनीहरू अप्ठचारा हुन सक्छन् ।

सामान्यतया विशेषज्ञहरू आफूले जानेका कुरा बताउन उत्सुक हुन्छन् । तर उनीहरू टेलिफोन गर्ने बित्तिकै वा टेलिफोनमै प्रश्नको छोटो उत्तर र पत्रकारका लागि उपयुक्त ‘कोट’ हुने किसिमको जवाफ दिन भने मन पराउँदैनन् । उनीहरू आफूले बताउन लागेका विषयमा पत्रकारले पूरै थाहा पाउन् भन्ने चाहन्छन् । यसो गर्दा पत्रकारले गलत सन्दर्भमा गलत अर्थ लाग्ने गरी आफूलाई ‘कोट’ गर्दैनन् भन्ने विश्वास उनीहरूलाई हुन्छ । कहिलेकाहीं भने विशेषज्ञहरूका पनि आफ्नै खालका स्वार्थ हुन सक्छन् । त्यसबाट पत्रकार सधैं सतर्क रहनुपर्छ ।

धेरैजसो विशेषज्ञहरू पत्रकारहरू पढ्दैनन् भनेर गुनासो गर्छन् । यो गुनासो अलिअलि सही हो । विशेषज्ञहरू आफूले अथवा अरू कसैले लेखेर पुस्तक, लेख वा जर्नलमा प्रकाशित भइसकेका जानकारी, विचार पत्रकारलाई बताउन इच्छुक हुँदैनन् । प्रकाशित भइसकेका सामग्री अध्ययन गरेर तिनका विषयमा सोध्ने, तिनमा उल्लेख भएभन्दा बढी कुरा थाहा पाउन चाहने पत्रकारलाई कुरा बताउन भने उनीहरू सामान्यतया तयार हुन्छन् । त्यसैले उनीहरूसँग भेट्नुभन्दा अघि उनीहरूसँग कुराकानी गर्न लागेका विषयमा पत्रकारले अध्ययन गर्नुपर्छ ।

### ग. वकिल

वकिलहरूले न्यायालय पुगेका मुद्दाका आधारमा समाजमा कस्ता गतिविधि भइरहेका छन् भन्ने कुरा थाहा पाएका हुन्छन् । अदालती प्रक्रिया र त्यहाँ भइरहेका गतिविधिका बारेमा त उनीहरूले थाहा पाउने नै भए । उनीहरूसँग कुराकानी गरेका खण्डमा स्टोरीका लागि काम लाग्ने अथवा विषयवस्तु बुझ्न मद्दत गर्ने खालको जानकारी पाइन्छ ।

### घ. विपक्षी

आफूले जानकारी खोज्न लागेका व्यक्ति, संस्था अथवा गिरोह सम्बन्धी प्रशस्त जानकारी तिनका विरोधीसँग हुन्छ । उनीहरू यस्तो जानकारी (बढाइचढाइसमेत गरेर) अरूलाई दिन चाहन्छन् । यस्तो जानकारीले

खोज पत्रकारलाई मद्दत गर्छ । तर उनीहरूले हामीमार्फत आफ्ना विरोधीलाई तह लगाउन हामीलाई झूठा कुरा बताएका हुन सक्छन् भन्ने कुरा भने ख्याल राख्नुपर्छ। त्यसैले उनीहरूले बताएका जानकारी सही हुन् कि होइनन् भन्ने जाँच गर्नुपर्छ।

### ङ. समर्थक

समर्थकले उनीहरूका सकारात्मक पक्षका बारेमा प्रशस्त जानकारी राखेका हुन्छन्। उनीहरू पनि यस्तो जानकारी (बढाइचढाइसमेत गरेर) अरूलाई दिन खोज्छन् । सतर्कतापूर्वक लिइएका यस्ता जानकारी पनि खोज पत्रकारका लागि उपयोगी हुन्छन्।

### च. भुक्तभोगी

कसैको कामकारबाहीबाट पीडित पक्षले आफूलाई पीडित बनाउने पक्षका बारेमा खुलस्त जानकारी दिन सक्छन् । आफूले भोग्नु परेका समस्याका बारेमा बताउँछन् । उनीहरूको भनाइले स्टोरीलाई सूचनामूलक बनाउँछ। भुक्तभोगीका भनाइ ठीकसँग राखिएको स्टोरीले पाठक/श्रोता/दर्शकको मन छुन्छ। यस्तो स्टोरीले मानिसलाई स्टोरीले उठाएका समस्या समाधानका लागि सक्रिय हुन घचघच्याउँछ।

### छ. पत्रकार

पत्रकारलाई आफूले हेरिरहेका बिटका बारेमा प्रशस्त जानकारी हुन्छ। ऊसँग कुराकानी गरेका खण्डमा पनि मूल्यवान जानकारी पाइन्छ, थप जानकारी कहाँ पाइन्छन् भन्ने कुरा पनि थाहा पाइन्छ।

आफूले स्टोरी गर्न चाहेका विषयमा अध्ययन नगर्ने, आफूसँग कुरा गरिरहेको मानिसका कुरा सुन्नुभन्दा आफैं एकोहोरो ढिपी गर्ने, आफ्नै कुरा बढी सुनाउने पत्रकारसँग कुरा गर्न मानिसहरू रुचाउँदैनन्। त्यसैले आफूले कुराकानी गर्न लागेका मानिसबाट सकेसम्म बढी उपयोगी जानकारी पाउन सकियोस् भन्नाका लागि पत्रकारले तयारी गर्नुपर्छ। कोही मानिससँग अन्तर्वार्ता लिनुको उद्देश्य ऊबाट तथ्य, विचार अथवा

उद्धरण लिनु हुन सक्छ । अथवा आफूले अध्ययन गरिरहेको मानिस कस्तो छ भनेर जान्नु पनि हुन सक्छ। त्यसैले पत्रकार उसलाई सोध्ने प्रश्न बनाउन लाग्दा आफूले ऊबाट के के विषयमा के-कस्ता जानकारी लिन चाहेको हो भन्ने कुरामा स्पष्ट हुनुपर्छ।

हामीले खोज गरिरहेका विषय निकै जटिल हुन सक्छन्। तिनका बारेमा हामीले जे-जति कुरा सुन्छौं ती सबै बुझ्छौं भन्ने हुँदैन। अनुभवी पत्रकारहरू के सल्लाह दिन्छन् भने प्राविधिक र जटिल कुरा बुझिएन भने सोध्नुपर्छ। डेभिड र्‍यान्डलले आफ्नो पुस्तक *द युनिभर्सल जर्नालिस्ट* मा दिएको यस सम्बन्धी सुझाव मननीय छ। उनले भनेका छन्, "आफूले जानेको रहेनछ भने सोध्नुपर्छ, बुझेको छैन भने व्याख्या गरिदिनुस् भन्नुपर्छ। त्यस्ता कुरा सोध्दा कोही हाँस्ने हो कि भनेर चिन्तै नगर्नुस्। साँच्चै मूर्ख रिपोर्टर त्यो हो जो नजानेको कुरा पनि जाने झैं गरी कुराकानी गर्दा मुन्टो हल्लाएर बस्छ र आधा कुरा मात्र बुझ्छ, पछि स्टोरी लेख्न बस्दा लेख्न सक्दैन। मानिससँग कुराकानी गर्दा बुझिनँ, जानिनँ भनेर आफ्नो अज्ञानता देखाउँदा केही बिग्रँदैन, छापिएको स्टोरीमा चाहिं यस्तो अज्ञानता देखिनुहुँदैन।"

## ४.३. अवलोकन

तथ्य-तथ्याङ्क, भनाइ पढ्दा पाठकलाई त्यो कुरा सुनेको जस्तो लाग्छ भने अवलोकनले उसलाई आफ्नै आँखाले देखेको झैं बनाउँछ। त्यसैले खोज पत्रकारले पनि स्टोरीका निश्चित ठाउँ र सन्दर्भमा आख्यान लेखकले झैं दृश्य वर्णन गर्न सक्छ। यसो गर्नुको उद्देश्य आफ्ना श्रोता/पाठकलाई त्यस विषयमा चुर्लुम्म डुबाउनु हो।

> *सोभियत संघमा निर्मित ट्याङ्कर र बख्तरबन्द गाडी बिस्तारै काबुल शहरको उत्तरको खाल्डै खाल्डा भएको सडकमा डिजलको मुस्लो ओकल्दै अघि बढे। तालिवानहरू अफगानिस्तानको बाँकी २० प्रतिशत भूभाग कब्जा गर्नका लागि अन्तिम हुने आशा गरिएको लडाईंका लागि होमिइरहेका थिए।*

*टोयोटा पिक अपमा चढेका तालिवानका साथमा मध्यएशिया र अफ्रिकाबाट आएका ४०० जति अरब इस्लामिक लडाकू पनि थिए। उनीहरू कथित साउदी आतंकवादी ओसामा विन लादेनको संरक्षणमा रहेको ०५५ ब्रिगेडका लडाकू हुन् । यी अरबहरूसँग भेट गर्ने हिसाबले अघि बढेका एकजना पत्रकारलाई पाकिस्तानी लडाकूहरूले चेकपोस्टमा रोके ।*

*फार इस्टर्न इकोनमिक रिभ्यू* मा छापिएको यस स्टोरीले पाठकलाई काबुल पुऱ्याउँछ ।

रिपोर्टरले तथ्य-तथ्याङ्कमा गल्ती गऱ्यो भने सम्पादकले सच्याइदिन सक्ला। रिपोर्टरले छुटाएका तथ्य-तथ्याङ्क सम्पादकले थपिदिन सक्ला। तर रिपोर्टरले के कुरा र कस्तो दृश्य देख्यो भन्ने कुरा सम्पादकलाई थाहा हुँदैन । त्यसैले, अरू कुरा सच्याउन र मिलाउन सके पनि रिपोर्टरले देखेका दृश्य सच्याउन, मिलाउन सक्दैन । दृश्य अवलोकन र वर्णन गर्ने काम रिपोर्टरले मात्र गर्न सक्छ ।

रिपोर्टरले आफूले अवलोकन गर्न लागेका दृश्यका सबै स-साना कुरा एकदमै ध्यान दिएर टिप्नुपर्छ । त्यो ठाउँको अवस्थिति कस्तो छ- खोला किनारमा हो कि ? गहिरोमा हो कि ? डाँडामा हो कि ? दृश्यमा देखिएका व्यक्ति अथवा वस्तुको रङ कस्तो छ ? त्यसको आकार कस्तो छ ? दिशा आवश्यक भएका ठाउँमा त्यो पनि टिप्नुपर्छ। आफूले देखेको दृश्यमा कसैले गरेका काम र तिनको परिणाम पनि हेर्नुपर्छ। र, त्यस दृश्यमा अनौठा र विशेष कुरा के छन् त्यो पनि हेर्नुपर्छ। अवलोकन गर्दा रिपोर्टरले आफूले देखेका कुरा राम्रोसँग नोट गर्नुपर्छ। पछि लेख्ने बेलामा तिनै नोटको सहायताले शब्दचित्र उतार्नुपर्छ ।

## ४.४. अन्य उपाय

यसअघि सूचना संकलनका जति पनि उपायका बारेमा बताइयो ती पत्रकारितामा सूचना संकलनका स्थापित उपाय हुन्। तर कहिलेकाहीं, कुनै विषयमा यी उपायबाट जानकारी बटुल्न सकिंदैन । यस्तो

अवस्थामा पत्रकारका सामु दुईवटा बाटा बाँकी रहन्छन्- त्यस विषयमा स्टोरी नै नगर्ने या अपराध अनुसन्धानका काममा उपयोग गरिने उपाय अपनाउने । कुनै सञ्चारमाध्यमले पत्रकारिताका सर्वस्वीकृत माथिका उपाय अपनाएर जानकारी संकलन गरिएका स्टोरी मात्र प्रसारप्रसार गर्ने नीति लिएको हुनसक्छ । त्यसो हो भने त्यस्ता सञ्चारमाध्यममा अपराध अनुसन्धानका उपाय अपनाएर स्टोरी गर्ने कुरै भएन । अथवा कुनै रिपोर्टरले म पत्रकारिताका सर्वस्वीकृत उपाय अपनाएर मात्र स्टोरी गर्छु भन्न सक्छ । यस्तो अवस्थामा पनि अपराध अनुसन्धानका उपाय अपनाउने कुरा भएन । तर कहिलेकाहीं, कुनै स्टोरीका लागि चाहिने पूरै वा आंशिक जानकारी लिनका लागि अपराध अनुसन्धानका उपाय अपनाउने चलन पनि छ ।

यी उपाय निम्न बमोजिम छन्–

## क. भेष बदल्ने

आफूलाई पत्रकारका रूपमा चिनाउँदा जानकारी पाउन नसकिने अवस्थामा आफ्नो परिचय बदलेर जानकारी लिन सकिन्छ । लागू पदार्थ, वन्यजन्तु तथा तिनका अंग र मानव बेचबिखनका बारेमा स्टोरी तयार गर्ने पत्रकारले आफ्नो भेष लुकाएर ग्राहक बनेर गएका खण्डमा ती पदार्थको बिक्री-वितरण कसले, कसरी, कति मूल्यमा गर्छ भन्ने जानकारी पाउन सक्छ । अदालतमा कसरी घुस खुवाइन्छ भन्ने कुरा पत्रकारले सहजै थाहा पाउन सक्तैन । घुस दिने प्रक्रिया अवलोकन गर्न उसले झगडियाको भेष धारण गर्नुपर्ने हुनसक्छ ।

महाकाली नदी वारिपारिको नेपाल र भारतको भूभाग र त्यस उत्तरको तिब्बतको भूभाग वन्यजन्तुका विभिन्न अंगहरूको व्यापारका लागि नामी छ । त्यस कारोबारमा संलग्न मानिसले पत्रकारलाई यस सम्बन्धी कुरा बताउँदैनन् र तिनका कारोबार, गोदाम हेर्न दिँदैनन् । त्यहाँ पुगेका दुईजना पत्रकारले वन्यजन्तुका अंगका व्यापारीसँग कुराकानी गर्न र ती वस्तुका गोदाम हेर्नका लागि भेष बदलेका थिए । यसरी भेष बदलेर भेला गरिएको जानकारी त्यस विषयमा तयार गरिएको स्टोरीका

(चोरी शिकार: खुला कारोबार, *राजधानी दैनिक,* २०५८ असोज ५ गते) लागि संकलन गरिएको जानकारीको सानो अंश भएको थियो ।

पूर्वी नेपालको धरानमा ड्राइभिङ लाइसेन्समा व्यापक अनियमितता हुन्छ भन्ने कुरा थाहा भयो । यो कुरा सोह्रैआना सही थियो । तर त्यसलाई प्रमाणित गर्ने कुनै उपाय थिएन। नेपाल प्रेस इन्स्टिच्यूटद्वारा सञ्चालित तालिममा यस विषयमा कसरी स्टोरी गर्ने भनेर छलफल भयो । अन्त्यमा यस्तो उपाय अपनाइयो– एकजना आँखा नदेख्ने मानिसलाई सबै कुरा बताएर उनको नागरिकताको प्रमाणपत्र माग्ने, त्यो प्रमाणपत्र दलाललाई दिएर उसका नाममा ड्राइभिङ लाइसेन्स बनाउन लगाउने र स्टोरी लेख्ने ।

थोरै आनाकानी गरेपछि दलालले यो काम गर्छु भने । आँखा नदेख्ने मानिसले आँखा राम्ररी देख्छन् भनेर डाक्टरले सिफारिस गरिदिए। ती मानिसले ट्रायल पास गरे भनेर जाँच लिन बसेका प्रहरीले लेखिदिए। ती मानिस गाडी चलाउन योग्य छन् भनेर एसपीले उनको प्रमाणपत्रमा सही गरिदिए। यसका आधारमा *प्रहरीलाई पैसा, अन्धालाई लाइसेन्स* शीर्षकको स्टोरी बन्यो ।

यो स्टोरी वन्यजन्तुका अंगको व्यापार भन्दा के अर्थमा फरक थियो भने यसमा झण्डै झण्डै सबै जानकारी भेष बदलेर लिइएको थियो । वन्यजन्तुको स्टोरीमा चाहिं थोरै जानकारी मात्र यो उपाय अपनाएर लिइएको थियो ।

### ख. अरूले नदेख्ने खालको भिडियो/अडियो रेकर्डरको प्रयोग

यो तरीका माथिको तरीकाका साथमा उपयोग गर्नुपर्छ। फरक कति छ भने यसमा पत्रकारले आफूले आँखाले देखेका, सुनेका कुरा भिडियो वा अडियो रेकर्ड गरेर राख्ने गर्छ। सन् २००१ मा *तहलका डटकम* का रिपोर्टरहरूले भारतमा हातहतियार खरीद सम्बन्धी स्टोरी तयार गर्न हतियार कम्पनीको एजेन्टको भेष धारण गरेका थिए। उनीहरूले आफूसँग सानो भिडियो क्यामरा पनि लुकाएर लगेका थिए। यसरी तयार गरिएको स्टोरीले भारतमा हतियार खरीदका क्रममा हुने भ्रष्टाचार

र कमिसनको खेलको कथा उद्घाटन गरेर तहल्का मच्चायो। यसका साथै पत्रकारले त्यस्तो विधि अपनाउनु हुन्थ्यो कि हुन्नथ्यो भन्ने बारेमा ठूलो बहस निम्त्यायो।

यस्ता खालका उपाय अपनाउने कि नअपनाउने भन्ने विषयमा विवाद छ। पुलित्जर पुरस्कार दिने संस्थाले यस्ता उपाय अपनाएर स्टोरी तयार गर्नुलाई पत्रकारिता मान्दैन। त्यस्ता स्टोरीलाई पुरस्कार दिँदैन। संसारका केही सञ्चारमाध्यमले कुनै पनि हालतमा यस्ता उपाय नअपनाउने अडान लिएका छन्। केही सञ्चारमाध्यम भने कहिलेकाहीं यस्ता उपाय अपनाउन सकिन्छ भन्छन्। तर यसका लागि तिनले पनि केही शर्त राखेका छन्। अवस्था हेरी यस्ता उपाय अपनाउन सकिन्छ भन्ने पत्रकारहरू पनि यस्ता उपाय जथाभावी प्रयोग गर्नुहुँदैन भन्छन्। उनीहरूले यस्ता उपाय कति बेला अपनाउने र कति बेला नअपनाउने भनेर नियम बनाएका छन्।

उनीहरूका अनुसार, यस्ता उपाय अपनाएर संकलन गरिने जानकारी धेरै महत्त्वपूर्ण छन् र तिनलाई उदाङ्गो पार्दा समाजलाई पुग्ने फाइदा त्यस्ता उपाय अपनाउँदा समाजलाई पुग्ने हानिभन्दा कता हो कता बढी छ भने ती उपाय अपनाउन सकिन्छ। साथै पत्रकारले अरू सबै उपाय अपनाउँदा पनि जानकारी नपाएका अवस्थामा मात्र यस्तो तरीका मान्य हुन्छ। अरू उपाय नै नअपनाइकन यस्तो तरीका अपनाउनुहुँदैन। यस्ता उपायबाट संकलित जानकारी उपयोग गरेर तयार भएका स्टोरीमा यसका बारेमा बताउनुपर्छ। जस्तै– 'ठेकेदारका भेषमा गएका रिपोर्टरलाई उनीहरूले बताए... ।'

प्रतिस्पर्धामा अरूलाई उछिन्न, खर्च र समय बचाउन यो तरीका अपनाउनुहुँदैन। अरूले यसो गरेका छन्, त्यसैले म पनि यसो गर्छु भन्न पाइँदैन। बदमाशका बारेमा रिपोर्ट बनाउँदा यस्ता उपाय अपनाउन मिल्छ भन्न हुँदैन।

# ५. प्रस्तुति

वारेन के एजी, फिलिप एच. अल्ट र एड्विन इमेरीले आम सञ्चारकर्मीका दुई वटा काम हुन्छन् भनेका छन् । ती हुन्, आफूले अरूलाई बताउने विषय राम्रोसँग जान्नु र पाठक/श्रोता/दर्शकको दिमागमा सकेसम्म गहिरोसँग गाडिने गरी सन्देश प्रवाह गर्ने तरीका जान्नु । उनीका अनुसार, "नराम्रो जानकारी भएको सन्देश नराम्रो ढंगले लाखौं मानिससम्म पुऱ्याउँदा पर्ने प्रभाव राम्रोसँग प्रस्तुत गरिएको सन्देश थोरै मानिससम्म पुऱ्याउँदा पर्ने प्रभावभन्दा कता हो कता कम हुन सक्छ ।"[1]

यसअधिका खण्डमा आफूले स्टोरी तयार गर्न लागेका विषयमा कसरी पोख्त हुने भन्ने बारेमा उल्लेख गरियो भने यस खण्डमा स्टोरी कसरी प्रस्तुत गर्ने भन्ने विषयमा छलफल गरिएको छ ।



## ५.१ जानकारी जाँच


यो फोटोमा कसले, कसलाई, के गरेको होला ? त्यसो किन गरेको होला ?

---

1 Warren K. Agee, Philip H. Ault, Edwin Emery, *Introduction to Mass Communications*, Oxford and IBH Publishing Co, New Delhi, 1980.



*बिजिनेस स्टान्डर्ड* नामको भारतको आर्थिक पत्रिकाले आफ्नो विज्ञापन यसरी गरेको थियो। अर्को पेजको सबैभन्दा माथि ठूला अक्षरमा भनिएको छ– *"बिजिनेस स्टान्डर्ड* को रिपोर्टर हुन कठिन छ।"




तलपट्टि साना अक्षरमा लेखिएको छ,

*"स्टोरी छाप्न पठाउनुभन्दा पहिले हामी रिपोर्टरलाई केरकार गर्छौं । आँकडा चेक गरेको छ कि छैन भनेर उसलाई सोध्छौं ।*

*उसले राखेका आँकडा कहाँबाट ल्याएका हुन् भनी हामी बुझ्छौं । कसैले एउटा सन्दर्भमा भनेका कुरा अर्को सन्दर्भमा राखिएको पो छ कि ? यसो गर्दा यसको गलत अर्थ पो लाग्न सक्छ कि ?*

*"यति गरिसकेपछि पनि हामी धेरैजसो स्टोरी छाप्दैनौं किनभने हामीसँग भएको अर्को स्टोरी हाम्रा पाठकका लागि अझ महत्त्वपूर्ण छ । सौभाग्यको कुरा के छ भने यस्तो पत्रकारिता मन पराउने मानिसहरू धेरै छन् ।"*

नेपाली समाजले धेरै पहिले नै कसैले, कसैलाई झुटा कुरा सुनाउनुहुँदैन भन्ने ठानेको रहेछ । त्यसैले, नेपालमा पत्रकारिताको थालनी हुनुभन्दा धेरै पहिले जंगबहादुर राणाका पालामा बनेको मुलुकी ऐनको झुटा कुरा गर्नेको महलमा यस्तो लेखिएको रहेछः

*"कोहि मानिश्ले आगा डढ्यालाले पोलि भयो पानिमा लडि वगि भयो रूष भीर छाना झ्यालबाट षसी भयो चौपाया गैह्रले हानि मिचि भयो ढुंगा मुढो लागी भयो वा अरू कुराले वेरामि भै थलियाकालाइ फलानु ता छुट्टि भयेछ भनि कुरा गर्‍याकामा सुँन्या चाहिका वुद्धिले नपुगी मनले मरेछ भंन्या ठहराइ उस्का दाज्यू भाइ गैह्रलाइ फलानु ता मर्‍यो भनि सुनायेछ र तेसै खवरमा सुन्याले जुठो समेत बारयाछन् भन्या अर्कोले भन्याको कुरो सुनी नवुझि भन्याको ठहर्‍याले मर्‍यो भन्यालाइ २० रुपैया दंड गर्नु. जुठो वार्‍याको रहेनछ भन्या १० रुपैया दंड गर्नु. रुपैया नतिर्‍या अैन वमोजिम् कैद गर्नु."*

अर्थात् कोही मानिस कुनै कारणले बिरामी भएर थलिएकोमा कसैले त्यो त गएछ भनेर कुरा गरेको कुनै व्यक्तिले सुनेछ, तर उसको बुद्धि नपुगेर त्यो मानिस मरेछ भन्ने ठहर्‍याएछ र त्यसका नातेदारलाई त्यो मानिस मर्‍यो भनी सुनाएछ भने उसलाई २० रुपैयाँसम्म दण्ड हुने रहेछ। रुपैयाँ नतिरे कैद हुनुपर्ने रहेछ। यो आजको २० रुपैयाँ होइन आजभन्दा डेढ सय वर्षभन्दा पहिलेको २० रुपैयाँ हो ।

हाम्रो काम अरूका कुरा सुनेर, अरूले लेखेको पढेर, अरूले गरेका काम वा अवस्था अवलोकन गरेर कुरा बुझ्ने हो। यसो गर्दा हाम्रो बुद्धि नपुगेर अर्कै कुरा ठहऱ्यायौं र त्यही कुरा अरूलाई सुनायौं भने त्यसले धेरै मानिसलाई असर पर्छ। त्यस्तो कामलाई कुनै बेला दण्डनीय अपराध ठानिंदो रहेछ।

कुनै स्टोरी गर्ने क्रममा हामीले हाम्रो बुद्धि नपुगेर कोही सज्जन मानिसले बदमासी गरेछ भन्ने ठहऱ्यायौं र सोही व्यहोराको स्टोरी लेख्यौं भने त्यस मानिसको ठूलो क्षति हुन्छ। यस्तो क्षति गर्ने छुट पत्रकारलाई हुँदैन। पत्रकारिता मर्यादित भएको समाजमा यस्तो काम गर्ने पत्रकारले धेरै ठूलो दण्ड जरिवाना व्यहोर्नुपर्छ। यस्तो काम झुक्किएरै हुन पुगेको भए पनि र सो वापत सार्वजनिक रुपमा क्षमा मागे पनि उसले दण्डबाट उन्मुक्ति नपाउन सक्छ। अपराधीको तस्वीर देखाउनु पर्ने ठाउँमा झुक्किएर एकजना न्यायाधीशको तस्वीर १५ सेकेण्ड देखाए बापत सन् २०११ मा भारतको *टाइम्स नाओ* टेलिभिजनलाई अदालतले १०० करोड भारु जरिवाना गरेको थियो।

झुटा कुरा गर्दा रिपोर्टर र सञ्चारमाध्यमको नैतिक पतन समेत हुन्छ। *द रिपोर्टर्स ह्यान्डबुक: एन इन्भेस्टिगेटर्स गाइड टु डकुमेन्ट्स एन्ड टेक्निक्स* को एउटा संस्करणमा त्यसका लेखक जोन उल्मान र ज्यान कोल्बार्टले भनेका छन्– "जुन पत्रकारले कसैलाई गल्तीले बदमाश भन्छ उसले आफ्नो नाम बदलेर अरू पेशातिर लाग्न राम्रो हुन्छ।"

यी सबै कारणले गर्दा आफूले भेला गरेका जानकारी सही हुन् कि होइनन् भनी राम्रोसँग जाँच्नुपर्छ जसले गर्दा पछि गल्ती भएछ भनेर पछुताउनु पर्दैन।

खोज पत्रकारले आफूले भेला गरेका सामग्री सही हुन् कि होइनन् भन्ने कुरा जाँच्न एक पटक आफूले आफैंलाई *बिजिनेस स्टान्डर्ड* को विज्ञापनमा झैं केरकार गर्नुपर्छ। यस क्रममा *बिजिनेस स्टान्डर्ड* का सम्पादकले रिपोर्टरलाई सोधेका बाहेक तलका प्रश्न पनि आफूले आफैंलाई सोध्नुपर्छ :

- आफूले भेला गरेका जानकारी धेरै पुराना भएकाले ती असान्दर्भिक भइसकेका छन् कि ?
- तीभन्दा नयाँ कुरा पत्ता लागिसके कि ?
- ती जानकारीका स्रोत कत्तिका भरपर्दा हुन् ?
- अनुसन्धानबाट प्राप्त भनिएका जानकारी साँच्चिकै अनुसन्धानबाट निकालिएका हुन् त ?
- अनुसन्धान भनिएको काम साँच्चिकै अनुसन्धान भन्न योग्य छैन कि ?
- ती जानकारी ज-जसले दिएको हो तिनका व्यक्तिगत, पेशागत अथवा संस्थागत स्वार्थ छन् कि ?
- जानकारी दिने मानिसले आफ्नो सम्झनाका भरमा पो कुनै कुरा बताएको छ कि ?
- त्यसो हुँदा त्यो जानकारी गलत हुने सम्भावना पो छ कि ?

## ५.२ सूचना वर्गीकरण

खोज पत्रकारले कागजपत्र, कुराकानी र अवलोकन मार्फत धेरै तथ्य-तथ्याङ्क, केस र भनाइ सङ्कलन गरेको हुन्छ । त्यसरी सङ्कलन भएका सबै सूचना, तथ्य-तथ्याङ्क र भनाइ तत्कालै प्रयोग नहुन सक्छन् ।

सूचना संकलनका क्रममा हामीले भेटेका कतिपय जानकारी तत्काल तयार गर्न लागेको स्टोरीका निम्ति असान्दर्भिक हुन सक्छन् । त्यस्ता असान्दर्भिक सामग्रीलाई सान्दर्भिक तथा उपयोगी सामग्रीबाट छुटयाउनुपर्छ । उपलब्ध केस, भनाइ र तथ्य-तथ्याङ्क मध्येबाट राम्रो चाहिं छान्नुपर्छ । धान कुटिसकेपछि भुसलाई चामलबाट फाले जस्तै गरी काम नलाग्ने भनाइ, जानकारी र तथ्य-तथ्याङ्क पन्छाएर काम लाग्ने मात्र बाँकी राख्नुपर्छ ।

यति गरिसकेपछि बाँकी बसेका सूचना, जानकारी, तथ्य-तथ्याङ्कलाई वर्गीकरण गर्नुपर्छ । यसका लागि सबैभन्दा पहिले एक किसिमका जानकारीलाई एक ठाउँमा राख्नुपर्छ। गाडी दुर्घटना सम्बन्धी स्टोरीका लागि जानकारी संकलन गरिसकेपछि ती जानकारीलाई यसरी छुट्याउन सकिएला :

**गाडी दुर्घटनाका कारण**

- बाटो खराब हुनु
- गाडी खराब हुनु
- चालक खराब हुनु
- बाटो छेउका मानिस खराब हुनु
- यात्रु खराब हुनु
- प्रहरी खराब हुनु
- नीति/नियम खराब हुनु

**असर**

- मानिस मर्नु
- घाइते हुनु
- अंगभंग हुनु
- गाडी बिग्रनु
- अरू गाडी चल्न नपाउनु

स्टोरी र त्यसका लागि खोजिएका जानकारीको प्रकृति अनुसार माथिका भन्दा धेरै बुँदा पनि हुन सक्छन्। कुनै बुँदासँग सम्बन्धित सबै जानकारी त्यही बुँदा अन्तर्गत राख्यो भने लेख्ने बेलामा कुन जानकारी कहाँ छ भनेर सगरमाथा जत्रो अजङ्ग पहाडमा सियो खोजे झैं खोज्नुपर्दैन। उदाहरणका लागि, बाटो खराब भएकाले भएका गाडी दुर्घटना सम्बन्धी तथ्यतथ्याङ्क, केस, भनाइ, एनेक्डोट, दृश्य वर्णन, पृष्ठभूमि बताउने जानकारी सबै एकै ठाउँमा राख्दा लेख्ने बेलामा सजिलो हुन्छ।

सबै जानकारी कम्प्युटरमा राखेको छ भने त एउटा नयाँ फाइल खडा गरेर सम्बन्धित जानकारी सम्बन्धित खण्डमा राख्दा पुग्छ। जानकारी कागजमै छन् भने त्यस्ता जानकारीका छेउमा यस्तो बुँदा लेख्न सकिन्छ। अर्थात् जहाँ जहाँ बाटो खराब भएकाले गाडी दुर्घटना भएका तथ्यतथ्यांक, केस, भनाइ, एनेक्डोट, पृष्ठभूमि आदि जानकारी

छन् तिनका छेउमा प्रष्ट छुट्टिने गरी 'खराब बाटो' लेख्न सकिन्छ । यसरी सबै जानकारीलाई उनीहरूको प्रकृति अनुसार अलग अलग ठाउँमा राख्नुपर्छ ।

यही मेसोमा कुन जानकारी कसरी प्रस्तुत गर्ने भन्ने कुरामा पनि ख्याल गर्नुपर्छ ।

कुन जानकारी नक्सामा राख्दा राम्रो हुन्छ ?
कुन जानकारीको फोटो प्रभावकारी हुन्छ ?
कुन जानकारीको समयक्रम राख्दा प्रष्ट हुन्छ ?
कुन जानकारीको चित्र दिंदा राम्रो हुन्छ ?
कुनै जानकारी तालिकामा राख्दा पो राम्रो हुन्छ ?

स्थानीय निकायलाई दिएको अनुदान हिनामिना भएको विषयमा रिपोर्टिङ गर्ने क्रममा प्रक्रिया नमिलेको रहेछ अर्थात् पहिले हुनुपर्ने काम पछि भएको रहेछ अथवा कुनै काम अति नै थोरै समयमा सकिएको देखाइएको रहेछ भने त्यसलाई तल दिइए झैं समयक्रममा राख्दा राम्रो हुन सक्छ :

- २०६९ जेठ २५ गते उपभोक्ता समितिका नाममा चेक जारी
- २०६९ जेठ २९ गते उपभोक्ता समितिद्वारा जिल्ला विकास समितिमा प्रस्ताव पेश
- २०६९ असार ३ गते गाविसद्वारा योजना छनोट समितिको बैठक (जसमा सो योजना छानिएको थियो), माइन्यूटमा वैशाखको मिति राखिए पनि सो बैठकको चियाखाजाको बिल चाहिं असार ३ गतेको छ ।)
- २०६९ असार १५ गते काम सम्पन्न (जबकि त्यो काम सम्पन्न गर्न कम्तीमा तीन महीना लाग्छ ।)
- २०६९ असार ५ गते काम सम्पन्न भएको भनी सुपरीवेक्षण प्रतिवेदन

*(यो काल्पनिक उदाहरण हो ।)*

## ५.३ शैली निर्धारण

हास्यव्यंग्यकार र राम्रो पत्रकारको एउटा कुरा मिल्छ रे। उनीहरू राम्रो विषय पत्ता लगाउँछन्, त्यसलाई दिमागमा खेलाउँछन् र नयाँ, रोचक तथा अनौठो शैलीमा प्रस्तुत गर्छन् भनी डेभिड र्‍यान्डलले लेखेका छन्। घटनामा आधारित समाचार लेख्ने पत्रकारले यतातिर ध्यान नदिए हुन्छ। यसो गर्न थाल्यो भने उसले अवगाल पनि पाउन सक्छ तर फिचर त्यसमाथि पनि खोजमूलक फिचर लेख्ने पत्रकारले त प्रस्तुति रोचक बनाउनै पर्छ। स्टोरी जति बढी गम्भीर भयो प्रस्तुति उति नै बढी रोचक बनाउनुपर्छ भनिन्छ।

उदाहरणका लागि, एउटा स्टोरी हेरौं:

*२०६२ सालमा वैशाखको मध्यदेखि गर्मी बढ्न थालेको थियो। पानी परेको थिएन। विराटनगरमा ३६ डिग्री सेल्सियससम्म गर्मी भएको थियो। जल तथा मौसम विज्ञान विभागले त्यस वर्ष मनसुन आइपुग्न सामान्यभन्दा पाँच दिन ढिलो हुन्छ भनेको थियो। तर आठ दिन बितिसक्दा पनि पानी परेको थिएन। सामान्यभन्दा नौ दिन ढिलो अर्थात् २०६२ साल असार ६ गते विराटनगरमा मनसुन आइपुग्यो। एक रातमा १०० एमएम पानी पर्‍यो। अघिल्लो दिन ३६ डिग्री पुगेको विराटनगरको तापक्रम २८ डिग्री सेल्सियसमा झर्‍यो।*

*मनसुन आइपुगेर यसरी मानिसले सन्तोषको सास फेर्न पाएको क्षणको स्टोरी पत्रकारहरूले फरक फरक तरीकाले लेखे। हस्त गुरुङले* आँखीझ्याल *भिडियो म्यागजिनका लागि स्टोरी तयार गर्दा भने अरूको भन्दा फरक शैली अपनाए। उनले पानी परेपछि खेतका आली तथा गह्रा पहेंलपुर पारेर घाँटी फुट्ला झैं कराउँदै, उफ्रँदै गरेका भ्यागुताको दृश्य खिचे र यिनकै दृश्यमार्फत माथिका सबै जानकारी आफ्ना दर्शकलाई दिए। यो शैलीलाई धेरै दर्शकले मन पराएका थिए किनभने यो नौलो थियो।*

## ५.४ लेखन

खोजमूलक स्टोरी लेख्ने काम सामान्य हार्डन्यूज लेखे जस्तो होइन। यस्तो स्टोरी लेख्न बस्नुभन्दा पहिले आफ्नो स्टोरीमा त्यस विषयका

कुन कुन पक्ष समेटिन्छन् र तिनलाई स्टोरीको कुन भागमा राख्ने भनी छरितो खाका बनाउनुपर्छ। यो भनेको म स्टोरीको शुरूमा यो बुँदा राख्छु, त्यसलाई बलियो बनाउन यो तथ्याङ्क वा यो भनाइ राख्छु, त्यसपछि फलानो बुँदा राख्छु, त्यसलाई मजबुत बनाउन यो घटना राख्छु वा फलाना विशेषज्ञको भनाइ राख्छु वा फलानो तथ्याङ्क राख्छु भनी स्टोरीको रूपरेखा तयार गर्नु हो, घरको नक्सा बनाए झैं। त्यसपछि त्यही ढाँचा अनुसारका सामग्री राख्दा स्टोरी लेख्न सजिलो हुन्छ।

कति रिपोर्टर यसो गर्न अल्छी मान्छन्। यसलाई नचाहिंदो काम भन्ने ठान्छन् अनि स्टोरी लेख्ने बेलामा तलमाथि दौड्दा दौड्दै हैरान हुन्छन्। स्टोरी लेख्न साह्रै गाह्रो हुन्छ, बढी समय लाग्छ भन्छन्। त्यो त हुँदै हो तर यस्तो खाका नबनाउनु भनेको चाहिं स्टोरी लेखनलाई आफैंले अझ बढी जटिल, कठिन बनाउनु हो। नदुखेको कपाल डोरीले बाँधेर दुखाउनु हो।

जुनसुकै खालको र जुनसुकै लम्बाइको पनि स्टोरी सामान्यतया चार भागमा बाँडिएको हुन्छः लीड, नटग्राफ, बीचको भाग र अन्त्य।

## ५.४.१. **लीड : मन छुने**

स्टोरी जस्ता खालका जानकारीबाट पनि सुरुआत गर्न सकिन्छ- कसैको भनाइ, तथ्याङ्क, दृश्य वर्णन, मुख्य बुँदा जेबाट पनि। यसको एउटै नियम छ, सुरुआत मानिसको मन छुने खालको हुनुपर्छ। यसले पाठक/श्रोता/दर्शकलाई बाँकी स्टोरी पनि गज्जबको छ भन्ने संकेत दिनुपर्छ। लीडले पाठकलाई स्टोरी पढ्न प्रेरित गर्नुपर्छ। लीडबाट नै पाठकले स्टोरी पढ्ने कि नपढ्ने भन्ने निर्णय गर्छ। राम्रो लीडले पाठकलाई थाहै नपाइ मूल पाठमा पुऱ्याउँछ। लीड सान्दर्भिक, सरल र चाखलाग्दो नभएमा पाठकलाई त्यो लीड छिचोलेर सामग्रीको मूल पाठमा पुग्न गाह्रो हुन्छ। त्यसैले लीड लेख्ने बेलामा पत्रकारले धेरै सिर्जनात्मक शक्ति खर्च गर्नुपर्छ भनिन्छ।

## वर्णन

खोजमूलक स्टोरी आफूले लेख्न लागेका विषयसँग सम्बन्धित रमाइला, अनौठा, अत्यास लाग्दा जानकारीको वर्णन गरेर शुरू गर्न सकिन्छ । यस्तो खालको लीड सामान्यतया दुई/तीन प्याराग्राफको हुन्छ ।

***उदाहरण***

*महाकाली नदीकिनारको सबैभन्दा उत्तरको गाउँ छाङ्ग्रुको एउटा होटलमा बसेर त्यसका सञ्चालकसँग केही बेर कुराकानी गरेपछि उनले आफ्नो घरको एउटा कोठामा लगे । सानो, चिटिक्क परेको त्यस कोठामा बाघका केही हड्डी तथा छालाका स-साना टुक्रा, पन्जा, नङ्ग्रा र मृगजस्तो सानो तिब्बती जंगली जनावर चिरुको ऊन साहतुस थियो ।*

*"यो त नमूना मात्रै जस्तो छ। बेच्नका लागि राखेको सामान छैन?"*

*"बेच्ने कुराहरू यहाँ राख्दैनौं । ती त दुई दिनका पाहुना हुन् । तथमाथि आउने-जाने गर्दा एक दुई दिन बास बस्छन् । त्यसपछि आ-आफ्नो बाटो लाग्छन् ।"*

यस लीडले विभिन्न वन्यजन्तुका अंगहरूको व्यापारका बारेमा सानो झलक प्रस्तुत गरेको छ । यसले पाठकलाई यस विषयमा थप कुरा पढ्न प्रेरित गरेको छ ।

***अर्को उदाहरण***

*काठमाडौं लैजान सामान लोड गर्दै गरेका बखत भैरहवा, गल्लामण्डीबाट नेपाली सेनाले बा. १ ख ६४७४ नम्बरको ट्रक जफत गऱ्यो । सवारी विवरणपत्रमा उल्लेख भएअनुसार १९९२ को मोडलको सो ट्रकको भन्सार निस्सा २०४४ साल जेठ २१ गतेको थियो । सो कागजलाई विश्वास गर्ने हो भने बन्नुभन्दा ५ वर्ष पहिले नै त्यो ट्रक भन्सार कार्यालयमा दस्तुर तिरेर नेपाल आएको हुनुपर्छ ।*

*त्यही गाडीको सवारी विवरणपत्र राम्ररी नियालेर हेर्दा थप कुरा थाहा भयो- सो ट्रकको वास्तविक नम्बर बा. १ ख ३५३८ मेटेर नयाँ नम्बर बनाइएको रहेछ । ट्रक वास्तवमा १९९९ को मोडलको रहेछ ।*

*उक्त कागजअनुसार त सो ट्रक बन्नुभन्दा १२ वर्ष पहिले नै नेपाल पसेको हुनुपर्छ ।"* (गाडी रोक्न यता भन्दा उता सक्रियता) ।

## परस्परविरोधी कुरा

परस्परविरोधी कुरा राखेर पनि लीड लेख्न सकिन्छ । पद वा जिम्मेदारीको दृष्टिले असुहाउँदो दृश्य अथवा व्यवहार देखाउँदा, कुनै विषयको पहिले र अहिलेको स्थिति तुलना गर्दा अथवा परस्परविरोधी वा विरोधीहरूका भनाइ उल्लेख गर्दा पाठकलाई रुचिकर हुने भएमा यस्तो लीड लेख्न सकिन्छ ।

***उदाहरण***

*औषधि व्यवस्था विभागका महानिदर्शेक डा. आस्फाक शेखको अफिस-टेबलको दुईतिहाइ भाग औषधिले ढाकिएको देख्दा लाग्छ उनी औषधिपसल गरेर बसिरहेका छन् ।*

*(नक्कली औषधिको मात्रा, धरापः तस्करी, हिंसा र अराजकताका कथा)*

*२०५४ साल जेठमा भएको स्थानीय निर्वाचनमा सिन्धुपाल्चोक जिल्लाको बाँसखर्क गाउँमा नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का कार्यकर्ताबीच झगडा भयो । चुनावको लगत्तै राप्रपाका कार्यकर्ताले कांग्रेसका कार्यकर्तालाई तह लगाउने विचार गरे । आफूले रिसइबी राखेका कांग्रेसी कार्यकर्ता नभेटेपछि राप्रपाका कार्यकर्ताले आफ्ना विरोधीका दुई जना नाबालक सन्तानलाई खुकुरीले काटेर मारे ।*

*यस घटनामा सरकारले रोहित दोङ समेत ६ जनालाई सिन्धुपाल्चोक जिल्ला अदालतमा ज्यान मुद्दा चलायो । तर मुद्दा किनारा लाग्न नपाउँदै २०५५ साउन ११ गते नेपाली कांग्रेसको नेतृत्वको सरकारले सो मुद्दा फिर्ता लिने निर्णय गर्‍यो ।*

*(उद्दण्ड र अराजक समाज)*

## महत्त्वपूर्ण बुँदा

आफूले लेख्न लागेको विषयका बारेमा केही महत्त्वपूर्ण बुँदा छोटकरीमा लेखेर पनि स्टोरी शुरू गर्न सकिन्छ। यसो गर्दा पाठकलाई अचम्मित बनाएर उसमा त्यस विषयमा थप कुरा जान्ने उत्सुकता जगाउन सकिन्छ ।

***उदाहरण***

- *२०५७ सालको शुरूमा एक महीनाभित्रै शिकारीले चारवटा गैंडा मारे ।*
- *२०५६ साल फागुनमा तिनै शिकारीले ११ दिनभित्र चारवटा गैंडा मारेका थिए ।*
- *त्यसभन्दा पनि अघि, सोही सालको असोजको शुरूतिर एक हप्तामै चारवटा गैंडा मारिएका थिए ।*

*(चोरी शिकार : खुला कारोबार)*

लीड लेख्ने कुनै निश्चित शैली छैन । त्यसैले माथि भनिएका बाहेकका शैलीमा लेख्दा पो लीड राम्रो हुन्छ कि भन्नेतर्फ जहिले पनि ध्यान दिनुपर्छ। लीड लेख्ने काममा पत्रकारले सिर्जनशील भएर नयाँ प्रयोग गर्न सक्छन्। लीड लेख्ने सम्बन्धी एउटै मात्र नियम के हो भने त्यसले पाठकको ध्यान तान्नुपर्छ, त्यो चाखलाग्दो हुनुपर्छ। सरल र चाखलाग्दो लेखाइ तथा सान्दर्भिक जानकारी भएको जुनसुकै लीडले पनि पाठकलाई बाँकी लेख पढ्न घचघच्याउँछ।

लीड जस्तो खालको लेखे पनि त्यो अनावश्यक शब्द नथोपरिएको, खँदिलो हुनुपर्छ। लीड सरल भएन भने यसले पाठकको ध्यान विकर्षण गर्छ। पत्रकारले आफूले जानकारी संकलन गर्दा कुनै चाखलाग्दो कुरा देखेको हुन सक्छ । चाखलाग्दो जानकारी पाएको हुन सक्छ अथवा कसैले चाखलाग्दो कुरा भनेको हुन सक्छ। त्यस्ता चाखलाग्दा कुराहरू आफ्नो सामग्रीसँग सम्बन्धित छन् भने तिनैका आधारमा लीड तयार गर्न सकिन्छ ।

### ५.४.२. नट ग्राफः मूल कुरो सम्झाउने

लीड पढुन्जेलसम्म पाठकले आफूले पढिरहेको रिपोर्टको महत्त्व र सार थाहा पाएको नहुन सक्छ । त्यसको अन्दाजसम्म गर्न सक्ला । त्यसैले दुई/तीन वा चार प्याराग्राफको लीड पछि स्टोरीको मुख्य कुरा भन्नुपर्छ। यति बेला पाठकले आफूले पढिरहेको स्टोरी कति महत्त्वपूर्ण रहेछ भन्ने कुरा थाहा पाउनुपर्छ। यसलाई अङ्ग्रेजीमा नट ग्राफ (गाँठी कुरा) भनिन्छ ।

यहाँ आफूले स्टोरी लेख्ने बेलामा जुन मान्यता राखेको थियो त्यही कुरा लेख्ने हो । त्यसैले नटग्राफमा के कुरा राख्ने भन्ने कुरा स्टोरी गर्न थाल्दै थाहा भइसकेको हुन्छ । यहाँ त्यही कुरा लेख्नुपर्छ जुन कुरा थाहा पाउँदा तपाईंलाई यस विषयमा स्टोरी गर्नुपर्छ भन्ने लागेको थियो र सम्पादकलाई जुन कुरा सुनाउँदा उनले यो स्टोरी गर्नुपर्छ भनेका थिए। यतिबेला तपाईंले आफ्ना पाठकलाई यो स्टोरीले महत्त्वपूर्ण र गम्भीर विषय उठाएको छ भन्ने कुरा बुझाउनु पर्छ । उसलाई यो स्टोरी पढ्न मनाउनुपर्छ ।

***उदाहरण***

*नेपालमा पेट्रोलियम पदार्थमा भएको मिसावटका कारण वर्षेनि रु.१ अर्बभन्दा बढीको तेल-घोटाला भइरहेको छ । यसमा तेल ओसार्ने ट्याङ्कर र तेल बेच्ने पेट्रोल पम्पहरूको मुख्य भूमिका देखिए तापनि पर्दापछाडि नेपाल आयल निगमको कर्मचारीतन्त्र र तिनलाई संरक्षण दिने आपूर्ति मन्त्रालयका पदाधिकारी एवं राजनीतिक शक्तिहरूको समेत मिलोमतो छ ।*

### ५.४.३. बीचको भाग : छाड्न नमिल्ने

बीचको भाग लेख्नु भनेको स्टोरी लेख्न बस्नुभन्दा अघि तयार गरेको स्टोरीको अस्थिपञ्जरमा मासु भर्नु हो। यतिबेला एउटा बुँदा अन्तर्गत पर्ने सबै जानकारी एकै ठाउँमा राख्नुपर्छ र एउटा बुँदाबाट अर्को बुँदामा जानका लागि बाटो सजिलो बनाइदिनुपर्छ ।

खोजपूर्ण सामग्रीमा लीड र नटग्राफ भन्दा पछि पृष्ठभूमि, विषयको व्यापकता, कारण, प्रभाव, पक्ष-विपक्षका तर्क-वितर्क, भविष्यको अवस्था जस्ता कुरा राख्नुपर्छ। कुन कुरालाई कहाँ राख्ने भन्ने निर्णय रिपोर्टरले नै गर्नुपर्छ । आवश्यक परेमा सम्पादकको सल्लाह लिन सकिन्छ ।

**तथ्य–तथ्याङ्क**

तथ्य-तथ्याङ्कले लेखलाई भरपर्दो बनाउँछ। यसले स्टोरीको मान्यतालाई प्रमाणित गर्ने आधार दिन्छ। 'भैरहवा भन्सार क्षेत्रमा चैत २०५७ देखि परिचालित सेनाको राजस्व गस्ती टोलीले २०५८ फागुन मसान्तसम्म ४५ गाडी जफत गरी भैरहवा भन्सार कार्यालय चलान गरेको थियो' जस्ता तथ्यांकले यो समस्या कति ठूलो छ भन्ने कुरा बुझ्ने अवसर दिन्छ।

**पृष्ठभूमि**

स्टोरीले उठाएका विषयसँग सम्बन्धित पृष्ठभूमिले कुनै घटना/काम कुन सन्दर्भमा भएको रहेछ भन्ने कुरा स्पष्ट पार्न मद्दत गर्छ। यसले त्यस खालका घटना बारम्बार भइरहेका छन् भन्ने देखाउँछ। त्यस्ता घटना पहिले हुने गरेका भन्दा फरक छन् कि उस्तै भन्ने जानकारी दिन्छ। उदाहरणका लागि, नेपालबाट भारततिर भइरहेको सुपारी चोरी निकासी सम्बन्धी स्टोरी लेख्ने हो भने यसअघि त्यही ठाउँमा भएका अन्य वस्तुहरूको तस्करीका बारेमा पनि उल्लेख गर्नुपर्छ। तर पृष्ठभूमि धेरै लेखियो भने यसले पाठकलाई दिक्क लगाउँछ।

**भनाइ**

कुनै मानिसले राम्रो कुरा भनेको छ भने त्यसले मानिसको ध्यान तान्छ। यसले पाठकलाई त्यस विषयमा बढी नजिक पार्छ। भनिन्छ, राम्रो भनाइले भद्दा लेख-रिपोर्टलाई जीवन्त तुल्याउँछ, जीवन्त लेख-रिपोर्टलाई अझ राम्रो बनाउँछ। सम्बन्धित विषयमा बोल्ने हैसियत भएको मानिसले भनेको कुराले रिपोर्टलाई प्रामाणिक-आधिकारिक बनाउँछ।

***उदाहरण***

*बेच्ने कुराहरू यहाँ राख्दैनौं। ती त दुई दिनका पाहुना हुन्। तलमाथि आउने-जाने गर्दा एक-दुई दिन बास बस्छन् । त्यसपछि आ-आफ्नो बाटो लाग्छन्...*

*(चोरी सिकार: खुला कारोबार)*

नेपाल र भारतबाट बाघको हड्डी तिब्बत जाने र तिब्बतबाट साहतुस नेपाल र भारततिर आउने प्रक्रियाका बारेमा महाकाली किनारको एउटा गाउँमा बस्ने र त्यस कारोबारमा संलग्न एक जना व्यापारीको यो भनाइले त्यस्तो सामानको कारोबार कसरी भइरहेको छ भन्ने कुरा प्रष्ट पार्छ। व्यापारीकै भनाइ भएकाले पाठकले यसलाई विश्वास गर्छन्।

पीडित पक्षको भनाइले लेखलाई मार्मिक बनाउँछ । त्यसमा मानवीय संवेदना थप्छ र लेखलाई पठनीय बनाउँछ। कसैको भनाइलाई अवस्था हेरी जस्ताको तस्तै राख्न सकिन्छ अथवा छोटो पारी उसको आशय मात्र राख्न सकिन्छ। छोटो पारी राख्दा बोल्ने मान्छेको भाषा मिलाउन सकिन्छ, अनावश्यक शब्द निकाल्न सकिन्छ तर भनाइको सार भने फरक पर्नुहुँदैन। इन्भर्टेड कमाभित्र राख्ने हो भने उसको भनाइ जस्ताको तस्तै राख्नुपर्छ।

**शब्दचित्र**

कुनै पनि विषयमा पाठकको ध्यान पूर्ण रुपमा तान्न उसलाई विषयका विविध पक्ष आफैंले देखेको जस्तो अनुभूति दिनुपर्छ । यसका लागि लेख-रिपोर्टसँग सम्बन्धित घटनाको शब्दचित्र प्रस्तुत गर्नुपर्छ।

***उदाहरण***

*डढेको कपाल, कालो ध्वाँसो लागेको अनुहार, घाउ भएको गाला र घाँटीदेखि पैतालासम्म पट्टी बाँधिएकी लक्ष्मी एकनासले चिच्च्याइरहेकी थिइन् । त्यो चिच्च्याहट सुन्न उनका आफन्त त्यहाँ कोही थिएनन् । सँगैको बेडकी बिरामी कुरुवा लक्ष्मीको अवस्था हेरेर बस्न सकिनन् र नर्ससँग आग्रह गरिन्, “निद्रा लाग्ने*

*सुई लगाइदिनुभए त सुत्थिन् होला। सहन गाह्रो भए जस्तो छ।"*
*(घरै असुरक्षित)*

## पक्ष–विपक्षका कुरा

रिपोर्टलाई सन्तुलित बनाउनका लागि कसैमाथि दोषारोपण गरिसकेपछि आरोपित पक्षको भनाइ पनि समावेश गर्नुपर्छ। पक्ष-विपक्षका कुरा राख्नाले दुवै पक्षका कुरा थाहा पाउने अवसर पाठकले पाउँछन्। यसो गर्दा पाठकको ध्यान पनि सजिलै तानिन्छ। सबै पक्षलाई समेटेको खण्डमा पाठकले पत्रकार निष्पक्ष भएको महसूस गर्छ।

***उदाहरण***

*तस्करहरू गाडी लिएर बारम्बार उम्केका पनि छन्। प्रहरीले बुझाएका गाडीका मालिकहरू गाडीको कागजपत्र लिई स्वामित्व दाबी गर्न आएमा ती कागजपत्र ठीक भए/नभएको जानकारी उपलब्ध गराउन भन्सारले सम्बन्धित अञ्चलको यातायात व्यवस्था कार्यालयलाई पत्र पठाउँछ। यसैबीच सम्बन्धित कर्मचारी तथा गाडी मालिकका बीच भेटघाट हुन्छ र खातापाता तथा कागतपत्र मिलाइन्छ। लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालयका प्रमुख बच्चेलाल रायले 'अहिले त्यस्तो भएकै छैन' भन्ने दाबी गरे पनि पूर्व एएस्पी खाँण ठोकुवा गर्छन्, "चोरीका गाडीलाई नेपाली नम्बर दिने र कागजात मिलाउने काम यातायात व्यवस्था कार्यालयकै कर्मचारीले गर्छन्।*
*(गाडी तस्करीको पुरानो तरीका, नयाँ रुट)*

## गलत काम गर्ने तरीका वर्णन

कसैले नियम मिचेर व्यक्तिगत फाइदा लिइरहेको छ भनेर विश्वास दिलाउन त्यो काम कसरी हुन्छ भन्ने प्रष्ट पार्नुपर्छ।

***उदाहरण***

*घुस लेनदेन भएपछि तीन किसिमले भन्सार राजस्व छलिन्छ :*
*१. थोरै सामानको भन्सार तिरेर धेरै सामान छिराएर*

*२. धेरै भन्सार दर भएको सामानलाई थोरै भन्सार दरको देखाएर*
*३. बढी मूल्यको सामानलाई कम मूल्यको देखाएर*

*(तस्करीः वीरगञ्जको त्रासदी)*

*प्रायः गरेर दुई किसिमका चोरीका गाडीहरू नेपाल भित्रिने गर्दछन् । एक, गुजरात, बम्बई लगायत नेपाल-भारत सीमाभन्दा धेरै टाढा रहेका राज्य र शहरहरूबाट गाडीधनीहरू स्वयं आफ्नो गाडी सीमा नजिकका शहरमा ल्याउछँन्, सस्तोमा बेच्छन् र घर फर्केर गाडी चोरी भएको रिपोर्ट गर्छन् र बीमा कम्पनीमा दाबी गरेर मोटो रकम हात पार्छन् ।... दुई, गाडीमालिक वा व्यापारीको घर अथवा शोरुमबाट गाडी चोरिन्छ र बजारमा पाइने ब्लुबुक फारममा गाडीको इन्जिन तथा चेसिस नम्बर भरेर यातायात व्यवस्था समितिका पदाधिकारीको नक्कली हस्ताक्षर गरी रातारात नेपाल प्रवेश गराइन्छ ।*

*(गाडी तस्करीको पुरानो धन्दा, नयाँ रुट)*

## घटनाक्रम

कुनै स्टोरीमा घटनाक्रम दिंदा पाठकलाई त्यस विषयमा जान्न सजिलो हुन्छ । तर यस्तो जानकारी वाक्यमा लेखेर दिनुभन्दा त्यसलाई बुँदागत रूपमा राखिदिंदा पाठकले सजिलै बुझ्न सक्छ । यसो गर्दा ठाउँ पनि थोरै भए पुग्छ । अर्कातिर लेख शब्दैशब्दले भरिएको भद्दा देखिंदैन ।

## फ्लो चार्ट

फ्लो चार्टले कुनै पनि काम कुन प्रक्रियाबाट गुज्रन्छ भन्ने कुरा देखाउँछ । पेट्रोलियम पदार्थमा कसरी मिसावट हुन्छ भन्ने कुरालाई यस्तो चार्टमा देखाउँदा यसले कुरा अझ बढी मात्रामा स्पष्ट पार्छ ।

## नक्सा

रिपोर्टसँग सम्बन्धित घटनाहरू कुनकुन ठाउँमा भएका रहेछन् भन्ने कुरा प्रष्ट पार्नका लागि नक्साले धेरै मद्दत गर्छ । उदाहरणका लागि, नेपालको बाटो हुँदै भारत र चीनका बीचमा हुने वन्यजन्तुका अंग ओसारपसार गर्ने बाटो र त्यस्ता वस्तु नेपालमा बरामद गरिएको

जानकारी समावेश भएको नक्साले विषयवस्तु राम्रोसँग बुझ्न मद्दत गर्छ ।

### ५.५.४. अन्त्य : बिर्सन नसकिने

खोजमूलक स्टोरीको अन्त्य पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । पाठकले स्टोरी अन्तिम वाक्यसम्म पढ्छ भनेर लेखिन्छ ।

स्टोरीको अन्त्य कसरी गर्ने भन्ने विषयमा कुनै सूत्र छैन । सामान्यतया, थालनीमा उठाएकै पक्षसँग सम्बन्धित कुराबाट अन्त्य गर्न सकिन्छ । पूरै लेखको निचोड पेश गरेर पनि अन्त्य गर्न सकिन्छ । कसैको भनाइ उपयुक्त भएमा त्यसबाट पनि स्टोरीको अन्त्य गर्न सकिन्छ ।

***उदाहरण***

*"यस्ता (तस्कर) धेरै व्यक्तिहरू वीरगन्जको राजनीति, समाजसेवा, संघ संगठन, पत्रकारिता सबैतिर स-सम्मान छाएका छन्," बुद्धिजीवी मोहनप्रसाद लाखे भन्छन्– "वीरगन्जेली समाजका लागि यो एउटा त्रास बनेको छ ।"*

*(तस्करी: वीरगन्जको त्रासदी)*

तस्करीले वीरगन्जका हरेक पक्षलाई जकडेको छ भन्ने विषयको लेखमा एकजना बुद्धिजीवीले तस्करीको प्रभाव बारेमा व्यक्त गरेको विचारले पाठकको ध्यान लेख पढिसकेपछि पनि त्यस विषयतिर तान्छ भन्ने ठानेर यसरी लेखको अन्त्य गरिएको हो ।

## लेखन भनेको पुनर्लेखन

भनिन्छ, लेखन भनेको पुनर्लेखन हो । खोजमूलक स्टोरी सामान्य समाचार जस्तो होइन । यसलाई पटक पटक परिमार्जन गर्नुपर्छ । कहिलेकाहीं आफूले लेख्नुअघि तयार गरेको खाका फेर्नुपर्ने हुनसक्छ । आधा लेखिसकेपछि फेरि शुरू गर्नुपर्ने हुनसक्छ । शब्द, वाक्य,

अनुच्छेद दोहोऱ्याएर मिलाउनुपर्ने हुनसक्छ । शब्द-शब्द, वाक्य-वाक्य, प्याराग्राफ-प्याराग्राफको सम्बन्ध मिलाउनुपर्ने हुनसक्छ । अनावश्यक शब्द र प्रसङ्ग परेका रहेछन् भने तिनलाई फाल्नुपर्छ । लेखन सरल रहेनछ भने त्यसलाई सरल बनाउनुपर्छ ।

खोजमूलक अथवा अन्य फिचर लेख्दा सिर्जनात्मक लेखनमा अपनाइने विधिबाट सिक्न सकिन्छ किनभने यो समाचार जस्तो हतारको साहित्य होइन । राष्ट्रकवि माधव घिमिरेले भनेका छन्, "म सय लेख्छु भने दश बाँकी राख्छु, कविता छाँटकाँट गर्दा म आफैंमाथि निष्ठुर हुन्छु- मूर्तिकारले ढुंगामा छिनो हान्दा जस्तै, पहिले प्रसस्त र पछि केही मात्र निष्ठुर ।"

हामी पत्रकारलाई साहित्यकारको जस्तो शब्द, शैली र शिल्प आउँदैन । तर हामीले यहाँ के कुरा बुझ्नुपर्छ भने ती कुरामा धनी साहित्यकारहरू पनि यति धेरै मिहिनेत गर्दा रहेछन् ।

पद्य कविता लेख्ने माधव घिमिरे मात्र होइन गद्य कविता लेख्ने भूपि शेरचन पनि यसै गर्दा रहेछन् भन्ने कुरा उनले आफ्नै बारेमा लेखेको तलको कविताले प्रष्ट पारेको छ ।

*केही लेख्छन्*
*यसो हेर्छन्*
*चित्त बुझ्दैन*
*अनि केर्छन्*
*पुनः लेख्छन्*
*पुनः हेर्छन्*
*लामो सास फेर्छन्*
*कठैबरा, बिचरा*
*'भूपि' शेरचन !*

*(भूपि शेरचन, घुम्ने मेचमाथि अन्धो मान्छे)*

फिचर, खोजमूलक रिपोर्ट तयार गर्ने पत्रकारले पनि भूपि शेरचन र माधव घिमिरेले जस्तै पुनर्लेखन गर्नैपर्छ । भनिन्छ, राम्रा

पत्रकार आफ्नो स्टोरी धेरै पटक पुनर्लेखन गर्न झिंझो मान्दैनन् । अप्ठ्यारा शब्द र वाक्यलाई सरल बनाउँछन् । स्टोरीको एउटा बुँदाबाट अर्को बुँदामा जान पाठकलाई सजिलो हुने बाटो बनाउँछन् । शैली नयाँ तर सरल बनाउने प्रयास गर्छन् । सामान्य मानिसलाई थाहा नभएका शब्द सकेसम्म चलाउँदैनन्, चलाउनु परिहालेमा पनि तिनको व्याख्या गरिदिन्छन् ।

अन्त्यमा, जोन उल्मानको रिपोर्ट सम्पादन गर्दाको अनुभव हामीलाई पनि उपयोगी हुनसक्छ। उनले भनेका छन्, “हरेक प्रोजेक्टको अन्त्यमा तथ्य, निष्पक्षता र सन्दर्भ सही छ कि छैन भन्ने जाँच्नका लागि हामीले एक एक लाइनका एक एक शब्द चेक गर्‍यौं । ...मैले स्टोरीको मस्यौदा हातमा लिएँ र त्यहाँ उल्लेख भएका तथ्य जाँच्नका लागि रिपोर्टरले डकुमेन्ट हेरे । कोट सही छन् कि छैनन् भनेर जाँच्नका लागि रिपोर्टरले अन्तर्वार्ताका पूर्ण अंश उतारिएको कम्प्युटरको फाइलबाट कोट पढे । हरेक कुरा ठीक छन् कि छैनन् भनेर जाँच्ने यो हाम्रो अन्तिम अवसर थियो ...स्टोरीको अन्त्यमा नपुगेसम्मै हामीले यो प्रक्रिया दोहोर्‍यायौं किनभने धेरै समस्या तथ्यका कारणले होइन हामीले उपयोग गरेका शब्द –क्रिया विशेषण र विशेषण– बाट आउने गर्छन् । कुनै कुरालाई कसरी भन्ने भन्ने कुरा के भन्ने जत्तिकै महत्त्वपूर्ण हुन्छ । ...हामीले नामको हिज्जे र कुनै मिति जस्ता सामान्य कुरा मात्रै जाँच गर्ने होइन ।”[२]

---

[२] John Ullmann Quoted in *The Investigative Reporters's Handbook: A Guide to Documents, Databases and Techniques*, Fifth Edition, Brant Houston and Investigative Rporters and Editors, Inc., 2009.

# अनुसूची

एउटा चिनियाँ भनाइ छ– "तपाईंलाई कुनै ठाउँ जानु पऱ्यो तर त्यहाँ जाने बाटो थाहा छैन भने त्यहाँ पुगेर आएका मानिसलाई सोध्नू।" खोज पत्रकारिताको बाटो थाहा पाउने मामलामा पनि यही कुरा लागू हुन्छ।

यस अनुसूचीमा खोज पत्रकारिताको बाटो हिंडेर आएका रिपोर्टरका अनुभव र उनीहरूले तयार गरेका स्टोरी राखिएका छन्। यी स्टोरी अत्युत्तम हुन् भन्ने होइन। यिनमा भएका राम्रा कामको अनुकरण गरेर र गल्ती–कमजोरी नगरेर राम्रा स्टोरी तयार गर्न सकिन्छ।



तृष्णा कुँवर

# प्रमाणको डंगुर

सुदूरपश्चिमको वनमा गडबड भइरहेको छ भन्ने कुरा स्थानीय पत्रपत्रिका पढेर थाहा पाएँ। बुझ्दै जाँदा यो गम्भीर विषय रहेछ भन्ने थाहा भयो । त्यसपछि खोज पत्रकारिता केन्द्रका सम्पादकसँग स्टोरी गर्ने बारेमा कुराकानी गरें ।

स्टोरी गर्न थालेपछि जानकारी भेला गर्न ६ महीना लाग्यो । दुई महीना जति त वन मन्त्रालय, वन विभाग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट जानकारी लिनका लागि नै लाग्यो। यस क्रममा मैले सरकारी निकायले तयार गरेका विभिन्न प्रतिवेदन पढें । कति प्रतिवेदन अनौपचारिक रूपमा पाएँ भने कति औपचारिक रूपमै। न्यायिक आयोगले तयार गरेको प्रतिवेदन पनि पढें। संसद्को समितिले पनि यस विषयमा अध्ययन गरेको थियो। त्यसको प्रतिवेदन पनि हेरें।

यी प्रतिवेदनबाट के कुरा थाहा भयो भने सरकारी प्रतिवेदनले जसलाई वन फँडानी गरेको अभियोगमा कारबाहीका लागि सिफारिस गरेको थियो ती कर्मचारीहरूलाई सुदूरपश्चिमका वन कार्यालयहरूमा पठाइएको रहेछ ।

जानकारी लिनका लागि धेरै मानिससँग कुराकानी गरें । सुदूरपश्चिमका काठका व्यापारीहरू टिम्बर कर्पोरेशन बाक्लै जाने गर्दा रहेछन्। त्यहाँ उनीहरूबाट पनि धेरै कुरा थाहा पाएँ। सरकारी कर्मचारीले पनि जानकारी दिने काममा सहयोग नै गरे ।

वन फँडानी भएका ठाउँमा १६ दिन घुमेर जानकारी लिएँ। काठ तस्करको जालझेलमा परेर जेलमा राखिएका केही निर्दोष मानिस पनि

भेटें। स्थलगत अध्ययनका क्रममा धेरै मानिस बोल्न डराए किनभने वन माफियाको जालो तलदेखि माथिसम्मै थियो। "वन तस्कर यहाँ आउँदा रूखका पात पनि हल्लिन डराउँछन्", त्यहाँ प्रायः सबैले यसै भन्ने गर्थे। कम्मरमा अथवा पाइन्टको खल्तीमा राखिएको पेस्तोलको झलक देखाएर मलाई तर्साउन खोज्नेहरू पनि भेटिए। जानकारी लिन, ती जानकारी भेरिफाइ गर्नका लागि स्थानीय पत्रकारको पनि सहयोग लिएँ।

फेसबुकले पनि मद्दत गऱ्यो। काठ काट्ने गिरोहका एकजना चल्तापुर्जा मानिस प्रधानमन्त्री बाबुराम भट्टराईका प्रिय कार्यकर्ता रहेछन्। मलाई ती मानिसको फोटो चाहिएको थियो। ती मानिस एकजना पत्रकार साथीका फेसबुक फ्रेन्ड रहेछन्। उनीमार्फत ती मानिसको फेसबुक हेर्दा एउटा गज्जबको फोटो फेला पऱ्यो। ती मानिसले बाबुराम भट्टराईलाई उनी प्रधानमन्त्री हुनुभन्दा पहिले मोटरसाइकलमा हालेर चाँदनी दोधाराको झोलुङ्गे पुल तार्दै गरेको फोटो थियो त्यो। त्यसमा दुवैजनाको अनुहार स्पष्ट देखिन्थ्यो।

मैले करीब तीनसय पेज दस्तावेज भेला गरेकी थिएँ। सम्बन्धित बिल, भरपाई, अफिसियल टिप्पणी, सरकारी निर्णय, तस्करका बयान, मिसिलहरू, आन्तरिक प्रतिवेदन, मन्त्रालय अन्तर्गतका पत्राचारहरू आदि प्रमाणहरूको डंगुर थियो मसँग। तिनलाई व्यवस्थित गर्न निकै गाह्रो भयो।

स्टोरी लेख्नका लागि निकै मिहिनेत गर्नुपऱ्यो। पहिलो मस्यौदा बीस हजारभन्दा बढीको थियो। शुरूमा सामुदायिक वनमा भएको फँडानीका बारेमा लेख्न थालेकी थिएँ। तर यसै बीचमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वन फँडानी गर्नेहरूका विरुद्ध मुद्दा दायर गरेपछि यस विषयको जानकारी छताछुल्ल भयो। त्यसपछि मैले संकलित सूचना र सामग्रीलाई पुनः केलाएर वन फँडानीकै अर्को पाटोमा स्टोरी बनाउने विचार गरें।

यो स्टोरी तयार गर्न एघार महीना लाग्यो। तर मैले राम्रो काम गरें भन्ने लागेको छ। स्टोरी तयार गर्दा तालिम लिए जस्तो पनि लाग्यो। कति धेरै कुरा जान्ने मौका पाएँ।

# रूख हिंड्ने बाटो

**तृष्णा कुँवर**

डा. बाबुराम भट्टराई महाकाली नदीको लामो झोलुंगे पुलमा सयर गर्दैछन् *(हे. फोटो)*। उनलाई आफ्नो मोटरसाइकलका पछाडि राखेर यात्रा गराउने 'सवारी मन्त्री' हुन्- एमाओवादीका स्थानीय नेता कर्णबहादुर बिष्ट। भीमदत्त नगरपालिका-३ का यी बिष्ट कञ्चनपुरको शहीद स्मृति सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष पनि हुन्।

वन फँडानी गरी काठ तस्करी गर्न वन क्षेत्रभित्र अवैध रूपमा बाटो खनेको अभियोगमा खोरको हावा खाइसकेका छन् कर्णबहादुर बिष्टले। कन्चनपुर जिल्लाका वन अधिकृत रमेशबहादुर चन्दले 'अवैध काठ ओसार्ने उद्देश्यले डडेल्धुराको चुरे क्षेत्रसम्म बाटो खनेबापत' यी बिष्टसहित दुई जनालाई २०६८ पुस १९ गते पक्राउ गरी थुनामा राखेका थिए। हरिया रूखको सवारी चलाउन अवैध बाटो खन्ने अर्का व्यक्ति थिए गणेश सामुदायिक वनका अध्यक्ष, सुडा गाविस-७ का चन्द्रकान्त भट्ट। तर प्रधानमन्त्री दाहिना भएकाले यी दुवै जनाले धेरै दिन थुनिनु परेन। पक्राउ परेको चौथो दिन पुस २२ गते नै धरौटीमा छुटकारा पाइहाले।



## काठ तस्करीका लागि सडकको जालो

कतिपय जिल्लाका सदरमुकामले आजसम्म सडकको मुख देख्न पाएका छैनन्। तर सुदूरपश्चिमको चुरे क्षेत्रका वनमा चाहिं काठ ओसार्न अनेकौं फराकिला सडक बनेका छन्। सबै सडकहरूले चुरे क्षेत्रका सामुदायिक वनहरूलाई पूर्व-पश्चिम राजमार्गसँग जोडेका छन् । डडेलधुराको जोगबुडा गाविसको वडा नं. ४,५,६ र ९ बाट चारवटा, डडेल्धुराकै आलिताल गाविसको ५ र ६ नं. वडाबाट दुइटा, कन्चनपुरको सुडा र दैजी गाविसबाट दुइटा अनि भीमदत्त नगरपालिका अन्तर्गतको ब्रह्मदेवबाट एउटा गरी यस्ता नौवटा सडक निर्माण गरिएका छन् ।

२०६८ कात्तिक-मंसीरमा काठ तस्कर र तिनका मतियारहरूले करोडौं रूपैयाँ खर्च गरेर बनाएका यी सडकको कुल लम्बाइ ५० किलोमिटरभन्दा बढी छ। यसका निम्ति झण्डै दुई महीनासम्मै नौवटा डोजर रातदिन प्रयोग गरिएको स्थानीय बासिन्दाहरू बताउँछन् । एमाओवादीका केन्द्रीय सदस्य जगतबहादुर पार्की लगायतको नेतृत्वमा खनिएका यी सडक निर्माण गर्ने क्रममा धाकधम्की दिएर जोगबुडा गाविसका बासिन्दालाई समेत काम लगाइएको थियो । कसैले विरोध गरेमा 'कारबाही' गरिने चर्को धम्कीका कारण गाउँलेहरू त्यसबेला चूपचाप काम गर्न बाध्य भएका मात्र थिएनन्, आज पनि आफ्नो नाम उल्लेख गरेर तस्कर र तिनका मतियारहरूबारे बोल्न उनीहरू हिम्मत गर्दैनन् ।



रमाइलो त के भने, दुई-दुई महीनासम्म ठूलो तामझामका साथ जोडतोडले यी सडकको 'निर्माण कार्य' चलिरहँदा पनि स्थानीय प्रशासन र वन कार्यालयका पदाधिकारीहरूले 'केही पनि थाहा पाएनन्।' बीचबीचमा ड्यूटी पूरा गर्न गश्ती टोलीहरू नहिंड्ने होइनन् तर न तिनीहरू काठ तस्करहरूका अगाडि केही बोल्न सक्थे, न त तिनले ढालेका विशाल रूखहरू नै देख्न सक्थे। २०६८ मंसीर ९ गते ब्रह्मदेव रेन्ज पोष्टबाट गएको गस्ती टोली शहीद स्मृति सामुदायिक वनको पाटनी ढुंगा वन क्षेत्रमा पुग्दा त्यहाँ दर्जनौं मजदूर र डोजर प्रयोग

गरी धमाधम अवैध बाटो खनिदै थियो। तर टोलीले त्यो काम रोक्न सकेन। बरु बाटो खनाउने नाइके, उक्त सामुदायिक वनका अध्यक्ष कर्णबहादुर बिस्टलाई नै 'बाटो निर्माण कार्य बन्द गराइदिन अनुरोध' गरेर फर्कियो। त्यसको १७ दिन पछि, मंसीर २६ गते कन्चनपुर जिल्ला वन कार्यालय फिल्ड निरीक्षणका लागि त्यहाँ पुग्दा पनि दृश्य लगभग उस्तै थियो; बाटो बनिसक्न लागेको थियो। तर वन कार्यालयले पनि काम रोकाएन बरु 'डोजर लगाई बाटो निर्माण गर्दा के-कति रूखबिरुवा नोक्सान भए, सोको विवरण खुलाई पठाउन' सहायक वन अधिकृत गोपालदत्त जोशीले उनै कर्णबहादुरलाई अनुरोध (चलानी नं १०२०, मिति २०६८/६/२६) पठाए।

## ... उसकै ठूलो स्वर !

'सवारी मन्त्री' कर्णबहादुर यस्ता पत्रबाट के डराउँथे ? उनले वन कार्यालयलाई तुरुन्तै लिखित जवाफ पठाए– 'शहीद स्मृति सामुदायिक वन उपभोक्ता समितिको निर्णय र कार्ययोजना बमोजिम मैले उक्त समितिको अध्यक्षको हैसियतले डोजरबाट प्रति घण्टा १५ सय रुपैयाँ भाडा दिने गरी फायरलाइन मर्मत गराएको हुँ। यसमा अरू कसैको संलग्नता छैन।'

वनको कुनै पाटोमा अकस्मात् आगलागी भयो भने अर्को पाटोमा आगो नपुगोस् भनेर बीचमा केही रूखहरू काटी एउटा लाइन निर्माण गरिन्छ जसलाई फायरलाइन भनिन्छ। फायरलाइन बनाउन जिल्ला वन कार्यालयको स्वीकृति चाहिन्छ र वनका कर्मचारीहरूकै उपस्थितिमा यो काम सम्पन्न हुनुपर्छ। सामुदायिक वनले आफ्नो तजबिजमा फायरलाइन बनाउन पाउँदैन। कर्णबहादुरले बाटो बनाएको क्षेत्रमा न फायरलाइन पर्दथ्यो, न त उनले यसका लागि अनुमति नै लिएका थिए। फायरलाइन मर्मतको कुरा दिउँसै रात पार्ने झुट मात्र थियो। गणेश सामुदायिक वनका अध्यक्ष चन्द्रकान्त भट्टले पनि वन कार्यालयलाई फायरलाइन निर्माण लगायतका गाँजेमाजे कुरा गरेर अल्झाउन खोजेका थिए।

यसबीचमा ब्रह्मदेव रेन्ज पोस्ट र बेतकोट रेन्ज पोस्टले क्रमश: शहीद स्मृति सामुदायिक वनमा साढे दुई किलोमिटर र गणेश सामुदायिक वनमा तीन किलोमिटर अवैध बाटो खनिएको प्रतिवेदन दिए । यी दुई सामुदायिक वनका अध्यक्षहरूले वन क्षेत्रभित्र विना इजाजत बाटो खनेको पुष्टि भएपछि उनीहरूलाई वन ऐन २०४९ को दफा ५० (क) बमोजिम एक वर्ष कैद र दश हजार रुपैयाँ जरिवानाको दाबीसहित मुद्दा चलाइयो ।

२०६८ पुस २२ गते कन्चनपुर जिल्ला वन कार्यालयले उनीहरूको बयान लियो । जिल्ला वन अधिकृत रमेश चन्दको इजलासमा कर्णबहादुरले भने– '२०६८ मंसीर ७, १४ र १५ गते शहीद स्मृति सामुदायिक वनको नर्सरीदेखि पाटनी ढुंगा क्षेत्रसम्म डोजर लगाई बाटो निर्माण गराएको हुँ । डोजर नं. वा १ क ७२८२ हो। डोजर धनी मालिका निर्माण सेवाका संचालक, भीमदत्त नगरपालिका-१८ बस्ने रघुवीर साउद हुन्। निर्माण गरिएको बाटोको लम्बाइ तीन किलोमिटर र चौडाइ दुईमिटर जति छ । पाँचदेखि छ किलोमिटर बाटो खन्ने लक्ष्य थियो ।' त्यहाँ पनि उनले वन उपभोक्ता समितिको निर्णय बमोजिम बाटो खनिएको बताए। बयानमा उनले स्पष्ट शब्दमा भनेका थिए– 'यहाँ बाटो खन्ने स्वीकृति मैले कुनै निकायबाट लिएको छैन ।' कर्णबहादुरकै सहयोगी, भीमदत्त नगरपालिकाका रामबहादुर जप्रेल समेतका मानिसले त्यसभन्दा दुई दिन अघि, पुस २० गते गरिएको सर्जमिन मुचुल्कामा उनको कर्तुत खुलेर बयान गरेका थिए ।

पुस २२ गते कर्णबहादुरसँगै बयान दिने चन्द्रकान्त भट्टले पनि वन उपभोक्ता समितिको निर्णय अनुसार नै आफूले वनमा बाटो बनाएको बताएका छन् । यसका लागि प्रतिघण्टा १८ सय रुपैयाँको दरले डोजर प्रयोग गरेको बताउँदै डोजर धनी र चालकलाई आफूले नचिनेको र डोजर नम्बर बिर्सेको उनले बयान दिए ।

चन्द्रकान्तले २०६८ कात्तिक ११ गते आफ्नै अध्यक्षतामा बैठक राखी गणेश सामुदायिक वनभित्र बाटो बनाउने मात्र होइन ढलापडा

'काठदाउरा' संकलन गर्ने समेत प्रस्ताव पारित गराएका थिए। त्यसमा साल, खयर लगायतका काठ कटानी-ढुवानी गर्ने मजदूरलाई प्रतिक्युफिट ३० रुपैयाँ ज्याला तोकिएको थियो। वनबाट १६ लाख मूल्य बराबरका दाउरा र ३० लाख मूल्य बराबरका काठ झिक्ने योजनामा वन अधिकृतबाट स्वीकृति लिएका थिए। त्यसरी संकलन गरिने १८,७४० क्युफिट काठ र २७५ चट्टा दाउरा घाटगद्दीमा राख्ने समेत निर्णय भएको थियो। सडक बन्यो, योजना मुताबिक काठ र दाउरा वनबाट झिकियो तर साराका सारा काठ-दाउरा बीचमै हरायो, घाटगद्दीमा पुगेन। उनीमाथि वनमा तीन किलोमिटरको एउटा बाटो खनेको मात्र मुद्दा चलाइएको छ।

## तनहूँबाट उफ्रेर डडेलधुरा

कर्णबहादुर र चन्द्रकान्तमाथि त जे-जस्तो भए पनि वनले कारबाही गर्‍यो। तर जल्दोबल्दो पार्टीका सभासद् र केन्द्रीय नेताहरू नै काठ तस्करीका निम्ति वनमार्ग बनाउने धन्दामा लागेपछि तिनीहरूलाई कारबाही गर्ने आँट वनका कर्मचारीहरूमा कसरी आओस् ?

आकर्षण पनि कति चर्को ? तनहूँ जिल्लाबाट संविधानसभामा पुगेका एमाओवादीका तत्कालीन सभासद् भीमप्रसाद गौतम निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत आफूले पाएको १० लाख रूपैयाँ आफ्नो जिल्ला र निर्वाचन क्षेत्रलाई सुँघ्न पनि नदिई डडेलधुरामा वनमार्ग निर्माणका लागि 'लगानी' गर्न पुगे। उनले दिएको पैसाबाट चुरे क्षेत्रका विभिन्न सामुदायिक वनलाई राजमार्गसम्म जोड्न (आलिताल गाविसको घरेलुदेखि जोगबुडा गाविसको गाईबाधेसम्म) सडक खनिएको छ। २०६८ पुसमा निर्माण शुरू गरेर चैतमा सम्पन्न भएको यस सडकले काठ तस्करीमा उल्लेखनीय योगदान पुर्‍याएको छ।

सभासद् गौतमले यस कामका लागि आलिताल-६ का किसनबहादुर धामीलाई आफ्नो प्रतिनिधि बनाई अख्तियारी दिएका थिए भने एमाओवादीका केन्द्रीय सदस्य जगतबहादुर पार्कीले यस कार्यमा संरक्षकको भूमिका खेलेका थिए। धामी र पार्की समेतको सक्रियतामा

२०६८ मंसीर २५ गते बसेको 'आम भेला' ले यो सडक बनाउने निर्णय मात्र गरेन, 'यस कार्यमा अवरोध पुऱ्याउने जो कसैलाई पनि कारबाही गरिने' समेत निर्णय गरेको थियो । निर्णय सार्वजनिक गरिएपछि कतैबाट अवरोध पनि आएन ।

यसबाहेक, जगतबहादुर पार्कीले आफ्नै एकल नेतृत्वमा समेत चुरेका वनलाई राजमार्गसँग जोड्ने बाटो निर्माण गरेका छन् । सडक आसपासका करीब दुई दर्जन सामुदायिक वनहरूमा पार्कीले रूख कटानी गर्दै आएको बताउँछन् गाउँलेहरू । यसैगरी, डडेलधुराकै तत्कालीन माओवादी सभासद् हरिलाल थापाले पनि 'वनमार्ग' बनाउन रकम लगानी गर्दै आएका छन् ।

काठ तस्करको समूहले डडेल्धुराको सामुदायिक वनमा तीनवटा सडक बनाएको छ जसको कुल लम्बाइ करीब ३० किलोमिटर छ । समूहमा एमाओवादीका डडेलधुरा जिल्ला कमिटी सदस्य धनबहादुर धामी (विवेक), वाईसीएल जिल्ला इन्चार्ज एके धामी (अथक), मिलन धानुकसहित स्थानीय माओवादी कार्यकर्ताहरू, नेपाली कांग्रेस-जोगबुडाका कमल सिंह साउद, बुद्धि धामीलगायत रहेका छन् । कन्चनपुरको सुडामा काठ मिल चलाउँदै आएका ठेकेदार पवन सिंहले यसका निम्ति तीनवटा डोजरको जोरजाम गरेका थिए ।

## काठ तस्करको रजाइँ

वनको नियम अनुसार, सामुदायिक वनमा कसैले पनि रकम लगानी गरेर काठ लैजान पाउँदैन । तर यहाँ सामुदायिक वन दर्ता गराउने काम नै कन्चनपुरका काठ व्यापारी र काठ तस्करको संलग्नतामा शुरू भएको थियो । वन दर्ता गर्नेदेखि अन्य विभिन्न खर्च समेत तिनले बेहोरेका थिए । वन कटानी गर्नुभन्दा केही महीना अगाडिदेखि नै उनीहरू स्थानीय क्याम्पस, विद्यालय र अन्य संस्थामा 'सहयोग गर्ने' आश्वासन बाँड्छन् । 'अवरोध' गरे ठीक नहुने धम्की दिन्छन् । फलतः वन मासिंदा, तस्करीका लागि सडक बन्दा र काठ तस्करी हुँदा समेत स्थानीय जनता मौन बस्ने गरेका छन् ।

डडेलधुरा जिल्लामा काठ काट्ने ठेकेदारका रूपमा भीमबहादुर साउदको नाम बहुचर्चित छ। उनले विभिन्न वनबाट हरेक वर्ष लाखौं क्युफिट काठ लैजाने गरेको स्वयं वनका कर्मचारीहरू नै बताउँछन्। जगतबहादुर पार्की, पवन सिंह, लालबहादुर बोहरा आदिको समेत सहयोगमा चुरे क्षेत्रका एक दर्जन सामुदायिक वनमा दरो पकड बनाएका साउद विद्यालय भवन अथवा सानातिना निर्माण कार्य गरिदिएर गाउँलेहरूलाई हातमा लिन माहिर छन्। रूख कटानी र काठ तस्करीको विरोध गरेमा 'गाउँमा नबसे पनि हुन्छ' भन्ने धम्की चाहिं उनको टोलीले दिने गरेको छ।

## हेर्दाहेर्दै गायब

रूख काटेर लडाइएका गिण्डा (करीब ६ फीट लामा मूढा) वन कर्मचारीहरूले जतातत्तै भेट्ने गर्छन् यहाँका सामुदायिक वनमा। त्यसपछि वन कार्यालयले त्यसको रेखदेख शुरू गर्छ। अनि रेखदेखकै बीचमा साराका सारा गिण्डा अचानक गायब हुने गर्छन्। अघिल्लो दिन लडिरहेका गिण्डा दोस्रो दिन हुँदैनन् र वन कार्यालय 'काठ हराएको' रिपोर्ट बनाएर आफ्नो कर्तव्य पूरा भएको ठान्छ।

२०६८ कात्तिक र मंसीर महीनामा वैजनाथ सामुदायिक वन (साव) मा ५५ वटा रूख काटिएका र तिनका २४४ थान गिण्डा भेटिएका थिए। एडिवन सावले त्यही साल पुसमा २८ रूख काटेर १०३ गिण्डा बनाएको थियो। २०६९ जेठमा वन कर्मचारीहरूले त्यहाँ अवैध कटान गरिएका ४७० गिण्डा फेला पारे। जगदम्बा सावमा ५२, नवदुर्गामा ६४३, ग्वाँसी समैजीमा ७३९, रंगुनीभिरमा २००, दुर्गाभगवतीमा १०२३ र वसन्त हरियाली सावमा ५२१ गिण्डा भेटिएका थिए। तर यी सम्पूर्ण गिण्डा रेखदेखका बीचमै हराएका छन्। जिल्ला वन कार्यालयको रेकर्ड अनुसार कुल ३७११ गिण्डा (करीब १५ हजार क्युफिट काठ) यसरी हराएको छ। यस क्रममा वसन्त हरियाली सावमा १० हजार क्युफिटभन्दा बढी काठ अवैध कटानी भएको छ। खोटो संकलनका लागि टेपिङ गरिएको एउटा पनि रूख बाँकी छैन।

काठ तस्करीले पूरै क्षेत्र ज्यादै बदनाम भयो भनेर चौतर्फी दबाब परेपछि कन्चनपुरका जिल्ला वन अधिकृत लालनारायण सिंहले २०६८ चैत २३ गते पर्चा खडा गरेर जिल्लाका २४ वटा काठ मिललाई एक-एक हजार रुपैयाँ जरिवाना गर्दै सातबुँदे निर्देशन थमाए । अवैध काठको डंगुर थुपारेर रातदिन चिरानीमा व्यस्त रहेका कञ्चनपुरका जयफेदा समिल, गोविन्द समिल, घनश्याम समिललगायतका काठ मिलहरू कडा कानूनी कारबाहीको दायरामा आएनन् ।

## मन्त्रालयको संलग्नता

२०६६ साल दशैंताका २४ जिल्लामा व्यापक वन कटानी शुरू भएको थियो । कैलाली, कन्चनपुर, डडेलधुरा, सर्खेत, बाँके, बर्दिया, नवलपरासी, कपिलवस्तु, दाङ, अर्घाखाँची, रूपन्देही, पाँचथर, इलाम, झापा, मोरंग, सुनसरी, उदयपुर, मकवानपुर, बारब, सर्लाही, रौतहट, सिन्धुली र महोत्तरीका जंगलहरू वैध, अवैध कटानीको चपेटामा परे । त्यसवेला देशका प्रधानमन्त्री माधवकुमार नेपाल, वनमन्त्री दीपक बोहरा र वन विभागका महानिर्देशक माधव आचार्य थिए । वनबाट 'लाभ' उठाउने बारेमा उनीहरू एकमत भएका थिए ।

स्थिति निकै चर्केपछि २०६७ जेठ १८ गते व्यवस्थापिका-संसद्को प्राकृतिक स्रोत र साधन समितिले सभासद् रामकुमार शर्माको संयोजकत्वमा 'वन संरक्षण समस्या अध्ययन उपसमिति' गठन गर्‍यो । समितिले सातवटा टोली गठन गरेर २७ जिल्लाका वनको स्थिति अध्ययन गरी प्रतिवेदन दियो जसमा मेचीदेखि महाकालीसम्म व्यापक रूपमा वन फँडानी एवं कटानी भएको र त्यसमा वनका जिम्मेदार पदाधिकारीहरू संलग्न रहेको उल्लेख गरिएको थियो। काठ ठेकेदारहरूले सामुदायिक वनबाट प्रति क्युफिट काठ २५० देखि ३०० रुपैयाँमा खरीद गरेर तीन हजार रुपैयाँसम्ममा बेच्ने गरेको पनि प्रतिवेदनले बताएको थियो । त्यसपछि संसद्ले सबैखाले वनमा काठ, दाउरा कटानी रोक्न तथा कटानी भइसकेकाको ओसारपसार र बिक्रीवितरण पूर्ण रूपमा बन्द गराउन वन तथा भूसंरक्षण मन्त्रालयलाई निर्देशन

दियो । मन्त्रालयले वन विभाग तथा क्षेत्रीय वन निर्देशनालयहरूलाई सोही अनुसारको निर्देशन दिने कागजी औपचारिकता पूरा गऱ्यो । तर न वन कटानी र काठ तस्करीको गति कम भयो न त मन्त्रालय वा वनमन्त्रीले नै यसप्रति कुनै उत्सुकता देखाए ।

यसै क्रममा सरकारले पूर्व मुख्य न्यायाधीश गोविन्दप्रसाद पराजुलीको अध्यक्षतामा २०६७ साउन २८ गते 'वन अतिक्रमण, वन विनाश तथा सामुदायिक वन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग' गठन गऱ्यो । आयोगले काम शुरू गरेको तीन हप्ता बित्न नपाउँदै वन सचिव युवराज भुसाल छटपटिन थाले। उनले भदौ ३० गते आफ्नै अध्यक्षतामा बैठक बसालेर असारसम्ममा चिरान भइसकेका काठको ओसारपसार फुकुवा गरिदिन आयोगमा सिफारिश पठाए। यसको लगत्तै सम्बन्धित महाशाखा प्रमुखले पनि त्यस्तै बैठक बसालेर लगभग उही बेहोराको सिफारिश आयोगमा पठाए। त्यतिले काम नबन्ने देखेपछि वन सचिव भुसालले मंसीर १६ गते आफ्नो अध्यक्षतामा अर्को बैठक बसालेर 'संयन्त्र गठन गरी काठ तथा दाउरा ओसारपसार फुकुवा गर्ने' निर्णय गराए र त्यो निर्णय प्रस्तावका रूपमा वनमन्त्रीमार्फत मन्त्रिपरिषद्मा पेश गराए। वनमन्त्रीको जोडका बाबजूद मन्त्रिपरिषद्ले प्रस्ताव पारित गरेन । यसबीच, पराजुली आयोगले माघमा बुझाएको प्रतिवेदनलाई मन्त्रालयले फासफुस बनाइसकेको थियो । त्यसपछि चैत २ गते वन विभागका महानिर्देशकको अध्यक्षतामा बैठक बसालेर विभिन्न कामका लागि काठको बिक्रीवितरण र ओसारपसार फुकुवा गर्न वनमन्त्रीलाई अनुरोधपत्र पठाए । यस क्रममा तत्कालीन वनमन्त्री दीपक बोहरा, वन सचिव युवराज भुसाल र वन विभागका महानिर्देशक गोपालकुमार श्रेष्ठले यस्तो बाधा फुकुवा नगरेमा 'राजस्वमा प्रतिकूल असर पर्न जाने' तर्क दिएका थिए – व्यवस्थापिका संसद् र मन्त्रिपरिषद्मा ।

यसैबीच यो 'तिकडम' लाई सहयोग पुऱ्याउन काठ व्यवसायी संघका अध्यक्ष कपिल अधिकारीले 'लिलाम स्वीकृत भइसकेका काठ-दाउराको ओसारपसार फुकुवा गरिपाउन' सर्वोच्च अदालतमा रीट हालेका थिए । २०६८ जेठ आइपुग्दा नपुग्दै यिनीहरूको मोर्चाले

विजय पायो । जेठ ८ गते तत्कालीन वनमन्त्री भानुभक्त जोशीको अध्यक्षतामा बसेको बैठकले मोर्चाको 'ड्राफ्ट' बमोजिम मन्त्रीस्तरीय निर्णय गरिदियो । यसरी बाटो खुलेपछि नै वनको विनाश द्रुतगतिमा, निर्वाध रूपले हुन थाल्यो। काठ तस्करहरूलाई दशैं आयो र सामुदायिक वनका पदाधिकारीहरू पनि मौकामा चौका हान्ने होडबाजीमा लागे । त्यसपछि आजसम्म कति वन विनाश भयो र कति काठ तस्करी भयो त्यसको पूर्ण विवरण कसैसँग छैन ।

## अख्तियारको ढोंग

यस क्रममा सुदूरपश्चिमका १०८ सामुदायिक वनका ५०० भन्दा बढी क्षेत्रमा सरपट (रूख जति सिनित्तै पारेर) वन फँडानी भएको छ । यसैबीच, तीन महीनाअघि, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक पाटोको मात्र अध्ययन गरेर करीब साढे सात लाख क्युफिट काठ (पाँच लाख क्युफिट साल र झण्डै सवा लाख क्युफिट सल्लो समेत) काटिएको दाबी गरेको छ। स-साना कर्मचारी र सामान्य मानिसहरूलाई कारबाहीको दायरामा पारे पनि अख्तियारले वन विनाशका मूल दोषी ठूला ठेकेदार, तस्कर, सचिव, मन्त्री, पूर्वसभासद् र नेताहरूतर्फ औंलो ठड्याउन सकेको छैन ।

सन् २०११ लाई संयुक्त राष्ट्रसंघले विश्वभर 'रूख नकाट्ने वर्ष' का रूपमा मनाएको थियो । तर नेपालमा चाहिं वन मन्त्रालयको तत्परतामा काठ तस्करहरूले 'रूख काट्ने वर्ष' का रूपमा मनाए । प्रधानमन्त्री नै आफ्ना पछाडि भएपछि काठ तस्करहरूलाई छुने कसका बाबुको के पिताम ?



देवकुमार सुनुवार

# पछि लागेको लाग्यै

काठमाडौंको प्रसूति गृहमा नौजना सुत्केरीलाई घातक रोग सरेको समाचार प्रकाशित छापिएपछि यो गम्भीर कुरा हो भनेर यस विषयमा खोजमूलक स्टोरी तयार गर्ने विचार गरें। समाचारमा नआएका जानकारी खोज्न थालें। सबैभन्दा पहिले सामान्य जानकारी दिनसक्ने मानिसको खोजी गरें। यस बारेको खबर सबैभन्दा पहिले अस्पतालका कर्मचारी युनियनका एकजना पदाधिकारीले मिडियालाई दिएका रहेछन्। उनले केही कुरा बताए तर त्यो भरपर्दो थिएन।

त्यस उप्रान्त, रोग सरेपछि उपचारका लागि त्यहाँबाट अरू अस्पतालमा पठाइएका बिरामी खोजें। केही बिरामी अस्पतालबाट विदा भइसकेका थिए। तिनको उपचार गर्ने डाक्टरहरूलाई भेटें। उनीहरूले के शंका गरे भने प्रसूति गृहबाट भनिएजस्तो पञ्जालगायत अपरेसन थिएटरको उपकरणबाट रोग फैलिएको नहुन सक्छ। ती माध्यमबाट रोग फैलन धेरै समय लाग्छ। डाक्टरहरूलाई लागेको थियो, एनेस्थेसियामार्फत त्यो रोग फैलिएको हुनसक्छ।

यसबीच सरकारले त्यस घटनाको छानबिन गर्न एउटा समिति गठन गरेको थियो। त्यसका सदस्यहरूले बोल्न मानेनन्। प्रसूति गृहका पनि कसैले बोल्न मानेनन्। रिपोर्ट नआइञ्जेल बोल्दैनौं भने।

युनियनका मानिसको सहायताले मैले प्रसूति गृहका औषधि हेर्ने मानिसलाई भेटें। उनीबाट के थाहा पाएँ भने अस्पतालका नर्सहरूले बजारमा उतिसारो नचलेका औषधि नल्याउन बारम्बार अनुरोध गर्ने गरेका थिए। त्यसपछि मैले औषधि खरीद प्रक्रिया पनि हेर्न खोजें।

सामान्य ढंगले माग्दा जानकारी नदिएपछि मैले सूचनाको हक सम्बन्धी कानूनको उपयोग गर्दै जानकारी पाउन निवेदन दिएँ। त्यसपछि अधुरो जानकारी पाएँ।

यसैबीच मैले शंका गरिएको औषधिको नाम थाहा पाएँ। पछि लागेको लाग्यै गरेपछि एनेस्थेसियाका लागि अस्पतालमा प्रयोग गरिएको औषधि नै हात लगाउन सफल भएँ। यो औषधि उपयोग गर्न उपयुक्त छ कि छैन भनेर जाँच्नका लागि नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको प्रयोगशालामा गएँ। त्यहाँ त्यस औषधिको रिफरेन्स स्टान्डर्ड (के चाहिं ठीक हो भन्ने आधार) नभएकाले त्यसका बारेमा जाँच्न नसकिने बताइयो। त्यसपछि औषधि जँचाउन निजी क्षेत्रको अर्को प्रयोगशालामा पुगें।

यसक्रममा मैले अस्पतालको अपरेसन थिएटरमा डाक्टरले लेखेको नोट पनि लिएँ। त्यस औषधिका आपूर्तिकर्तालाई पनि भेटें। उनले हामीले कम्पनीलाई यो कुरा बतायौं मात्र भने।

जानकारी खोज्ने काम एकातिर मात्रै गरिनँ। शंका गरिएको औषधिबाट मानिसमा रोग संक्रमण हुने सम्भावना छ कि छैन भनी गुगल सर्च इन्जिनमा मेडिकल जर्नल सर्च गरें। त्यसरी प्राप्त डकुमेन्टहरूले त्यसो हुन्छ भन्ने संकेत गरे।

थप जानकारी खोज्ने क्रममा मैले के थाहा पाएँ भने नेपालको औषधि नियमन गर्ने प्रणाली सारै कमजोर रहेछ। यसले डरलाग्दो कुरातर्फ संकेत गरेको छ।

# ज्यानमारा औषधि : घातक उपचार

**देवकुमार सुनुवार**

गत भदौका अन्तिम दिनहरू थापाथलीस्थित प्रसूति गृहका लागि 'संकटको साता' का रूपमा देखा परे । भदौ २५ देखि २९ गतेसम्म शल्यक्रिया गरी बच्चा निकालिएका नौ जना सुत्केरीहरू अपरेसन भएको केही घन्टाभित्रै जीवन र मृत्युको दोसाँधमा पुगे । एकाएक असहनीय रूपमा टाउको दुख्ने, वाकवाकी लाग्ने, घाँटी अररिने एनेस्थेसिया दिन ढाडमा सुई लगाएको ठाउँमा असह्य पीडा हुने, अति उच्च ज्वरो आउने, थर्थरी काम्ने, सम्हाल्नै नसकिने गरी छटपटाउने, आँखा धमिलो हुने, बेसुरका कुरा गर्ने जस्ता डरलाग्दा समस्याले उनीहरू आक्रान्त भए । त्यसको कारण बुझ्न नसकेर आत्तिएका डाक्टरहरूले हतारहतार कडा एन्टिबायोटिक र दुखाइ कम गर्ने इन्जेक्सन दिँदै गए। त्यसले समस्या घट्नुको सट्टा सुत्केरीहरूको अवस्था झन्-झन् गम्भीर हुँदै गयो । त्यसपछि धमाधम उनीहरूलाई निजी अस्पतालहरूमा पठाइयो। वरिष्ठ डाक्टरहरूको बैठकले भदौ ३० देखि असोज १ गते सम्म तीन दिनका लागि अपरेसन थिएटर बन्द गर्ने निर्णय गर्‍यो ।

५४ वर्षअघि स्थापना भएको 'परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल' नेपालको पहिलो र सर्वाधिक साधन-सुविधा सम्पन्न प्रसूति अस्पताल हो र यो 'प्रसूति गृह' नामले चिनिन्छ। अस्पतालको इतिहासमा यस्तो पहिलोपल्ट भएको थियो। तर, भदौ २८ सम्म पनि डाक्टरहरूले समस्यालाई उति गम्भीरतासाथ लिएका थिएनन् । शल्यक्रिया गरिएका

सुत्केरीहरूको बेहाल भएको खबर सार्वजनिक भएपछि उनीहरूले पहिले त अपरेसन थिएटरमा प्रयोग पञ्जा र अन्य उपकरणहरूबाट संक्रमण फैलिएको बताए। तत्काल त्यहाँ प्रयोग गरिएका सम्पूर्ण (३९ थरीका) औजार र उपकरणहरूको जाँच गर्दा त्यो कुरा गलत साबित भयो। त्यसपछि शल्यक्रिया गरिएका सुत्केरीहरूमै जटिलता भएको हल्ला चलाइयो। यसैबीच सो अवधिमा शल्यक्रिया प्रयोग गरिएका सबैखाले औषधिहरू प्रसूति गृहको स्टोरबाट रातारात गायब भए। शल्यक्रिया गरिएकी एकजना सुत्केरी र त्यसरी जन्माइएका दुई बच्चाको मृत्यु भइसकेको छ भने अन्य केही सुत्केरीहरू हालसम्म पनि जटिल समस्या भोगिरहेका छन्।

## पीडाको पहाड

कलंकी, स्युचाटारकी २४ वर्षीया लता गुरुङलाई कान्तिपुर अस्पताल पठाइकोमा चार दिनपछि, असोज २ गते त्यहींको आईसीयुमा उनको मृत्यु भयो। उनको उपचारमा संलग्न कन्सल्टेन्ट फिजिसियन डाक्टर युवराज शर्माका अनुसार, कान्तिपुर अस्पतालमा ल्याइपुऱ्याउँदा लताको दिमागी अवस्था शून्यमा पुगिसकेको थियो। ब्लडप्रेसर ज्यादै कम र मुटुको धड्कन एकदमै अनियन्त्रित थियो।

भेन्टिलेटर र अन्य औषधिहरूले उनको अवस्था सुधार्न सकेनन्। अन्ततः विभिन्न अंगहरूले काम गर्न छाडेर (मल्टीअर्गान फेलिएर) उनको ज्यान गयो। सोही अस्पतालमा पठाइएका, २८ वर्षीया सुशीला शर्मा र १९ वर्षीया विन्दा घिमिरे भने पाँच दिनको उपचारपछि घर फर्केका छन्। काठमाडौं मेडिकल कलेजमा पठाइएकी भक्तपुरकी २४ वर्षीया दीपा थापालाई करीब एक महीना भेन्टिलेटरमा राखेर घर फर्काइयो। त्यसपछि पनि बेसुरका कुरा गर्ने, पागलपन जस्तो देखाउने र त्यसै क्रममा घरबाट भाग्ने गरिरहेकाले उनलाई 'फलोअप' का लागि नियमित अस्पताल लैजाने गरिएको छ। त्यहीं पठाइएकी २४ वर्षीया सपना पराजुली भने एक हप्ताको उपचारपछि घर फर्केकी छन्।

पालुङ (मकवानपुर) की २० वर्षीया भगवती अमात्यको अवस्था शल्यक्रियापछि संकटपूर्ण मात्र भएन, उनले दूध खुवाएको नवजात बच्चाको भदौ ३० गते प्रसूति गृहमै मृत्यु भयो। त्यसपछि उनलाई स्टार अस्पताल पठाइयो। एकहप्तापछि त्यहाँबाट डिस्चार्ज भएर घर आए पनि ढाड र टाउको असहनीय रूपमा दुख्ने क्रम जारी छ। जन्मेको बच्चा के कारणले मऱ्यो भन्नेसम्म डाक्टरहरूले भन्न नसकेको हुँदा भगवती र उनका पति गणेशकुमारले थप पीडा अनुभव गरिरहेका छन्। स्टार अस्पतालमै पठाइएकी २१ वर्षीया दिया श्रेष्ठ र ३७ वर्षीय चन्द्रकुमारी काफ्ले एकहप्तापछि घर फर्केका भएपनि अपरेसन गरेको घाउ पाक्ने, सुई लगाएको ठाउँ (ढाड) मा असह्य दुख्ने, टाउको दुखिरहने लगायतका समस्याले दुवै जना डाक्टरहरूकहाँ धाइरहेका छन्। चन्द्रकुमारीका पति अर्जुन काफ्ले भन्छन्, 'प्रसूति गृहमा उनी यतिसारो छटपटाइन् कि डाक्टरहरूले बहुलालाई झैं चारै हातगोडा बाँधेर राखे, त्यही क्रममा उनका अगाडिका चारवटा दाँत समेत हल्लिए।' उता, ब्लुक्रस अस्पताल पठाइएकी २६ वर्षीय दिपा श्रेष्ठलाई एक हप्ताको उपचारपछि घर फर्काइयो जसको पाँच दिनपछि बिरामी भएको उनको शिशुको कात्तिक १३ गते मृत्यु भयो।

दीपाका जेठाजु राजेन्द्र श्रेष्ठ (जो प्रसूति गृहले यही काण्डमा गठन गरेको छानबिन समितिका सदस्य हुन्) भन्छन्, 'डाक्टरहरूले पहिला त निमोनिया भएको भने; तर बच्चालाई आमाको दूध खुवाएको कारणले हो वा केले हो, संक्रमण भएछ र उसको ज्यान गयो।' यसैबीच छानबिन समितिले बुझाएको प्रतिवेदनले उपचारको क्रममा प्रयोग भएका औषधि तथा अन्य सामग्रीहरू उचित गुणस्तरका नभएको र औषधि खरीद प्रक्रिया पारदर्शी नभएको कुरा स्पष्ट शब्दमा खुलस्त पारेको छ।

## औषधि नै विषाक्त

पीडितका आफन्तहरूले समग्र उपचार प्रक्रियाबारे जोडदार आवाज उठाएपछि अस्पतालले त्यहींका डा. अमिर बाबु श्रेष्ठको संयोजकत्वमा

गठन गरेको छानबिन समितिले गत असोज ७ गते त्यहाँ प्रयोग गरिएका ११ किसिमका औषधिहरू परीक्षणका लागि राष्ट्रिय औषधि व्यवस्था विभागमा पठायो । विभागका प्रयोगशाला प्रमुख मोहनप्रसाद अमात्यले खोज पत्रकारिता केन्द्र (खोपके) लाई बताए, 'हामीले ती औषधिहरू कीटाणुमुक्त छन्/छैनन्, तिनमा ढुसी परेको छ/छैन र ती स्टेरायल गरिएका (पूर्णतः व्याक्टेरियाविहीन र एकदमै सफा) छन्/छैनन् भनेर दुई हप्ता लगाएर परीक्षण गऱ्यौं । शंका लागेका नमूनाहरूको दोहोऱ्याएर समेत जाँच गरियो । त्यसपछि दुईवटा औषधिहरू ऱ्यानीटिडिन इन्जेक्सन र अक्सिटोसिन इन्जेक्सनमा कीटाणु र ढुसी रहेको तथा तिनलाई स्टेरायल नगरिएको प्रमाणित भयो। त्यही रिपोर्ट हामीले प्रसूति गृहलाई दियौं ।'

प्रसूति गृहका एनेस्थेसियोलोजिस्ट डा. छत्रकृष्ण श्रेष्ठका अनुसार शल्यक्रिया गरिएका उक्त नौजना सुत्केरीहरू सबैलाई यी दुवै इन्जेक्सन दिइएको थियो। (ऱ्यानीटिडिन इन्जेक्सन शल्यक्रियाका क्रममा दिइएका एन्टीबायोटिक औषधिको रियाक्सनबाट ग्यास्टिक नहोस् भनेर दिइन्छ भने अक्सिटोसिन इन्जेक्सन पाठेघरबाट हुने रक्तश्राव रोक्न दिइन्छ ।) कीटाणुयुक्त, ढुसी परेका, ब्याक्टेरिया रहेका र फोहोर भएका इन्जेक्सन सुत्केरीहरूलाई लगाइदिएपछि उनीहरूको हालत नाजुक हुनु स्वाभाविकै थियो।

विडम्बना के भने, प्रसूति गृहकी निर्देशक डा. शीला वर्मा औषधि व्यवस्था विभागले ती औषधिको जाँच गरेर कुनै रिपोर्ट पठाएको मान्नसम्म तयार छैनन् । 'कसैले कुनै रिपोर्ट दिएको छैन । म यसबारे केही कुरा गर्न चाहन्नँ', उनको भनाइ थियो । उता, प्रसूति गृह विकास समितिका अध्यक्ष डा. श्यामसुन्दर मिश्र पनि यस्तो रिपोर्टबारे आफूलाई थाहा नभएको र बोर्डको बैठकमा पनि कसैले कुरा नउठाएको बताउँछन् ।

यसबीच विभागले ती औषधिका आयातकर्ताहरूलाई पनि बजारबाट त्यस ब्याचका (ब्याच नं. एसआरए ११३) इन्जेक्सन तुरुन्त फिर्ता लिन पत्र पठायो। दुवै इन्जेक्सन भारतबाट आयात गरिएका थिए। तीमध्ये ऱ्यानीटिडिनको आयातकर्ता 'इन्जेक्सन नेपाल' (बालुवाटार) का अध्यक्ष

शेषकान्त सुवेदीले बताए अनुसार, उनीहरूले बजारबाट त्यस ब्याचको इन्जेक्सन फिर्ता त मगाए तर एउटै पनि फिर्ता आएन, किनभने त्यतिन्जेलसम्ममा त्यो इन्जेक्सन सबै बिकिसकेको थियो ।

अक्सिटोसिन इन्जेक्सनको आयातकर्ता 'मिन्को फर्मास्युटिकल्स' (क्षेत्रपाटी) का प्रोप्राइटर मृगेन्द्र श्रेष्ठले भने त्यस ब्याचका (ब्याच नं. ४०२) करीब '८०० एम्पुल' इन्जेक्सन बजारबाट फिर्ता गरिसकेको जानकारी दिए ।

## घातक इन्जेक्सन

शल्यक्रिया गर्नुअघि नौजना सुत्केरीलाई मेरुदण्डमा 'बुपिभकाइन' इन्जेक्सन दिएर लठ्याइएको (स्पाइनल एनेस्थेसिया दिइएको) थियो । त्यसपछि उनीहरू सबैलाई मेनेन्जाइटिस वा मेनेन्गिस्मस् भएको उल्लेख गरेका छन्, तिनलाई उपचार गर्ने निजी अस्पतालहरूले 'डिस्चार्ज शीट' मा । लता गुरुङ, सुशीला शर्मा र बिन्दा घिमिरेको उपचारमा संलग्न कान्तिपुर अस्पतालका वरिष्ठ डा. युवराज शर्मा भन्छन्, 'मेनेन्जाइटिसमा दिमागको पूरै आवरण सुन्निएको हुन्छ भने मेनेन्गिस्मस्मा चाहिं केही भागमा त्यस्तो असर परेको हुन्छ । मकहाँ ल्याइएका तीनै जनामा मेनेन्गिस्मस्को लक्षण थियो । उनीहरूको स्वास्थ्यमा असर पार्ने केही कुरा मेरुदण्डमा दिइएको इन्जेक्सनमार्फत दिमागमा पुगेर यस्तो भएको देखिन्छ ।' स्टार अस्पतालका डाइरेक्टर डा. अनिल पोखरेल र ब्लुक्रस अस्पतालका न्युरोलोजिस्ट दिनेश विक्रम शाहले आफूकहाँ पठाइएका सुत्केरीहरूमा मेनेन्जाइटिसको लक्षण देखिएको र सोही अनुसार उपचार गरेर घर पठाइएको बताए । 'मेरुदण्डमा दिइएको इन्जेक्सन बाहेक, शल्यक्रियामा प्रयोग गरिएका उपकरणहरूबाट कीटाणुहरू शरीरमा प्रवेश गरेकै भए पनि तिनले त्यति छिटो दिमागमा पुगेर असर गर्न सक्दैनन्', डा. शाह स्पष्ट पार्छन् । जनस्वास्थ्य विशेषज्ञ डा. शरदराज वन्तको विश्लेषण पनि यस्तै छ ।

लता गुरुङ लगायतको शल्यक्रियामा संलग्न, प्रसूति गृहका एनेस्थेसिसिस्ट डा. अमीर बाबु श्रेष्ठ समेत स्पाइनल एनेस्थेसिया दिन

लगाइएको बुपिभकाइन इन्जेक्सनमै मेनेन्जाइटिस गराउने केमिकल मिसिएको हुनसक्ने स्वीकार्छन् । उनका अनुसार, यो औषधि ढाडबाट सोझै, तत्काल दिमागमा पुग्छ र सुत्केरीहरूमा देखिएको समस्या पनि दिमागकै नसासँग सम्बन्धित छ। उनले थपे, 'यो समस्या देखा परेपछि हामीले औषधिको ब्रान्ड परिवर्तन गऱ्यौं, त्यसपछि यस्तो समस्या देखिएको छैन ।' सुत्केरीहरूलाई मेरुदण्डमा ट्रोईका फर्मास्युटिकल्स (भारत) बाट निर्मित बुपिट्रोए नामक बी १५१५२ ब्याच नं. को 'बुपिभकाइन' इन्जेक्सन दिएर लठ्याई शल्यक्रिया गरिएको थियो ।

यसैबीच, भदौ ३१ गते काठमाडौं मेडिकल कलेजले सोही ब्याच (बी १५१५२) को उही इन्जेक्सन (बुपिभकाइन) लगाएर एनेस्थेसिया दिई रमिला गौतम (नाम परिवर्तन) को शल्यक्रिया गरेको थियो । त्यसको लगत्तै उनमा प्रसूति गृहका सुत्केरीहरूकै जस्ता समस्या देखा परे । कलेजले तत्काल उनको ढाडबाट पानी निकालेर 'लम्बरपम्चर' परीक्षण गर्दा उनलाई ब्याक्टेरियल मेनेन्जाइटिस भएको प्रमाणित भयो। 'यसबाट उक्त इन्जेक्सनमै मेनेन्जाइटिस गराउने तत्व मिसिएको छ भन्ने स्पष्ट हुन्छ', कलेजकी प्रसूति विभाग प्रमुख डा. चन्दा कार्की भन्छिन्। त्यसपछि कलेजले ट्रोईका फर्मास्युटिकल्स (भारत) बाट निर्मित उक्त इन्जेक्सन मात्र नभएर त्यस कम्पनीको कुनै पनि औषधि खरीद गर्न बन्द गरेको छ ।

प्रसूति गृहकी निर्देशक डा. शीला वर्मा यसबारे कुरासम्म गर्न तयार छैनन् । खोपकेलाई उनले ठाडो जवाफ दिइन्, 'हामीले छानबिन समिति गठन गरिसकेका छौं, उतै गएर सोध्नू ।' अस्पतालका प्रशासन प्रमुख अमर अमात्यको रटिरटाउ जवाफ पनि यही थियो । उता बुपिभकाइन इन्जेक्सन आयात गर्ने श्रेया मेडिसिन डिस्ट्रिब्युटर्स (क्षेत्रपाटी) का प्रबन्ध निर्देशक सुशील दाहाल इन्जेक्सनमा खराबी हुनै नसक्ने दाबी गरिरहेका छन् । उनको भनाइ छ, 'यो सानो कम्पनीको उत्पादन होइन । ७० भन्दा बढी देशमा यसका प्रोडक्ट सप्लाइ हुन्छन् । यो ब्याचको इन्जेक्सन नै हामीले आठ हजारवटा भन्दा बढी बेचेका छौं । खराबी भए त महामारी नै फैलिसक्थ्यो नि !'

## लाचार प्रयोगशाला

छानबिन समितिले पठाएका औषधि जाँच गरेर दुइटा इन्जेक्सनमा कीटाणु, ढुसी र ब्याक्टेरिया रहेको पाएपछि तिनको प्रयोग नगर्न राष्ट्रिय औषधि प्रयोगशालाले निर्देशन दिएको भए पनि थप गहिराइमा गएर जाँच गर्न सक्ने सामर्थ्य ऊसँग छैन । प्रयोगशालाका प्रमुख मोहनप्रसाद अमात्य भन्छन्, 'हामीले गर्न सक्ने त्यत्ति हो । औषधिमै गलत र हानिकारक केमिकल मिसावट भए/नभएको पत्ता लगाउने साधन, स्रोत र क्षमता हामीसँग छैन ।' यसबीच, यस प्रकरणमा प्रयोग गरिएका सबैखाले औषधि प्रसूति गृहको स्टोरबाट गायब पारिएका भए पनि, तिनैमध्येको एउटा बुपिभकाइन इन्जेक्सन (ट्रोईका फर्मास्युटिकल्स (भारत) बाट निर्मित ब्याच नं. बी १५१५२ को) फेला पारेर खोपकेले मल्टी फर्मास्युटिकल्स ल्याबोरेटरी (कुपन्डोल) मा जाँच गर्न दिएको थियो । सो प्रयोगशालाले पनि इन्जेक्सनमा उल्लेख गरिए बाहेकका केमिकल्स त्यसमा मिसावट भए/नभएको पत्ता लगाउन सक्ने क्षमता आफूसँग नरहेको बतायो। ललितपुर खुमलटारस्थित विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (नास्ट)को भनाइ पनि उस्तै थियो ।

गत असार मसान्तसम्म नेपाली बजारमा १२ हजार ९४८ ब्रान्डका औषधिहरूले बिक्रीको अनुमति पाएका छन् । अनुमति दिने निकाय औषधि व्यवस्था विभागका प्रमुख राधारमण प्रसाद भन्छन्, 'हामी शुरूमा ल्याब टेस्ट गरेपछि मात्र कुनै ब्रान्डलाई अनुमति दिन्छौं। त्यसपछि प्रत्येक ब्याचको टेस्ट गर्न सम्भव छैन । शंका लाग्यो वा शिकायत आयो भने मात्र हेर्ने हो ।' यसलाई गैरजिम्मेवारीको पराकाष्ठा मान्छन् उपभोक्ता हित संरक्षण मञ्चका सचिव तथा अधिवक्ता रामचन्द्र सिंखडा । 'विश्वका कुनै पनि मुलुकमा प्रत्येक ब्याचको औषधि टेस्ट गरेपछि मात्र बजारमा लैजाने अनुमति दिइन्छ। अत्यावश्यक सेवा संचालन ऐन-२०१४ को प्रावधान अनुसार हामीकहाँ पनि त्यसै गरिनुपर्छ । यसो नगरेर सेवाग्राहीको स्वास्थ्यप्रति खेलबाड गर्ने सबै सजायका भागी हुन्छन्', उनको भनाइ छ ।

## र, दण्डहीनताको बोलवाला

उपभोक्ताको हितमा देशमा कानून नभएका होइनन्। उपभोक्ता संरक्षण ऐन-२०५४ र मुलुकी ऐन-२०२० का सम्बन्धित प्रावधानहरूलाई मात्र कार्यान्वयन गरिने हो भने पनि प्रसूति गृहको यस काण्डमा प्रयोग गरिएका तीनवटै घातक इन्जेक्सनका उत्पादक, आयातकर्ता र बिक्रेता, बिक्रीको अनुमति दिने संस्था र व्यक्ति अनि सबै तहका सेवा प्रदायकहरू (अस्पतालको व्यवस्थापन, प्रशासन, सम्बन्धित डाक्टरहरू) लाई केही रोगीहरूको केसमा ५ लाख रुपैयाँसम्म जरिवाना र १४ वर्षसम्म कैद तथा रोगीको ज्यान गएको केसमा सर्वस्वसहित जन्मकैदको सजाय हुनसक्छ। तर स्वयं सरकार वादी भएर चल्न सक्ने यस्ता मुद्दा न सरकारले कहिल्यै चलाएको छ, न त उपभोक्ताका नाममा गठित गैसस र तिनका गफजीवी पदाधिकारीहरू नै कानूनी उपचार खोज्न अदालत पुगेका छन्। महिला हिंसा विरुद्ध चर्का नारा जुलुस, भाषण र राजनीति गर्नेहरूलाई पनि यतातिर ध्यान दिन फुर्सत जुरेको देखिंदैन। समग्रमा, कानून र न्यायलाई दण्डहीनताले ओझेलमा पारेको छ।

औषधि र उपचारको 'व्यवसाय' भित्र हुने यसप्रकारका हिंसा र अपराधका जिम्मेदारहरूलाई कानूनको कठघरामा नल्याउने हो भने देशभरि थुप्रै लताहरूको अकाल मृत्यु भइरहने र असंख्य चन्द्रकुमारीहरूको जिन्दगी यातनाको पर्याय बनिरहने निश्चित छ। मूल प्रश्न एउटै छ- हामी के चाहन्छौं? हाम्रो समाज र राज्य के चाहन्छ?



**इन्दिरा अर्याल**

# पीडित बोल्न डराए

निजी अस्पतालमा जोखिम नउठाउने नाममा र अलिकति पैसाका लोभले सुत्केरी हुन जाने आमालाई प्राकृतिक तवरले होइन पेट चिरेर बच्चा जन्माउन लगाउने चलन निकै बढेको छ भन्ने कुरा थाहा पाएँ। मैले भेटेका धेरै जना महिलाले यसो गरेको बताएपछि यसका बारेमा स्टोरी बनाउने विचार गरें।

यस विषयमा स्टोरी गर्नका लागि मैले निजी अस्पतालमा कतिलाई यसरी सुत्केरी गराइएको छ भन्ने कुरा हेर्नुपर्थ्यो। यो जानकारी लिन मैले धेरै कोशिश गरें। प्राय: सबै अस्पतालले यस्तो जानकारी दिन अस्वीकार गरे।

पछि जिल्ला जनस्वास्थ्य कार्यालयमा यस्तो जानकारी हुँदो रहेछ भन्ने कुरा थाहा पाएँ। तर त्यहाँ एक वर्षदेखिको मात्रै रहेछ। त्यसैले मैले यस सम्बन्धी ट्रेन्ड हेर्न सकिनँ। कम्तीमा तीनचार वर्षको भएको भए पेट चिरेर सुत्केरी गराउने चलन बढेको छ कि घटेको छ भनी हेर्न सकिने थियो।

यस विषयमा जसले आफू पीडित भएको अनुभव गरेका छन् उनीहरू बोल्न डराए- भोलि त्यही अस्पताल जाँदा अस्पतालले बदला लिन्छ भन्ने डरले। डाक्टरहरूसँग सोध्दा उनीहरूले यसो गर्ने चलन संसारभर नै बढेको बताए। त्यसमाथि अस्पतालले अलिकति पनि जोखिम नलिने नीति लिंदा यसो भएको थाहा भयो।

यसभन्दा पहिले पनि मैले स्वास्थ्य सम्बन्धी स्टोरी गरेकी थिएँ। तर त्यसका लागि जानकारी संकलन गर्दा यति गाह्रो भएको

थिएन । यस स्टोरीका लागि मलाई चाहिने जानकारी भने जोसँग थियो उनीहरूले लुकाएर राखेका थिए। त्यसैले जानकारी संकलन गर्न निकै गाह्रो भयो। सार्वजनिक स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने निजी संस्थाका जानकारी पत्रकारले पाउने व्यवस्था नेपालमा भएको छैन। ती संस्थाहरू यस्ता जानकारी आम मानिसलाई दिन बाध्य छैनन्।

तर पनि अघिल्लो स्टोरी लेखिसक्दा जुन सन्तुष्टि पाएकी थिएँ त्यसैका आधारमा यसका लागि पनि स्टोरी खोजें।

जानकारी भेला गरिसकेपछि सम्पादकको सल्लाह बमोजिम चारपटक लेखें। बल्ल सम्पादकले सम्पादन गर्न लायक भयो।

# सुत्केरीका शिकारी

**इन्दिरा अर्याल**

काठमाडौं थापाथलीस्थित प्रसूतिगृहमा शल्यक्रियाबाट शिशुलाई जन्म दिएपछि गोरखाकी ३० वर्षीया कल्पना कँडेलको मृत्यु भयो। २०६८ पुस ११ गते अस्पताल भर्ना भएकी उनलाई शल्यक्रिया गरेर बच्चा जन्माउन सिजरिन सेक्सन (सी-सेक्सन) लगिएको थियो। तर शल्यक्रियापछि अचानक जटिलता थपिए र भोलिपल्ट फेरि शल्यक्रिया गरियो। त्यसपछि कल्पनाका धेरै अंगहरूले काम गर्न छाडे। पुस १३ गते प्रसूतिगृहका डाक्टरहरूले उनलाई थप उपचारका लागि वीर अस्पताल लैजान रिफर गरे। तर, त्यहाँ उपचार शुरू हुन नपाउँदै उनको मृत्यु भयो।

शल्यक्रियाबाट बच्चा जन्माउने क्रममा आमाको मृत्यु भएको यो प्रतिनिधि घटना हैन। तापनि, मातृ-मृत्युका यस्ता घटना एकदमै दक्ष जनशक्ति र आधुनिक उपकरणहरू भएका अस्पतालहरूमा समेत हुने गर्छन् जहाँ गर्भवती महिला सुरक्षित सुत्केरी गराउन र गुणस्तरीय स्वास्थ्य सेवा लिन आउँछन्। प्रसूतिगृहकी निर्देशक डा. शीला बर्मा भन्छिन्, 'सबै अपरेसन सफल हुँदैनन्।'

'दिदीको मृत्यु सी-सेक्सनका प्रक्रियाहरूका कारण नभई डाक्टरहरूको बेवास्ता र लापर्बाहीले गर्दा भएको हो,' कल्पनाकी बहिनी विमला भन्छिन्। डाक्टरहरूको लापर्बाहीका विरुद्ध विमलाले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराएकी छन्।

अस्पताल स्रोतहरू यस्ता घटनामा पर्ने कल्पना एक्ली नभएको बताउँछन्। कल्पनाको उपचारमा संलग्नमध्येकी एक डा. बर्माका

अनुसार दोस्रो शल्यक्रिया गरेपछि उनमा जटिलताहरू देखा परे । उनलाई सघन उपचार कक्ष लगिए पनि स्थिति सुध्रिएन। एकपल्ट रगत बान्ता भएपछि असह्य पीडा भयो । त्यसको केही घण्टापछि दोस्रो शल्यक्रियाका लागि लगियो । डाक्टरहरूले उनको तल्लो पेटबाट दुई लिटर रगत निकाले । दोस्रो शल्यक्रियापछि कल्पनाका धेरै अंगहरूले काम नगरेको पाइयो। मिर्गौला र कलेजोमा समस्या थियो र ती दुवैले काम गर्न छोडेका थिए। उनी भन्छिन्, 'धेरै प्रयास गऱ्यौं, तर केही सीप लागेन ।'

विमलाको गम्भीर प्रश्न छ, 'सी-सेक्सनमा लैजानुअघि डाक्टर हरूले मिर्गौला र कलेजोको परीक्षण किन गरेनन् ?' बिरामीको स्वास्थ्य स्थिति नै नहेरी शल्यक्रिया गर्ने विवेकहीन निर्णयका कारण दिदीले ज्यान गुमाउनु परेको विमलाको ठहर छ । कल्पनाको मृत्युपछि उनकी दुई वर्षकी छोरी छुन्नु र नवजात बालक बाबु र हजुरबुबासँग बसिरहेका छन् ।

जनसङ्ख्या तथा स्वास्थ्य मन्त्रालयका वरिष्ठ स्वास्थ्य अधिकृत डा. बाबुराम मरासिनीका अनुसार शल्यक्रियाबाट बच्चा जन्माउने राष्ट्रिय औसत दर ५ प्रतिशतभन्दा तल छ । तर, काठमाडौंका प्रमुख अस्पतालहरूमा यो दर २५ प्रतिशतभन्दा बढी रहेको छ। यो तथ्याङ्कले स्थिति कति भयावह छ भन्ने देखाउँछ ।

अस्पताल स्रोतहरूका अनुसार, काठमाडौं उपत्यकाका प्रमुख अस्पतालहरू त्रिवि शिक्षण अस्पताल, पाटन अस्पताल, प्रसूतिगृह र नेपाल मेडिकल कलेजबाट हरेक वर्ष ४० हजार महिलाले प्रसूति सेवा लिने गरेका छन् जसमध्ये १० हजार जति अर्थात् २५ प्रतिशतलाई बच्चा जन्माउन शल्यक्रिया गरिन्छ। तीमध्ये विश्व स्वास्थ्य सङ्गठनले यस्तो शल्यक्रिया विश्वभर १० देखि १५ प्रतिशतभन्दा माथि पुग्न नहुने सिफारिस गरेको छ ।

साधारण तरीकाले प्रसूति गराउँदा बच्चा वा आमाको स्वास्थ्य खतरामा पर्छ भन्ने लागेको अवस्थामा मात्र शल्यक्रिया प्रविधि अपनाइन्छ। तर यसको जथाभावी प्रयोग गर्ने क्रम बढ्दो छ। नेपाल

मेडिकल कलेजकी वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. वीणा श्रीवास्तव भन्छिन्, 'सी-सेक्सन प्रक्रिया प्रसूतिमा समस्या हुँदा गरिने ठूलै अप्रेसन हो। तर प्रायः यसलाई त्यसो हो भनेर बताइन्न।'

झापाकी ३० वर्षीया मीरा राईले २०६८ चैत २ गते पाटन अस्पतालमा आफ्नो नवजात शिशु गुमाइन्। डा. पवनकुमार शर्माले उनी गर्भवती भएपछि प्रसवपूर्वको अवस्थासम्मै नियमित रूपमा स्वास्थ्यस्थिति हेर्दै आएका थिए। त्यस दिन उनले मीरालाई सामान्य प्रसूतिका लागि अस्पताल भर्ना हुन सुझाव दिए। भर्ना गराउनुअघि उनको बच्चा स्वस्थ र सामान्य अवस्थामा रहेको बताइएको थियो। तर, भर्ना भएपछि डाक्टरहरूले बच्चामा केही जटिलता रहेको बताए। 'डा. शर्माले मलाई सी-सेक्सनमा जान भन्नुभयो', मीराले भनिन्, 'मसँग कुनै विकल्प थिएन र जान राजी भएँ। तर, बच्चा मरेको छ भनेपछि त मेरो होशै हरायो।' एउटा प्रतिष्ठित अस्पतालमा आफू डाक्टरबाटै ठगिएको मीराको आरोप छ।

अस्पतालका प्रसूति तथा स्त्री रोग विभाग प्रमुख डाइरेक्टर समेत रहेका डा. शर्मा भन्छन्, 'यो एउटा दुर्घटना थियो। कहिलेकाहीं यस्तो हुने गर्छ।'

विराटनगरकी २६ वर्षे सीता गिरीले पनि उस्तै समस्या झेल्नु पऱ्यो। उनले पाँच वर्षअघि बच्चा जन्माउन थापाथलीस्थित प्रसूति अस्पतलामा सी-सेक्सन जानु परेको थियो। तर, त्यसको पीडा अहिले पनि उनले भोग्नु परिरहेको छ। जाडो याममा उनलाई पाठेघरमा असह्य दुख्छ। पसलमा काम गर्ने उनले यही दुखाइका कारण काम नै छोड्नुपर्ने हुन्छ। सीता भन्छिन्, 'शल्यक्रियाले मेरो स्वास्थ्य नराम्ररी बिगारेको छ, अब म धेरै खप्न सक्दिनँ।'

काठमाडौं उपत्यकामा सी-सेक्सनका सिकार हुनेको सङ्ख्या बढ्दो छ। शल्यक्रिया गरी बच्चा जन्माएका अधिकांश महिलाहरू त्यसको साइड इफेक्ट भएको बताइरहेका छन्।

पाटन अस्पतालमा प्रसूतिपूर्वको स्वास्थ्य परीक्षणका क्रममा स्याङ्जाकी २७ वर्षीया बबिता भट्टराईलाई उनको बच्चा कम तौलको छ भनिएको

थियो। सुत्केरी हुने बेला डाक्टरहरूले उनलाई सी-सेक्सन लैजाने निधो गरे। २०६६ फागुन २१ का दिन बच्चा जन्माइयो। तर बच्चाको तौल सामान्य (२.८ केजी) थियो। 'यो सरासर लापर्बाही थियो। म अप्रेसन गरेर बच्चा जन्माउने पक्षमा थिइनँ। त्यसो गरेपछि मैले अस्पतालको बेडमा १८ दिन बस्नुपऱ्यो', बबिता भन्छिन्, 'अहिले म एकदमै कमजोर भएकी छु। अब दोस्रो गर्भधारण गर्ने आँट पनि ममा छैन।'

नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण २०११ का अनुसार मुलुकमा डाक्टर, नर्स वा मिडवाइफको सहायताले बच्चा पाउने महिला ३६ प्रतिशत छन्। सन् २००६ मा यसरी बच्चा पाउने १९ प्रतिशत मात्र थिए। यसले मातृशिशु सेवा एकदमै बढेको देखाउँछ। दक्ष जनशक्तिबाट सुत्केरी गराउने क्रम बढेसँगै खासगरी शहरका अस्पतालहरूमा शल्यक्रियाबाट बच्चा जन्माउनेहरूको सङ्ख्यासमेत वृद्धि भएको छ।

२०६८ पुसदेखि वैशाखसम्म अनुसन्धान गर्दा सी-सेक्सनबाट बच्चा पाउने दर डरलाग्दो गरी बढेको पाइयो। पाटन अस्पतालका अनुसार त्यहाँबाट हरेक वर्ष करीब ८ हजार महिलाले प्रसूति सेवा लिन्छन्। तीमध्ये २५ देखि ३० प्रतिशत सी-सेक्सनका हुन्छन्। यसको मतलब पाटन अस्पतालमा मात्र हरेक वर्ष झण्डै २५०० गर्भवती महिलाले यो प्रक्रियाबाट गुज्रनुपर्छ र उनीहरू जीवनभर त्यसको पीडा भोग्न बाध्य हुन्छन्।

नेपाल मेडिकल कलेजका अनुसार त्यहाँ एक वर्षमा प्रसूतिका ४ हजार ५०० घटना हुने गर्दछन्। अस्पतालको रेकर्ड अनुसार तीमध्ये ३० प्रतिशत (करीब १ हजार ३०० महिला) को शल्यक्रिया गरिएको थियो। प्रसूतिगृहमा हरेक वर्ष २३ हजार महिलाले सुत्केरी सेवा लिन्छन् र तीमध्ये २५ प्रतिशतको शल्यक्रिया गरिन्छ। त्रिवि शिक्षण अस्पताल स्रोतका अनुसार त्यहाँ सुत्केरी गराउनेको सङ्ख्या ४५ हजार रहेकोमा ३० देखि ४० प्रतिशतको शल्यक्रिया हुने गरेको छ।

शल्यक्रिया गरिएपछि जटिलता आउने बिरामीहरूको सङ्ख्या पनि बढ्दो छ। त्रिवि शिक्षण अस्पतालकी डा. नीलम प्रधान भन्छिन्,

'हरेक वर्ष १५ सयदेखि ३ हजारसम्म महिला सी-सेक्सन प्रक्रियापछिका जटिलता लिएर आउने गरेका छन् ।' यसरी बच्चा जन्माउनेहरूमा ब्लड क्लट, कार्डियाक अरेस्ट, जटिल संक्रमण आदिको संभावना तीन गुणा बढी हुन्छ ।

## नीति र मन्त्रालय

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका वरिष्ठ स्वास्थ्य अधिकृत डा. बाबुराम मरासिनी भन्छन्, 'काठमाडौंका अस्पतालहरूमा सजिलाका लागि सी-सेक्सन लैजाने प्रवृत्ति छ । यो काम पैसा कमाउनका लागि गरिँदैछ भन्ने कुरामा हामी सचेत छौं तापनि प्रमाणित गर्न गाह्रो छ । सरकारले यसलाई रोक्न सक्दैन । डाक्टरहरूबाट आमा र बच्चा सुरक्षित राख्न शल्यक्रिया गर्नु आवश्यक थियो भन्ने जबाफ आउन सक्छ । त्यो होइन भनेर कसरी प्रमाणित गर्ने ?

डा. मरासिनी यसको अनुगमन नेपाल मेडिकल काउन्सिल र नेपाल प्रसूति तथा स्त्री रोग विशेषज्ञ समाज (नेसोग) को जिम्मेवारी हो भन्छन् । उनले भने, 'उनीहरूले यसको अनुगमन गरेर मन्त्रालयलाई जानकारी दिनुपर्छ ।' तर, नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. दामोदर गजुरेल भने काउन्सिलका सामु सी-सेक्सनलाई भन्दा पनि ध्यान दिनुपर्ने महत्त्वपूर्ण सवालहरू अरू नै रहेको बताउँछन् । संस्थाको स्थापना भने नेपाली महिलाको प्रजनन स्वास्थ्य स्थिति सुधार्न भनेर गरिएको हो ।

## सुरक्षित मातृत्व कार्यक्रम : सहयोग कि द्वन्द्व ?

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सन् २००८ मा मुलुकका सबै प्रमुख अस्पतालहरूलाई सुरक्षित मातृत्व कार्यक्रम चलाउन आग्रह गर्‍यो । यस अन्तर्गत आमालाई केही आर्थिक सहायतासहित नि:शुल्क सुत्केरी सेवा उपलब्ध गराउने र त्यसका निम्ति अस्पतालहरूलाई छुट्टै बजेट उपलब्ध गराउने मन्त्रालयको योजना थियो ।

डा. मरासिनी भन्छन्, 'तर, साधारण स्वास्थ्यका लागि सरकारबाट वर्षेनि करोडौं रुपैयाँ अनुदान पाइरहेका पाटन अस्पताल र त्रिवि शिक्षण अस्पतालले त्यो बजेट स्वीकारेनन्। तिनले सुरक्षित मातृत्व कार्यक्रम लागू गर्न नमानेको कारण खुलस्त पार्दै मन्त्रालय अन्तर्गत परिवार स्वास्थ्य विभागका निर्देशक डा. नरेशप्रताप केसीले भने, ''उनीहरू प्रसूति सेवा नै आफ्नो मुख्य आयस्रोत भएको बताउँछन्।'

पाटन अस्पतालका कार्यवाहक मेडिकल डाइरेक्टर डा. पवन शर्मा पनि यो तथ्य स्वीकार्छन्। 'पाटन अस्पताल बिरामीहरूकै पैसाबाट सञ्चालित छ', उनी भन्छन्, 'अस्पताललाई टिकाउने मुख्य स्रोत मातृसेवा नै हो। सरकारको सुरक्षित मातृत्व कार्यक्रम लागू गर्ने हो भने आर्थिक रूपमा हामी टिक्नै सक्दैनौं।

## प्रविधिको 'विवेकहीन' उपयोग

सामुदायिक शिक्षा तथा जनस्वास्थ्य विभागका प्रमुख प्रा. डा. शरद वन्त भन्छन्, 'समस्याको मुख्य कारण स्वास्थ्य क्षेत्रमा भएको अनियन्त्रित निजीकरण हो। सी-सेक्सनको उपयोग आर्थिक उद्देश्यले गरिनुहुँदैन। डाक्टर र अस्पतालको सुविधा र लाभका लागि गरिने यस्तो शल्यक्रिया केही हदसम्म आर्थिक कारणले प्रेरित छ। उनीहरू प्रविधिको प्रयोग विवेकहीन ढङ्गले गर्छन्।'

डा. वीणा श्रीवास्तवको तर्क भने अलि बेग्लै छ। उनी भन्छिन्, 'दुर्भाग्यवश कुनै आमाको मृत्यु भयो भने उनका परिवारले १० लाख रुपैयाँभन्दा पनि बढी क्षतिपूर्ति माग्छन्। शायद यसैले गर्दा सी-सेक्सन उपयोगको क्रम बढेको हो। डाक्टरहरू सुत्केरी गराउँदा कुनै जोखिम मोल्न चाहँदैनन्।' उनी भन्छिन्, 'सामान्य प्रसूतिभन्दा शल्यक्रिया पाँच गुणा जोखिमपूर्ण छ। यो विवेकपूर्ण काम होइन। निजी नर्सिङ होमहरूमा यसलाई कुनै न कुनै रूपमा व्यापारीकरण गरिएको छ। शल्यक्रिया गरेर बच्चा जन्माउँदा उनीहरूलाई साधारण प्रसूतिबाट भन्दा चार गुणा बढी कमाइ हुन्छ।'

सी-सेक्सनमार्फत अर्थात् शल्यक्रिया गरेर बच्चा जन्माउने प्रविधि जटिल वस्थाका गर्भवतीहरूका निम्ति एउटा वरदान हो । तर यसको अत्यधिक दुरुपयोग भइरहेको छ- चिकित्सकीय नैतिकतालाई पाखा लगाएर, केवल पैसा कमाउनका लागि । विडम्बना के भने सबै कुरा थाहा हुँदाहुँदै पनि सरकार र स्वयं डाक्टरका जिम्मेदार निकायहरू चिकित्सा क्षेत्रलाई अपराधसँग मितेरी लगाइदिने यो दुष्चक्र समाप्त पार्न उत्सुक देखिएका छैनन् । यस स्थितिमा सी-सेक्सन दुरुपयोगको 'ग्राफ' भविष्यमा झन्-झन् उकालो लाग्दै गयो भने अस्वाभाविक हुनेछैन ।



एकल सिलवाल

# फर्जी कागजको चाङ

स्थानीय विकास मन्त्रालयले स्थानीय निकायलाई दिने अनुदानको दुरुपयोग सम्बन्धी स्टोरी गर्ने क्रममा यो स्टोरीको विषय पाएँ। कागजमा सबै कुरा ठिक्क तर व्यवहारमा कुरा अर्कै हुँदो रहेछ ।

थप जानकारी खोज्ने क्रममा के थाहा पाएँ भने यसका लागि तलैदेखि फट्याईं हुँदो रहेछ। फट्याईं नहोस् भनेर चेक गर्नका लागि जे जस्ता प्रणाली तयार गरिएका छन् ती सबैलाई बेकम्मा बनाइएको रहेछ।

यो चलन कत्तिको व्यापक रहेछ भनेर हेर्नका लागि मैले २० वटा जिल्लाका सरकारी प्रतिवेदन हेरें । नीतिगत तहमा काम गरिरहेका मानिससँग कुराकानी गरें। बीसवटै जिल्लाका जिल्लास्तरका सहजकर्तासँग पनि कुराकानी गरें ।

एउटा जिल्लामा २० वटासम्म संस्थाले काम गरेका रहेछन् । तिनका कार्यक्रम संयोजक र गैरसरकारी संस्थाका पदाधिकारी र लाभ पाएँ भनिएका मानिससँग पनि कुराकानी गरें। पहिले त्यही काम गरेर हाल गैरसरकारी संस्था छाडेका मानिसबाट पनि जानकारी लिएँ।

गैरसरकारी संस्थाले तयार गरेका सबै कागजात हेर्न खोजेको त्यसको ठूलो चाङ हुँदो रहेछ जुन पढेर सकिने नै थिएन । त्यसैले मैले हरेक जिल्लाका तीन वटा गाविसका दरले पाँच वटा जिल्लाका कागजपत्र हेरें ।

अनुदानमार्फत गएको पैसाले सामान किनेर पठाएको भनिएका ठाउँमा गएर सामान छन् कि छैनन् भनी हेरें । लाभ पाएँ भनिएका मानिससँग कुराकानी गरें ।

जानकारी भेला गर्ने र तिनलाई रुजु गर्ने काम यसरी गरें।

मेरा अनुभवमा स्टोरी लेख्न निकै समय लाग्ने रहेछ। पहिले महत्त्वपूर्ण जस्तो लागेका जानकारी पछि कम महत्त्वपूर्ण भए जस्तो लाग्ने रहेछ। धेरै पटक लेखेपछि स्टोरी खँदिलो भयो। अभ्यास नगर्दा छोटोमा भन्न सकिने कुरालाई लामो बनाइँदो रहेछ।

# ढाँट्नेलाई पुरस्कार

**एकल सिलवाल**

नेपालका गाविस सचिव र दलका स्थानीय प्रतिनिधिहरूमा सरकारलाई ढाँटेर पुरस्कार पकाउने अभ्यास चलेको छ । ढाँटेर बहादुरी देखाउने गाविसहरूले पुरस्कारबापत ३ लाखदेखि ८ लाख १७ हजार रुपैयाँसम्म अतिरिक्त अनुदान पाउँदै आएका छन् । गएको तीन वर्षमा चार अर्ब रुपैयाँ यसरी गाविसहरूमा गएको छ । यस्ता कामलाई जिविस र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निरन्तर अघि बढाइरहेका छन् ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ मा गाविस, नगरपालिका र जिविसहरूले गर्ने कामकारबाहीको वर्षेनि मूल्यांकन गरी त्यसैको आधारमा सरकारी अनुदान थपघट गर्न सकिने व्यवस्था छ । सरकारले त्यस्तो मूल्यांकन तथा दण्ड र पुरस्कारको सिफारिस गर्ने जिम्मा स्थानीय निकाय वित्तीय आयोगलाई दिएको छ । अहिले यस आयोगको संयोजक उपप्रधानमन्त्री समेत रहेका स्थानीय विकास मन्त्री नारायणकाजी श्रेष्ठ र उपसंयोजक राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्री छन् ।

सरकारका मुख्य सचिव, अर्थ सचिव र स्थानीय विकास मन्त्रालयका सचिव समेत आयोगमा अरू आठ जना सदस्य छन् । यसै आयोगको सहयोगमा मन्त्रालयले देशभर एउटै मानक हुने गरी मूल्यांकनका सूचकहरू पनि बनाएको छ । तर ती सूचकहरूमा अनेकन् छिद्र छन् । तिनै छिद्रहरूको फाइदा उठाउँदै स्थानीय निकाय

चलाउन बसेका कर्मचारी, राजनीतिक दलका स्थानीय प्रतिनिधि, लेखापरीक्षक र मूल्यांकनकर्ताहरूको समेत मिलेमतोमा हुँदै नभएका काम पनि कागजमा देखाएर बजेट हडप्ने होडबाजी चलेको छ । जिविस र नगरपालिकाहरूको कामको मूल्यांकन आयोग आफैंले खुला प्रतिस्पर्धाबाट 'स्वतन्त्र विज्ञहरू' खटाएर गर्दै आएको छ। गाविसहरूको मूल्यांकन चाहिं आयोगको निर्देशनमा सम्बन्धित जिविसहरूले करारका स्थानीय मूल्यांकनकर्ताहरूमार्फत गर्ने गरेका छन् ।

## सचिवको कामः ढाँटेर खाने, पचाउने

गाविसहरूको न्यूनतम शर्त मापन कार्यविधि २०६६ को तेस्रो सूचकले गाविसलाई पुरस्कार पाउने परीक्षामा उत्तीर्ण हुन अघिल्लो आर्थिक वर्षमा पूँजीगत अनुदानको कम्तीमा ९० प्रतिशत रकम निकासा लिएको हुनुपर्ने शर्त तोकेको छ। यो शर्त पूरा गर्न गाविस सचिवहरूमा काम नगरे पनि बढीभन्दा बढी रकम खर्च गर्न सकेको देखाउन फर्जी कागज उत्पादन गर्ने होडबाजी चलेको छ ।

पर्वत जिल्लाको दुर्लुङ गाविसमा आर्थिक वर्ष २०६७/६८ मा गाउँ परिषद्ले छानेका कुनै पनि योजनाहरू कार्यान्वयनमा आउन सकेनन् । तर यसै वर्ष सरकारले गाविसलाई १८ लाख ४९ हजार रुपैयाँ पूँजीगत अनुदान पठाएको थियो । गाविसका सचिव गोकुल शर्माले गाविसमा काम नभए पनि बजेट फ्रिज हुन दिएनन्। यसो गर्न उनले आर्थिक वर्षको अन्त्यमा नक्कली बिलभर्पाइ बनाई जिविसबाट पूरै बजेट निकालेर फ्रिज नहुने खातामा सारे । त्यस्तो काम गर्न उनलाई स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूको प्रत्यक्ष समर्थन थियो । किनभने त्यसो नगरे ९० प्रतिशत बजेट निकासा लिएको प्रमाण नपुगी अर्को वर्षको मूल्यांकनमा गाविस असफल हुन सक्थ्यो । यो सूचक पूरा गर्नकै लागि पूरै बजेट निकासा लिएका सचिवले ८ लाख ९० हजार रुपैयाँ भने चोर खातामा लुकाउन सफल भए । आर्थिक वर्ष सकिएको ८ महीनापछि गाउँका नागरिकहरूले खोजतलास गर्दा त्यो रकम फेला परेको थियो ।

पर्वतकै तिलाहार गाविसका तत्कालीन सचिव लीलप्रसाद श्रेष्ठले विभिन्न फर्जी योजना बनाएर डिमुवा गाउँका अमिन खाँ, एकीकृत माओवादीकी गाविस इञ्चार्ज देवी लामिछानेलगायतका थुप्रैको नाममा आर्थिक वर्ष २०६७/६८ को बजेटबाट १ लाख ५८ हजार रुपैयाँ आफैंले निकासा लिए। आर्थिक वर्ष सकिएको नौ महीनापछि गाउँलेले खोजतलास गर्दा उनले सुरिँदै जवाफ दिए, 'यति चलाखी नगरेको भए त हाम्रो गाविस न्यूनतम शर्तमा फेल भइहाल्थ्यो नि !'

न्यूनतम शर्त मापन कार्यविधिको नवौं सूचक अर्को त्यस्तो छिद्र हो, जसले गाविसका सचिवहरूलाई सामाजिक सुरक्षा भत्तामा मनपरी गर्न उक्साउँछ। त्यसमा भनिएको छ, 'गाविसले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षाबापतको भत्ता पाउने व्यक्तिहरूको विवरण अद्यावधिक गरेको हुनुपर्छ।' संखुवासभा जिल्लाको खराङ गाविसका सचिव सुरेश गौतमले यस छिद्रको उपयोग गरेर वर्षौंअघि मृत्यु भइसकेका ज्येष्ठ नागरिकको नामबाट सामाजिक सुरक्षा भत्ता आफैंले बुझ्दै आए। एक वर्षअघि गाउँको एउटा सार्वजनिक सुनुवाइमा त्यसको खुलासा भएपछि १ लाख ८० हजार रुपैयाँ ती सचिवले फिर्ता गरे। तर त्यसअघिका तीन वर्षको रकम पचाइदिए। यो सूचक प्रयोग गरेर गाविसलाई पुरस्कारबापतको अनुदान दिलाउन पनि सफलता पाए।

जुम्ला जिविसले पछिल्ला दुई वर्षयता ६० वर्षमुनिका एकल महिलाको संख्या ३५४३ देखाएर मन्त्रालयसँग सामाजिक सुरक्षा भत्ता लिँदै आएको थियो। चालू आर्थिक वर्ष २०६९/७० लागेपछि मन्त्रालयले अभिलेखको सत्यता जाँच्ने बताएपछि त्यो संख्या एक्कासि १३४९ मा झर्‍यो। ज्येष्ठ नागरिकको संख्या पनि ७९१४ बाट ओर्लेर ७०६४ मा आयो। ६० वर्ष नाघेका एकल महिलाको संख्या २७९५ रहेकोमा झण्डै आधा घटेर १४१० मा सीमित हुन पुग्यो। सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरूको संख्या यसरी एक्कासि घट्नुले पहिले गाविसदेखि पेश हुँदै आएका अभिलेखहरू झुठा थिए भन्ने प्रमाण दिन्छ। तर विगत दुई वर्षयताको मूल्यांकनमा जुम्ला जिल्लाका सबै ३० वटा गाविस यस्ता न्यूनतम शर्तमा उत्तीर्ण हुँदै आएका छन्।

मृतकको नाममा आफैंले सही गरेर भत्ता बुझेका भर्पाईलाई यस सूचकसँग सम्बन्धित प्रमाणका रूपमा पेश गरेर आफूलाई असल र गाविसलाई सफल सावित गर्ने सचिवहरूको सूचीमा हाल सप्तरीको दिधवामा कार्यरत तथा मानराजा गाविसका तत्कालीन सचिव बलदेव यादव, हाल वैरवामा कार्यरत देवनारायण यादव लगायतका थुप्रै पर्दछन् । देशभरका जिल्लाहरूमध्ये सबैभन्दा बढी ११४ गाविस रहेको सप्तरी जिल्लाका ७० गाविस सचिवहरूमाथि सामाजिक सुरक्षा भत्तामा अनियमितता गरेको उजुरी जिल्ला प्रशासन कार्यालयमा परेको छ । आर्थिक वर्ष २०६५/६६ मा गाविसहरूको न्यूनतम शर्त मापन नै नगराएको सप्तरी जिविसले २०६६/६७ मा ९२ गाविसलाई उत्तीर्ण गराएको थियो ।

अर्घाखाँचीको सिद्वारा गाविस आर्थिक वर्ष २०६५/६६ यता तीन वर्षका सबै मूल्यांकनहरूमा कार्यविधिले तोकेअनुसारका १० वटा शर्तहरू सबै पूरा गरी जिल्लाका ४२ गाविसमध्ये सबैभन्दा बढी अनुदान लिन सफल छ। मूल्यांकनमा उत्तीर्ण भएबापत मात्र यस गाविसले आर्थिक वर्ष २०६६/६७ मा ४ लाख ८५ हजार, २०६७/६८ मा ७ लाख ८५ हजार र २०६८/६९ मा ८ लाख १७ हजार रुपैयाँ अतिरिक्त अनुदान पुरस्कार स्वरुप पाएको छ। यो पुरस्कार जित्नका लागि गाविसले कुल बजेटको ३५ प्रतिशत अंश महिला, बालबालिका, दलित, जनजाति जस्ता लक्षित वर्गलाई विनियोजन गरेको हुनुपर्ने शर्त पनि समावेश छ। यस गाविसले यही सूचक समेत पूरा गरी तीन वर्षमा सबैभन्दा बढी थप अनुदान आर्थिक वर्ष २०६८/६९ मा पायो ।

तर वास्तविकता भने अलग थियो । अति विपन्न जनजाति तथा दलित महिलाबाट माग भई आउने आयोजनाका लागि भनी छुट्याएको १ लाख ५५ हजार रुपैयाँ गाविसले प्रहरी चौकीलाई भवन बनाउन दिएको छ । आफ्नै बजेट भएका छुट्टै मन्त्रालय मातहतका कुनै पनि कार्यालयलाई स्थानीय निकायमा जाने अनुदान बाँड्न स्थानीय स्वायत्त शासन ऐन र नियमावलीले दिंदैन । त्यसवाहेक यो गाविसले कुनै योजना नतोकी आदिवासी जनजातिको नाममा छुट्याएको १ लाख रुपैयाँ

विद्युतीकरणमा लगाएको छ । बालबालिकाको नाममा १ लाख ४० हजार छुट्याएको देखाएर ४० हजार रुपैयाँ शिक्षकहरूको कार्यालय सिंगार्न खर्चेको छ भने बाँकी १ लाख विद्यालयको खातामा नगदै जम्मा गरिदिएको छ ।

दाङ जिल्लाका हापुरे, नारायणपुर र ढिकुरपुर गाविसले लगातार दुई वर्षसम्म कुल बजेटको तीनदेखि नौ प्रतिशत मात्र लक्षित वर्गका लागि छुट्याए पनि ३५ प्रतिशत छुट्याए मात्र उत्तीर्ण हुन पाउने मूल्यांकनमा सफल भई पुरस्कार थाप्दै आए । यसैगरी काठमाडौंको बूढानीलकण्ठ गाविसमा आर्थिक वर्ष २०६८/६९ अघिसम्म लक्षित वर्गका लागि कत्ति पनि बजेट छुट्याउने चलन नरहेको एक स्थलगत सर्वेक्षणले देखाएको छ । तर जिविस काठमाडौंले गरेका न्यूनतम शर्त मापनहरूमा यो गाविस कहिल्यै असफल देखिएन । आर्थिक वर्ष २०६७/६८ को मूल्यांकनमा असफल भएको टोखा सरस्वती गाविस बाहेक हालसम्म काठमाडौंका सबै ५७ वटा गाविस सफल देखिँदै र थप अनुदान थाप्दै आएका छन् ।

आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ मा स्थानीय विकास मन्त्रालय अन्तर्गतको अर्धस्वायत्त अनुगमनकर्ता निकाय स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले दिएको प्रतिवेदनमा देशका २२ जिविस, ९ नगरपालिका र ३४० गाविस गरी ३७१ वटा स्थानीय निकायहरूमा स्थलगत अध्ययन गर्दा तीन वटै तहमा ८५ प्रतिशत स्थानीय निकायहरूले न्यूनतम ३५ प्रतिशत रकम लक्षित वर्गलाई विनियोजन गर्नुपर्ने शर्त पूरा नगरेको उल्लेख छ । तर प्रतिवेदनले औंल्याएका सबैजसो स्थानीय निकायहरू वित्तीय आयोगबाट भएको मूल्यांकनमा त्यो शर्त पूरा गर्न सफल देखिएका छन् । एक दर्जनभन्दा बढी जिल्लामा काम गरेर भर्खरै मात्र क्षेत्रीय प्रशासन कार्यालय धनुषाको उपक्षेत्रीय प्रशासक पदमा सरुवा भएका पूर्व स्थानीय विकास अधिकारी उद्धवप्रसाद तिमल्सेना भन्छन्, “स्थानीय निकायहरूको मूल्यांकनमा प्रयोग भइरहेका सूचकहरू नै फर्जी कामलाई प्रोत्साहन गर्ने खालका छन्, तिनीहरूलाई कामको उपलब्धिसँग नजोडेसम्म सुधार आउँदैन ।”

गाविसहरूको न्यूनतम शर्त मूल्यांकन गरिरहेको स्थानीय निकाय वित्तीय आयोगको सचिवालयका उपसचिव रघुराम विष्ट आर्थिक वर्ष २०६४/६५ देखि मूल्यांकन शुरू गरिए पनि यसपालि थलोमै गएर हेरेपछि मात्र गाउँमा भइरहेका छलकपटहरूबारे थाहा पाएको बताउँछन् । *(हेर्नुहोस्, अन्तर्वार्ता पृ.११७)* जिविसमार्फत परिचालित मूल्यांकनकर्ताहरूले दिएको प्रतिवेदन सत्य भए/नभएको जाँच्न आयोगले गुणस्तर सुनिश्चितता परीक्षण टोली खटाउने गरेको छ । पछिल्लो पटक गत असारमा १० जिल्लाका ३६ वटा गाविसहरूमा आयोगले स्थलगत रुजु गर्दा आधा प्रतिवेदनहरू झुटा सावित भएका थिए ।

कपिलवस्तु जिल्लाका ७७ गाविसमध्येबाट छानिएका पाँच गाविसमा गरिएको परीक्षणमा पहिले उत्तीर्ण भएका दुई गाविसहरू अनुत्तीर्ण ठहरिए। ती गाविसहरू धनकौली र कोपवा थिए। उनीहरू दुवैले सातौं नम्बरको सूचकले भनेअनुसार आम्दानी र खर्चको अभिलेख नराखी फर्जी कागज देखाएर मूल्यांकनमा ढाँटेका थिए । धनकौली गाविसले वर्षभरि आम्दानी गरेको राजस्व बैंकमा दाखिला नगरी त्यसो गरेको भनेर झुक्याएको थियो । दुवै गाविसले लक्षित वर्गलाई छुट्याउनुपर्ने जति बजेट नछुट्याई चौथो सूचकमा पनि जाली प्रमाण पेश गरेका थिए ।

## निर्दोषलाई दण्ड

तीन वर्षअघि बाँकेको होलिया गाविसका तत्कालीन सचिवहरू राजेन्द्र श्रेष्ठ, अशोककुमार श्रीवास्तव र खरिदार रामआँचल यादवले ज्येष्ठ नागरिक, असहाय, दलित र एकल महिलासहितका २२३ जनाको तीन महीनाको सामाजिक सुरक्षा भत्ताबाट ४ लाख ७५ हजार रुपैयाँ हिनामिना गरे। उनीहरूकै गलत कामका कारण लगातार दुई वर्षसम्म न्यूनतम शर्तमा गाविस असफल भयो, जसको फलस्वरुप यहाँको विकास निर्माणमा जाने अतिरिक्त अनुदान काटियो । त्यसको असर गाउँका निर्दोष नागरिकले भोगे। रकम हिनामिना गर्ने कर्मचारीहरू भने पहिले खाएको रकम तीन वर्षपछि, गत असोजमा फिर्ता गरी चोखिए।

उनीहरूले गाविसलाई असफल बनाएकोमा र बजेट दुरुपयोग गरेकोमा कुनै सजाय भोग्नुपरेन। देशभरका गाविसहरूमा यस्तै भइरहेको छ।

यसैगरी आर्थिक वर्ष २०६७/६८ को मूल्यांकनमा बारा जिल्लाका भवानीपुर जीतपुर, पिपर वसतपुर, रौवाही, टेढाकट्टी, बबुआइन, पुरैनिया र मधुरीजब्दी गरी सात गाविसका सचिवहरूले बजेट त खर्च गरे तर कार्यालयमा कुनै पनि कागजात र अभिलेख नराखेका कारण ती सबै गाविसहरू न्यूनतम शर्तमा असफल भई थप अनुदान पाउन अयोग्य ठहरिए। कर्मचारीले गरेको लापरवाहीको सजायस्वरुप त्यहाँका नागरिकहरूले आफ्नो गाउँमा आउने विकास अनुदान गुमाउनुपर्‍यो। तर त्यसका जिम्मेवार गाविस सचिवहरूलाई कारबाही गर्ने व्यवस्था गाविसहरूको न्यूनतम शर्त मापन कार्यविधिमा छैन।

## जिविसको गैरजिम्मेवारी

रुपन्देही जिल्लामा आर्थिक वर्ष २०६५/६६ को मूल्यांकन हुँदा ६९ मध्ये आठ गाविस असफल भए। २०६७ फागुन १६ मा सम्पन्न १८औं जिल्ला परिषद्ले त्यसमाथि छलफल गरी आफ्नो निर्णय पुस्तिकामा लेखेको छ, 'गाविसको आर्थिक वर्ष २०६५/६६ को न्यूनतम शर्त मापनको अन्तिम परिणामबारे जानकारी भयो, जसमा ८ वटा गाविसहरूले न्यूनतम शर्त पूरा गरेको पाइएन।' अर्को वर्ष असफल हुने गाविसहरूको संख्या ६ गुणाले बढेर ४९ पुग्यो। यो मूल्यांकनको नतिजा आइसकेपछि २०६८ फागुन २४ मा सम्पन्न १९औं जिल्ला परिषद्ले यति धरै गाविस असफल हुनुको कारणबारे छलफल गर्नुको साटो अघिल्लो परिषद्को १२औं नम्बरको निर्णय १२औं नम्बरमै जस्ताको तस्तै सारेर झारा टारिदियो। ४९ गाविस असफल भएको अभिलेखसम्म जिल्ला परिषद्ले राखेको छैन। जिल्लामा अघिल्लो वर्षभर भएका कामको समीक्षा गरी आउँदो वर्षका लागि प्रस्तावित योजना तथा बजेट पारित गर्ने शक्तिशाली मञ्च नै जिल्ला परिषद् हो।

## कारबाहीको सट्टा वाहवाही

फट्याइँ गर्नेलाई कारबाही गरेर सुधारको बाटो देखाउनुको सट्टा आफ्नो गाविसलाई उत्तीर्ण गराइदिएकोमा सचिवको वाहवाही गर्ने चलन छ । साविकमा स्थानीय विकास मन्त्रालय बसेकै जिल्ला ललितपुर त्यसको उदाहरण हो । आर्थिक वर्ष २०६६/६७ मा ललितपुरका गाविसहरूले न्यूनतम शर्त पूरा गरे/नगरेको २०६७ मा मूल्यांकन गर्दा जिल्लाका ४२ मध्ये ३४ गाविस सफल देखिएका थिए । सोही मूल्यांकनका

# यसरी चिट चोर्छन् सचिव

**गाविस** सचिवहरू आफ्नै मनोमानीका योजनामा बजेट खर्च गर्छन् तर गाउँ परिषद्बाट स्वीकृत भएको माइन्युट देखाई न्यूनतम शर्त मापनको पहिलो सूचक पास गरेर पुरस्कार पकाउँछन् । अघिल्लो वर्ष सञ्चालित कार्यक्रम तथा आयोजनाहरूको वार्षिक समीक्षा गरेको हुनुपर्ने दोस्रो सूचक पूरा गरेको देखाउन उनीहरू टेबुलमा माइन्युट लेख्छन् र केही स्थानीय बासिन्दाको घरघरै गएर सही गराई मूल्यांकनकर्तालाई दिन्छन् । पूँजीगत अनुदानको कम्तीमा ८० प्रतिशत रकम निकासा लिएको हुनुपर्ने तेस्रो सूचकले त झन् कागजमा काम देखाई बजेट हडप्न उनीहरूलाई छुट दिएको छ ।

गाउँ परिषद्को निर्णय पुस्तिकामा 'कुल बजेटको ३५ प्रतिशत रकम लक्षित वर्गलाई दिने निर्णय गरियो' भनी कुनै कार्यक्रम र योजनाविना एक पंक्ति लेखिदिएर न्यूनतम रकम लक्षित वर्गलाई दिनुपर्ने चौथो सूचक पनि पूरा गरिदिन्छन् । अघिल्लो वर्षको आयव्यय विवरण सार्वजनिक गरेको हुनुपर्ने पाँचौं शर्तमा सफल देखिन एक प्रति किर्ते मुचुल्का बनाएर झारा टार्छन् । दुई वर्षअघिका आर्थिक कारोबारहरूको अन्तिम लेखा परीक्षण गराई लेखा परीक्षकबाट गाविसमा प्रतिवेदन सार्वजनिक गराएको हुनुपर्ने छैटौं सूचकमा सचिवहरूले प्रतिवेदन सार्वजनिक गरेको देखाउन फर्जी प्रमाण पेश गर्छन् ।

१४ वर्षअघि नै कानूनतः विस्थापित भइसकेको मलेप फारम प्रयोग

आधारमा ती गाविसहरूले आर्थिक वर्ष २०६८/६९ को बजेटमा १ करोड १९ लाख ७८ रुपैयाँ विभिन्न अन्तर्राष्ट्रिय दाताहरूको संयुक्त कोषबाट पुरस्कारबापत थप अनुदान थापे। गाविसलाई सफल बनाएर प्रोत्साहन बजेट दिलाउने गाविस सचिवहरूको वाहवाही भयो। तर त्यही पुरस्कारको बजेट खर्च भइरहेका बेला सम्पन्न आर्थिक वर्ष २०६७/६८ को मूल्यांकनले उल्टो नतिजा देखायो।

२०६८ माघमा जिविसले तयार गरेको अन्तिम मूल्यांकन प्रतिवेदन अनुसार न्यूनतम शर्तमा सफल हुने गाविसको संख्या ३४ बाट ३

गरिरहेका गाविस सचिवहरूले आफ्नो आयव्ययको अभिलेख स्थानीय स्वायत्त शासन ऐन २०५५ ले तोकेको ढाँचामा राखेको भनी झुटो विवरण दिएर सातौं सूचकमा पनि अंक पाइरहेका छन्। यो सूचक पूरा गर्ने गाविसहरूको संख्या अत्यन्त न्यून हुनसक्ने देखिएपछि स्थानीय निकाय वित्तीय आयोगले नै यसपालिको मूल्यांकनमा पुरानो ढाँचामा अभिलेख राख्ने गाविसहरूलाई पनि उत्तीर्ण गराउन ७५ वटै जिविसहरूलाई निर्देशन दिएपछि सचिवहरूलाई चिट चोर्ने झञ्झट पन्छिएको छ।

गाविसको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत तयार गरेको हुनुपर्ने आठौं नम्बरको सूचक मात्र धेरैजसो गाविसहरूले नढाँटिकन पूरा गरिरहेका छन्। तर मृत्यु भएको वर्षौंपछिसम्म ज्येष्ठ नागरिकहरूको नाममा आफैंले सामाजिक सुरक्षा भत्ता निकालेर खाइरहेका सचिवहरूले पुरानो अभिलेखलाई नयाँ भनी ढाँटिरहेका छन्। त्यसो गर्दा सामाजिक सुरक्षा भत्ता पाउनेहरूको विवरण वर्षेनि अद्यावधिक गरेको हुनुपर्ने तथा व्यक्तिगत घटना दर्ताको अभिलेख जिविसमा पेश गरेको हुनुपर्ने नवौं र दशौं सूचकमा जालसाजी भएको छ। आफ्नो गाविसको प्रोफाइल पुस्तिका बनाएको हुनुपर्ने एघारौं सूचकलाई चार वर्ष पुरानो भइसक्दा पनि मन्त्रालयले नै कार्यान्वयनमा ल्याउन सकेको छैन।

त्यसबाहेक न्यूनतम शर्त मापनका लागि गाउँ जानुभन्दा एक हप्ता पहिल्यै गाविस सचिवलाई जानकारी दिनुपर्ने शर्त मूल्यांकनकर्ताहरूलाई कार्यविधिले नै तोकिदिएको छ। यो शर्त फर्जी कागजपत्र जुटाई मूल्यांकनमा सफल देखिन सिपालु गाविस सचिवहरूका लागि बाँदरलाई लिस्नो सावित भएको छ।

मा ओर्लियो । जिल्लाका गोदामचौर, डुकुछाप र इकुडोल बाहेकका बाँकी ३८ गाविस असफल देखिए। सुशासन प्रबर्द्धन गर्न अपनाइएको न्यूनतम शर्त मापन प्रणालीले अघिल्लो वर्ष सप्रिएका गाविसहरू अर्को वर्ष बिग्रिएको देखाइदियो। तर ललितपुरका स्थानीय विकास अधिकारी राजकुमार श्रेष्ठ देख्नेहरूले बिग्रिएको देखे पनि यथार्थ त्यस्तो नभएको बताउँछन्। उनी भन्छन्, "पछिल्लो वर्षको मूल्यांकनलाई हामीले यथार्थ बनायौं, त्यसकारण धेरै गाविस असफल देखिएका हुन्।"

ढाँट्ने बानी सर्वत्र छ। स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले धनकुटा जिल्लामा गरेको दुई वर्षको अध्ययनले त्यहाँका ३५ मध्ये २२ वटा गाविसले लेखापरीक्षण प्रतिवेदन गोप्य राख्ने गरेको देखायो। तर ती गाविसहरू लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरेको हुनुपर्ने सूचकमा ढाँटेर सफल देखिएका छन् । यसैगरी कपिलवस्तु जिल्लाका ७७ मध्ये ४० वटा गाविसका सचिवहरूले ८ वर्षदेखि जिल्ला सदरकुमाम तौलिहवामा सम्पर्क कार्यालय राखी सबै काम त्यहींबाट चलाउँदै आए पनि गाउँगाउँमै लेखापरीक्षक पुगेर लेखापरीक्षण गरेको र प्रतिवेदन समेत सार्वजनिक गरेको किर्ते प्रमाण तयार पारी उनीहरू यो सूचकमा उत्रिँदै आएका छन् । यस्ता गाविस सचिवहरूले ढाँटेकोमा कारबाही भोग्नुको सट्टा गाविसलाई अतिरिक्त अनुदान दिलाएकोमा वाहवाही पाएका छन् ।

# 'छल्छन् भन्ने थाहा छ'

**रघुराम विष्ट**, उपसचिव-स्थानीय निकाय
वित्तीय आयोगको सचिवालय

**गाविसहरूको न्यूनतम शर्त मूल्यांकन गरी जिविसहरूले दिने प्रतिवेदन कत्तिको यथार्थपरक पाउनुभएको छ ?**

गाविसहरूको मूल्यांकन गर्ने काम आयोगले सम्बन्धित जिविसलाई प्रत्यायोजन गरेको छ । उनीहरूले मूल्यांकन गरेर हामीलाई नतिजा पठाउँछन् । गाविसहरूको गत वर्षको मूल्यांकनको गुणस्तर परीक्षण गर्दा १० जिल्लाका २०८ वटा प्रतिवेदनहरू अध्ययन गर्‍यौं । त्यसमध्ये ३६ वटा प्रतिवेदनको सत्यता थलोमै गएर जाँच्दा आधाजसो गाविसहरूको नतिजामा त्रुटि देखिएको छ ।

**यस्ता त्रुटिका लागि जिविस जिम्मेवार हुन्छन् कि आयोग ?**

यो काम आयोगकै हो । हाम्रै कमजोरीले यस्तो भएको हो ।

**सुधारका लागि के के काम भएका छन् ?**

गलत नतिजा दिने मूल्यांकनकर्तालाई अर्को वर्षको मूल्यांकन गर्न नपाउने गरी कालोसूचीमा राखेका छौं । यस वर्षदेखि उनीहरूले पाउने पारिश्रमिक रोक्का गर्नेसम्मको कारबाहीलाई कडाइका साथ लागू गर्दैछौं ।

**गाविसहरूमा फर्जी कागजलाई प्रमाण बनाएर मूल्यांकनमा उत्तीर्ण हुने अभ्यास चलेको जानकारी आयोग सचिवालयलाई छैन ?**

म पनि मूल्यांकनको गुणस्तर परीक्षणका लागि एउटा जिल्लामा जाँदा सदरमुकाममा रहेको एक गाविसले न्यूनतम शर्तको एउटा सूचक पूरा गर्न पाँच जनाको उपस्थितिमा वार्षिक कार्यक्रमहरूको समीक्षा गरेको भन्ने कागज पेश गरेको देखें। यस्ता कुरा हाम्रो नजरमा परेका छन्। अघिल्लो वर्षदेखि कागजातहरू ल्याएर हेर्न र थलोमा पनि जान थाल्यौं । त्यसपछि गाविसहरूले छल्दा रहेछन् भन्ने थाहा भयो ।



**दिनेश सुनार**

# अविश्वसनीय सरकारी आँकडा

मैले यसभन्दा पहिले गरेको स्टोरी पनि शान्ति तथा पुनर्निर्माण मन्त्रालयकै थियो। त्यही स्टोरीका लागि जानकारी खोज्ने क्रममा यो स्टोरी फेला पर्‍यो। मन्त्रालयले तयार गरेका प्रतिवेदन हेर्दा त्यहाँ राखिएका आँकडा अविश्वसनीय लागे।

विषय छानिसकेपछि मैले चार वटा जिल्लाका यस्ता काम हेर्ने विचार गरें। यस क्रममा स्थलगत भ्रमण गरें। भत्किएका भनिएका संरचना हेरें। यसो गर्दा प्रतिवेदनमा उल्लेख भएका कुरा गलत भएको पाएँ।

जानकारी संकलन गर्न र ती जानकारी सही हुन् कि होइनन् भनी जाँच्नका लागि मैले ७० जना जति मानिससँग कुराकानी गरें। मलाई के कुरामा अचम्म लाग्यो भने गलत काम गर्ने मानिसहरू त्यसो गरेकोमा गर्व पो गर्दा रहेछन्।

जानकारी भेला गर्ने क्रममा ठेक्कापट्टा सम्बन्धी कागजात पाउँछु भन्ने लागेको थियो तर ती पाउन सकिनँ।

अघिल्लो स्टोरीको लेखाइका आधारमा मलाई के लाग्छ भने एउटा स्टोरी लेख्न १५ दिन जति लाग्छ। स्टोरी लेख्ने क्रममा सम्पादकले पनि सँगसँगै बसेर गाइड गर्नुभयो। त्यसो गर्दा भाषा सुध्रियो। लेख्दै जाँदा वाक्य अस्पष्ट हुन्थ्यो। आफ्नो मनमा भएका कुरा लेखें जस्तो लाग्थ्यो। तर लेखिंदो रहेनछ। आफूलाई भन्न मन लागेका कुरा लेख्दा लामो हुन्थ्यो। ती कुरालाई छोटोमा पनि लेख्न सकिंदो रहेछ। स्टोरीमा कतिपय नचाहिने कुरा पनि हालिंदो रहेछ जसलाई पुनर्लेखनका क्रममा हटाउन सकिने रहेछ।

पहिलो स्टोरी लेख्दा लेख्न नजानेकाले पनि बढी समय लाग्यो जस्तो लागेको छ । अब त्यति धेरै समय लाग्दैन होला । जानकारी भेला गर्ने र लेख्ने क्रममा स्टोरी मात्रै तयार भएन मेरो सीप पनि बढ्यो भन्ने लागेको छ ।

# पुनर्निर्माणमा २९ अर्बको खेल

**दिनेश सुनार**

नेपाललाई भ्रष्टाचारी मुलुकहरूको सूचीमा चढाउनका लागि विशेष योगदान गर्ने नेपाली राजनीतिकर्मी तथा प्रशासकहरूले अर्को एउटा कीर्तिमान बनाएका छन् । सशस्त्र द्वन्द्वका बेला भत्काइएका भौतिक संरचनाहरूको सङ्ख्या सशस्त्र द्वन्द्व समाप्त भएको निकै वर्ष बितिसक्दा पनि बढिरहनु नै यो कीर्तिमान हो । स्रोत दुरुपयोगमा संलग्न व्यक्ति प्राय: एकै स्वरमा भन्छन्- हामीले अहिले खर्च नगरे विदेशीको रकम विदेशमै फिर्ता भएर जान्छ । तर परियोजना अधिकारीहरू भन्छन्, ‘यो रकम विदेशीको अनुदान होइन, राजस्वको रकम हो । त्यसभन्दा पनि महत्त्वपूर्ण कुरा रकमको स्रोत होइन खर्च गर्ने विधि हेर्नुपर्दछ ।’

पूर्वसचिव श्रीकान्त रेग्मी नेपाल सरकारले २०६४ मा द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा भौतिक संरचनाको लगत संकलन गर्न बनाएको ‘द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा भौतिक संरचनाको लगत संकलन’ कार्यदलका पहिला संयोजक हुन् । त्यस कार्यदलले द्वन्द्वकालको आक्रमणमा परी देशभर ३,६४७ वटा भौतिक संरचनामा क्षति पुगेको भनेर सिफारिस गरेको थियो । रेग्मी भन्छन्, ‘माओवादीले पहिरोले लगेको, पुरानो भएर भत्किएको तथा अन्य कारणले बिग्रे भत्केका संरचनालाई पनि हामीले भत्काएका हौं भनेर सिफारिस गरिदिन दबाब दिन थालेपछि मैले राजीनामा दिएँ ।’

द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाको पछिल्लो तथ्यांक अनुसार द्वन्द्वका क्रममा भत्किएका, क्षति भएका भौतिक संरचनाको

सङ्ख्या ८ हजार ९१६ देखाइएको छ । २०६३ मंसीरमा बृहत् शान्ति सम्झौता भएपछि कुनै पनि भौतिक संरचनामाथि आक्रमण भएको छैन । तर शान्ति मन्त्रालयका कागजपत्रहरू हेर्दा त्यसपछिको कालमा पनि भौतिक संरचनाहरूमाथि आक्रमण भइरहेको र क्षति भइरहेको भान हुन्छ । द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाका सिनियर डिभिजन इन्जिनियर (सीडीई) धुव्रप्रसाद पौडेल भन्छन्, 'पहिलो कार्यदलले राम्रोसँग कामै नगरेको हुनाले यो संख्या थपिँदै गयो, अहिले तेब्बर हुन पुग्यो ।' उनले थपे, 'पहिलो कार्यदलको आकलन अनुसार ८ अर्ब खर्च हुने थियो, तर पछिका कार्यदलले संख्या बढाउँदै जाँदा ३७ अर्ब खर्च हुने भएको छ ।'

क्षति पुगेका भनिएका मध्ये २ हजार ८९० वटा भौतिक संरचना पुनर्निर्माण भइसकेका छन् । अझै ६ हजार २६ वटाको पुनर्निर्माण हुन बाँकी छ ।

## कागजमा भत्किएका गाविस भवन

पहिलो कार्यदलको प्रतिवेदन अनुसार द्वन्द्वकालमा ३ हजार ९१५ वटा गाविसमध्ये १ हजार २६० गाविस भवनमा क्षति भएको थियो । तर द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाले २०६९ असारमा प्रकाशित गरेको तथ्याङ्कअनुसार यो संख्या बढेर २ हजार ७२ वटा पुगेको छ । यसरी जिल्ला पुनर्निर्माण समिति, स्थानीय शान्ति समिति र कार्यदलको सिफारिसमा भौतिक संरचनाको संख्या बढेको हो ।

धनकुटा जिल्लाका एमाले नेता राजेन्द्र राईले बताए अनुसार, उनका जिल्लामा द्वन्द्वका क्रममा ७५ वटा मात्र भौतिक संरचनामा माओवादीले क्षति पुर्‍याएका थिए । उनले थपे, 'हामीले २७३ वटा भौतिक संरचनामा क्षति भएको भनेर शान्ति मन्त्रालयमा सिफारिस गर्‍यौं । हाम्रै जिल्लाका नेता रकम चेम्जोङ शान्ति तथा पुनर्निर्माण मन्त्री हुँदा यस जिल्लामा पुनर्निर्माणका लागि ८२ वटा योजनाको लागि जम्मा रु.१३ करोड आयो ।'

धनकुटा जिल्ला विकास समितिका कार्यक्रम अधिकृत सीताराम गौतमका अनुसार द्वन्द्वका क्रममा धनकुटामा सात गाविस भवनमा मात्र आक्रमण भएको थियो । तर द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाले यहाँ ३० वटा गाविस भवन बनाइसकेको छ । धनकुटाकी माओवादी जिल्ला नेतृ धनमाया विक भन्छिन्, 'धनकुटामा दुई-चार वटाभन्दा धेरै गाविस भवनमा आक्रमण गरिएको थिएन । तर गाउँको विकासका लागि किन बाधक बन्ने भनेर नभत्किएको गाविस भवन बनाउन सिफारिस हुँदा हामीले विरोध गरेनौं ।'

गुल्मी जिल्ला विकास समिति र जिल्ला प्राविधिक कार्यालयले जिल्लाका सबै ७९ गाविस भवनमा क्षति पुगेको प्रतिवेदन शान्ति मन्त्रालयमा बुझाएका छन् । तर जिल्ला प्रशासनको प्रतिवेदनमा भने ४४ वटा मात्र गाविस भवन क्षति पुगेको भेटिन्छ । नयाँ प्रतिवेदनमा नौ वटामा आंशिक र ७० वटामा संरचना पूर्ण क्षति भएको भनिएको छ । आंशिक क्षति भएकाका लागि ७ लाख र पूर्ण क्षति भएकाका लागि १० लाख माग गरिएको छ । माग गरिएको रकमबाट नै यो माग यथार्थ क्षतिको निरीक्षण र लगत इष्टिमेटका आधारमा भएको होइन भन्ने स्पष्ट हुन्छ ।

धनकुटा जिल्ला प्राविधिक कार्यालयका प्रमुख जिल्ला इन्जिनियर दीपकुमार दास भन्छन्, 'आफ्नो जिल्ला तथा क्षेत्रमा नयाँ संरचना बनाउनको लागि सभासद् तथा राजनीतिक दलले सिफारिस गर्दा नै सङ्ख्या बढेको हो ।

द्वन्द्वग्रस्त भनिएका सरकारी भवन तथा स्थानीय निकायका भवन, विद्यालय, बाल मन्दिर, झोलुङ्गे पुल, खानेपानी, विमानस्थल, ग्रामीण नमूना बस्ती लगायतका भौतिक संरचनाको पुनर्निर्माण गर्ने भनिए तापनि मन्त्रालयले अतिथि गृह तथा कलेज डेकोरेसनमा समेत लाखौं खर्च गरेको छ ।

२०५९ सालमा आक्रमणमा परेको गुल्मी सदरमुकाम रहेको तम्घास गाविस भवन अझै बन्न सकेको छैन । तर शान्ति तथा पुनर्निर्माण मन्त्रालयले माओवादीले आक्रमण नै नगरेको जिल्ला मालपोत

कार्यालयको भवन भने २ करोड खर्च गरेर बनाइदिएको छ ।

त्यस्तै गुल्मीको छ्यापहिले गाविस भवन माओवादी आक्रमणमा परेको थियो । उक्त गाविस भवन भत्काएर छ्यापहिले मावि बनाइएको छ । तर गाविस भवन बनाउने कुनै अत्तोपत्तो छैन । गुल्मी जिल्लाका माओवादी नेता युवराज केसी भन्छन्, 'हामीले गाविस भवनभन्दा स्कूल बनाउनमा नै जोड दियौं । गाविस भवनभन्दा स्कूल नै धेरै मानिसको संवेदनशीलतासँग जोडिएको छ ।'

जिल्ला पुनर्निर्माण समितिले पूर्ण क्षति भनेर सिफारिस गरेको ह्वाङदी गाविसका लागि पुराना दुइटा भवनहरू अझै प्रयोगमा छन् । त्यसमध्ये एउटा भवन कार्यालयले प्रयोग गरेको छ भने अर्को भवन मासिक ३०० रुपैयाँमा भाडामा दिइएको छ। ह्वाङदी-१ का चन्द्रबहादुर थापाले भने यो गाविस भवनको कागजपत्र मात्र माओवादीले बाहिर ल्याएर जलाएका हुन्, भवनमा केही गरेका थिएनन् ।

गुल्मीको दर्लिङ गाविस भवनमा कसैले आक्रमण गरेको र कुनै क्षति पुगेको थिएन । तर जिल्ला पुनर्निर्माण समितिले उक्त भवन पूर्ण क्षति भएको भनी सिफारिस गरिदिएको छ ।

पाल्पाका ६१ वटा गाविस भवनको पुनर्निर्माण गर्नुपर्ने सूचीमा परेका छन् । जसमध्ये १३ वटा गाविस भवन बनिसकेका छन् । तर माओवादीका जिल्ला नेता नेत्रप्रसाद पाण्डेय भन्छन्, 'द्वन्द्वकालमा बकामराङ गाविस भवनमा मात्र आक्रमण गरिएको थियो । अरू गाविस भवनमा कुनै क्षति पुगेको थिएन ।' उनी पनि अरूले जसरी नै भन्छन्, 'हामीले सिफारिस पठाउँदा पैसा आउँछ भने किन नपठाउने भनेर कागजी घोडा दौडाइदिएका हौं ।'

स्याङ्जाका ५० मध्ये २५ वटा गाविस भवनको पुनर्निर्माण गर्नुपर्ने भनी शान्ति मन्त्रालयमा सिफारिस गरिएको छ। जसमध्ये ६ वटा मात्र गाविस भवन पुनर्निर्माण गरिएको छ । सेतीदोभान-८ का दिलबहादुर क्षेत्री भन्छन्, 'सेतीदोभान गाविस भवनमा माओवादीले आक्रमण गरेका होइनन् । गाविसको पुरानो भवन भत्काएर नयाँ बनाएका हुन् । शान्ति मन्त्रालयले नै भत्काउने र बनाउने दुवै बजेट दियो ।

## विद्यालय : प्राथमिकतामा

पहिलो कार्यदलको प्रतिवेदनमा देशभर ८० वटा मात्र विद्यालयमा आक्रमण भएर क्षति पुगेको उल्लेख छ। शान्ति मन्त्रालयको आर्थिक वर्ष २०६६/६७ को प्रतिवेदनअनुसार विद्यालयको संख्या ८३८ वटा पुग्यो। त्यसपछिको दुई वर्षमा पुनर्निर्माण गर्नुपर्ने विद्यालयको सङ्ख्या २ हजार १४८ वटा पुग्यो। यीमध्ये २०६८ असारसम्म ४८५ वटा स्कूल पुनर्निर्माण भइसकेको शान्ति मन्त्रालयको तथ्याङ्कले देखाउँछ।

तर स्थानीय माओवादीका नेताहरूले भने आफूहरूले द्वन्द्वका बेलामा विद्यालयमा आक्रमण नगरेको बताउँछन्। सरकारले विद्यालयको पुनर्निर्माणको लागि अधिकतम १५ लाख र उच्च माविको पुनर्निर्माणको लागि १७ लाखसम्म सीमा तोकेको छ।

परियोजनाका सीडीई ध्रुव पौडेल भन्छन्, 'यहाँ राजनीतिकर्मीले विद्यालय बनाइदिन जोड दिएकाले हामीले क्षतिको सूचीमा राखेर बनाउन दिएका हौं। धनकुटामा हिले उच्च मावि, पाख्रिवास क्याम्पस र पुण्य उच्च मावि यसै परियोजनाबाट बनेका छन्। यी उच्च माविमा माओवादीले आक्रमण गरेका थिएनन्, तैपनि रकम चेम्जोङ शान्ति मन्त्री हुँदा प्रत्येक क्याम्पसले ५० लाखसम्म रकम पाए। धनकुटा राजारानीस्थित पुण्य उच्च माविले त १०+२ मा होटल म्यानेजमेन्ट विषयको प्रयोगात्मक कक्षाका लागि अतिथि आवास तथा रेष्टुरेन्ट बनाउन पनि त्यही रकम खर्च गरेको थियो। पुण्य उच्च माविका प्रिन्सिपल लोकबहादुर राई भन्छन्, 'अतिथि आवास तथा रेष्टुरेन्ट डेकोरेसन तथा फर्निसिङका लागि शान्ति मन्त्रालयले ५ लाख रुपैयाँ दिएको थियो।' धनकुटाका प्रमुख जिल्ला इन्जिनियर दीपककुमार दास भन्छन्, 'स्कूलमा क्षति भएको थिएन, जीर्ण भवन मर्मत गरिदिएको मात्र हो।'

जिल्लामा हुने गलत काम रोक्ने जिम्मेवारी पाएका धनकुटाका प्रमुख जिल्ला अधिकारी खड्कबहादुर चापागाईं भन्छन्, 'यो विदेशी दाताबाट सहयोग आएको हो। रकम गलत ठाउँमा प्रयोग भए पनि

खर्च त भएको छ, नत्र त त्यो पैसा फर्किएर जान्छ। म यो जिल्लाको विकास त रोक्न चाहन्न।' तर शान्ति मन्त्रालयका सहप्रवक्ता प्रेमप्रसाद सञ्जेल भन्छन्, 'यो रकम नेपालीले तिरेको राजस्व हो।'

गुल्मीमा २०६६ साउनमा बसेको भौतिक पूर्वाधारहरूको पुनर्निर्माण तथा पुन:स्थापना जिल्ला पुनर्निर्माण समितिको बैठकले २८ वटा मात्र विद्यालय क्षति भई पुनर्निर्माणको लागि माग भइआएको विवरण दिएको थियो । तर शान्ति मन्त्रालयको द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाको २०६९ असारसम्मको प्रतिवेदनमा भने गुल्मीका १५३ वटा विद्यालयमा क्षति पुगेको भनेर सिफारिस गरेको छ।

जिल्ला प्राविधिक कार्यालय गुल्मीको प्रतिवेदन २०६९ असार मसान्तसम्ममा ३० वटा विद्यालय पुनर्निर्माण सम्पन्न भएको उल्लेख छ । गुल्मीको अर्जे उच्च माविको चारतले भवनमध्ये एकतला पनि सम्पन्न भएको छैन । तर प्राविधिक कार्यालय र शान्ति मन्त्रालयले सम्पन्न भयो भनेका छन्। उच्च माविका प्रिन्सिपल शिवलाल भट्टराई भन्छन्, 'यस क्षेत्रका तत्कालीन सभासद् चन्द्रबहादुर थापाले हामीलाई ९२ लाख आउने आश्वासन दिएका थिए, तर स्कूलमा २८ लाख मात्र आयो, त्यसैले अधुरै रह्यो । गुल्मीकै स्वाङदी मेहाल माविका प्रधानाध्यापक घनश्याम शर्मा अर्याल भन्छन्, 'शान्ति मन्त्रालयबाट २२ लाख आएको थियो, स्कूलले झ्याल ढोकासमेत राखेको छैन, स्कूलको हालत यस्तो छ । तर जिल्ला प्राविधिक कार्यालयले सम्पन्न भनेर लेखिदियो ।'

गुल्मीकै दर्लिङ माविको भवनमा २०५९ सालमा असन्तुष्ट विद्यार्थीहरूले आगो लगाउँदा क्षति भएको थियो। यो विद्यालय पनि द्वन्द्वका क्रममा आक्रमण भएको सूचीमा पर्‍यो र यसले पनि पुनर्निर्माण अन्तर्गत ४१ लाख रुपैयाँ पायो। स्कूलका सह प्रधानाध्यापक यमलाल अर्याल भन्छन्, 'यो भवन चार ठाउँमा चुहिने भयो, भत्काएर टाल्ने प्रयास पनि सफल हुनसकेन । ढलान गर्नेले बिगारिदिए ।' दर्लिङ माविकै पूर्वशिक्षक प्रेमबहादुर श्रीस भन्छन्, 'स्कूलमा खर्च गरिएको रकमबारे हामीलाई केही थाहा नै भएन। स्कूल व्यवस्थापन समितिका

मान्छे आफैं बसेर खर्च गरे। पैसा सकियो, तर काम सकिएन अनि मात्र हामीले थाहा पायौं। यो स्कूल बनाउँदा माओवादीका स्थानीय नेता चित्रबहादुर श्रीस उपभोक्ता समिति र निर्माण समितिका हर्ताकर्ता थिए।'

## क्षति बेहोर्नेले केही पाएनन्

द्वन्द्वकालमा माओवादीद्वारा सबैभन्दा बढी तारो बनाइएका र दोहोरो भिडन्तमा परेका संरचना प्रहरी चौकी हुन्। माओवादीले सरकारी सुरक्षा अंगमाथि आक्रमण गर्ने, भौतिक संरचनामा आगो लगाउने जस्ता काम गरेका थिए। तर क्षति पुगेका मध्ये ६६८ वटा प्रहरी एकाइ तथा कार्यालयहरू बन्न सकेका छैनन्। ती स्थानमा पुनःस्थापना भएका प्रहरी चौकीहरू अझै भाडामा बस्न बाध्य छन्।

स्याङ्जा जिल्ला प्रशासनमा आक्रमण हुँदा क्षति पुगेका जिल्ला सरकारी वकिलको कार्यालय र जिल्ला कृषि विकास भवनमा क्षति भए पनि कुनै मर्मत समेत गरिएको छैन। गुल्मी जिल्लाको तम्घास गाविस भवन पनि आक्रमणबाट क्षतिग्रस्त भएको छ तर हालसम्म बनाउने कुनै पहल भएको छैन।

द्वन्द्वका क्रममा देशभर ७६८ वटा प्रहरी चौकीमा माओवादीले आक्रमण गरे पनि २०६९ असार मसान्तसम्म १०० वटा मात्र प्रहरी चौकीहरू पुनर्निर्माण भएका छन्। अहिलेकै अनुपातमा अर्थात् ६ वर्षमा १०० का दरले प्रहरी चौकी बन्दै जाने हो भने शान्ति मन्त्रालयलाई सबै प्रहरी चौकी पुनर्निर्माण गर्न अझै ५० वर्ष लाग्छ।

आक्रमण भएर पनि निर्माण हुन नसकेको मध्ये एक हो, २०५८ साल मंसीरमा आक्रमणमा परेको स्याङ्जा सेती दोभान प्रहरी चौकी। हाल यहाँ खटिएका प्रहरी अधिकारीहरू आक्रमणबाट क्षतिग्रस्त प्रहरी चौकीको भग्नावशेषसँगैको घर भाडामा लिएर जनतालाई शान्ति सुरक्षा दिइरहेका छन्।

प्रहरी चौकीको लागि भर्खर टेण्डर भइरहँदा सेती दोभान प्रहरी चौकीबाट केही किलोमिटरको वरपर रहेको फापरथुम र सेती दोभान

गाविसका नभत्किएका दुइटा गाविसका भवन भने बनिसकेका छन् । गुल्मीको अर्जे गाविस भवन माओवादीले आगो लगाएर ध्वस्त भएको थियो। तर आक्रमणमा नपरेको स्कूल बनाइरहँदा गाविस भवन बनाउन भने कुनै अत्तोपत्तो छैन ।

## मौकामा चौका

स्याङ्जाको जिविस भवनमा कुनै क्षति नभए पनि पुरानो भवन भत्काएर नयाँ बनाइएको छ। स्याङ्जाको पुतलीबजार-७ मा अवस्थित भालुपहाड शहीद उद्यान पार्क निर्माण गर्न पुतलीबजार नगरपालिकाले ९ लाख १२ हजार खर्च गरी २०६८ मा काम सम्पन्न गरेको छ। शान्ति मन्त्रालयले भने त्यसै शहीद पार्क निर्माण गर्न १० लाख रुपैयाँ विनियोजन गरेको छ । शान्ति मन्त्रालयको पुनर्निर्माण बजेटबाट धनकुटाको राजारानीमा १ करोड रुपैयाँको लागतमा अतिथिगृह बनाइरहेको छ । यहाँ रहेको पुरानो अतिथिगृहमा द्वन्द्वकालमा कुनै प्रकारको आक्रमण भएको थिएन। स्थानीय बासिन्दा काजीमान लिम्बु भन्छन्, 'अतिथिगृह जीर्ण भएको थियो, शान्ति मन्त्रालयका लागि अतिथिगृह पुनर्निर्माण गर्ने लाइसेन्स प्राप्त भयो । त्यसैले शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई धेरैले नव निर्माण मन्त्रालयको नामले समेत सम्बोधन गर्न थालेका छन् ।

## क्षति र खर्चको विवरण

| क्षति भएका संरचना | पहिलो कार्यदलको प्रतिवेदन | शान्ति मन्त्रालयको आ.व. २०६६/६७ | परियोजनाको २०६९ असोजसम्मको तथ्याङ्क |
|---|---|---|---|
| विद्यालय | ९० | ९३९ | २१४९ |
| गाविस भवन | १२६० | ११८६ | २०७२ |
| सदरमुकामस्थित सरकारी कार्यालय | ५८७ | १०८४ | १००० |

| | | | |
|---|---|---|---|
| इलाका स्तरीय सरकारी कार्यालय | ३९९ | ९९५ | ९८६ |
| प्रहरी इकाई तथा कार्यालय | ८९९ | ७६८ | ९४१ |
| जिविस तथा न.पा भवन | ६८ | १०२ | १३० |
| झोलुङ्गे पुल | १० | ६८ | १०१ |
| अन्य | ३३४ | ४१८ | १२८२ |
| पार्क तथा नमुना वस्ती कार्यक्रम | - | - | २०८ |
| जम्मा | ३६४७ | ५५६० | ८९१६ |
| अनुमानित लागत | रु७.९१ अर्ब | रु२०.३१ अर्ब | रु३७.०१ अर्ब |

**स्रोत : शान्ति मन्त्रालय**



शत्रुधनकुमार साह

# गरे सकिन्छ

खोजमूलक रिपोर्ट तयार गर्नका लागि सबैभन्दा पहिले आफ्नो विषयवस्तुको स्वरूपबारे बुझ्नु पर्दछ। मधेसका महिलामाथि भइरहेका हिंसाका बारेमा खोजमूलक रिपोर्टिङ गर्नका लागि मैले यस बारेमा धेरै प्रश्नका उत्तर खोज्नुपर्ने थियो। ती प्रश्न थिए : महिलाहरू किन हिंसाबाट पीडित भइरहेका छन ? पीडित महिलाहरूले न्याय नपाउनुको कारण के हो ? महिला हिंसाका अपराध किन मिलापत्रमा टुंगिने गर्छन ?

रिपोर्टिङ गर्ने क्रममा मैले यसका लागि राजनीतिक दलका कार्यकर्ता र समाजका भद्रभलाद्मी जिम्मेवार रहेको पाएँ। जानकारी खोज्न जानुअघि मैले विषयवस्तुसँग सम्बन्धित जानकारी र प्रकाशित लेख संकलन गरें। जानकारी खोज्न जानुभन्दा पहिले कहाँ कहाँ जाने ? कति दिन बस्ने ? क-कसलाई भेट्ने जस्ता कुरा निधो गरें।

मैले स्टोरी तयार गर्ने क्रममा पीडितहरूलाई भेटें। बलात्कारबाट पीडितमध्ये कतिपय मानिसहरू बोल्न नमान्ने र आरोपित पक्षबाट हुनसक्ने जोखिमलाई मध्यनजर गरी अरू माध्यमबाट पनि सूचना संकलन गरें।

खोजमूलक स्टोरी गर्दा मैले मूल प्रमाण तथा सहायक प्रमाणहरूको छुट्टाछुट्टै विश्लेषण गरें। पीडित महिलाहरूसंग गरिएको कुराकानी, घटनाको किटानी जाहेरी जस्ता प्रमाणलाई मूल प्रमाणका रूपमा लिएको थिएँ। बलात्कारको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरूबाट प्राप्त तथ्यांक

तथा उनीहरूसँग गरिएको कुराकानीलाई सहायक प्रमाणका रूपमा राखेको थिएँ ।

खोजमूलक स्टोरी गर्दा कतिपय अवस्थामा प्राप्त जानकारी सत्य नहुन पनि सक्छन् । यस्तो अवस्था मैले पनि भोलें । कतिपय घटनाहरूका बारेमा प्रहरीमा जाहेरी दर्ता गर्दा एउटा कारण देखाइएको भए पनि वास्तविक कारण अर्कै हुने गरेको पाइयो। महिला हिंसाका सामान्य केशहरूमा घटना भएको बेलामा पीडितले एक किसिमको कुरा बताउने तर पछि घटना नै नभएको भन्ने समेत पाइयो । यसैगरी बलात्कारको केशमा बलात्कार भएको भनेर जाहेरी दिने तथा बुझ्न जाँदा घटना नै नभएको भनेर पीडित परिवारले भन्ने वा मिलिमतोमा घटना भएको पाइयो । बोक्सीको आरोप लगाएर दुर्व्यवहार गरिएका केशहरूमा प्रायः व्यक्तिगत रसइवी साँध्नका लागि महिलाहरूमाथि त्यसो गर्ने गरिएको पाइयो ।

घटना जे-जसरी भएको भए पनि महिला विरुद्धका अधिकांश हिंसाका घटनामा मिलापत्र भएको पाइयो। आरोपित पक्षबाट अलिकति पैसा पाएपछि पीडितले उजुरी फिर्ता लिएको पाइयो । पीडितहरूसँग भेटेर कुरा गरेपछि मात्रै वास्तविक जानकारी प्राप्त गर्न सकियो तर कतिपय अवस्थामा पीडितले पनि सत्य कुरा बताउन नचाहँदा स्थानीयबासीहरूसँग कुरा गर्नुपऱ्यो ।

महिला हिंसा सम्बन्धी स्टोरी गर्नको लागि त्यहाँ भएका महिलाहरूमाथि भइरहेका हिंसाको केशहरूलाई नै बढी अध्ययन गरें। महिला हिंसाका विषयमा लेखिएका पुस्तकमा वास्तविक तस्वीर नआएको पनि हुनसक्छ। त्यही भएर मैले केश स्टडी बढी गरेको छु। जानकारी खोज्नका लागि मैले महिला पुर्नस्थापना केन्द्रको मासिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन जस्ता सामग्रीको पनि सहारा लिएको छु। महिला हिंसाका बारेमा प्रकाशित लेख, मिथिला क्षेत्रका बुद्धिजीवी, महिला अधिकारकर्मी, राजनीतिक प्रतिनिधि, समाजसेवी तथा भद्रभलाद्मीहरूसँग पनि मैले कुराकानी गरेको छु ।

खोजमूलक स्टोरी गर्ने क्रममा भोगेका कतिपय घटना स्मरण गर्न लायक छन्। खोज पत्रकारिता केन्द्रमा स्टोरी गर्न थाल्दा गर्न सक्दिनँ भनेर हरेश खाएको थिएँ। राजिनामा पत्र पनि तयार गरिसकेको थिएँ। तर राजेन्द्र दाहाल सरले धेरै सम्झाएपछि मैले राजिनामा दिइनँ। एक पटक अरू कोशिश गर्ने विचार गरेँ। सिराहा र धनुषामा महिला हिंसा सम्बन्धी रिपोर्टिङ गर्न सकिनँ भने उतै घरमै बस्छु भन्ने पनि लागेको थियो। तर राम्रोसँग रिपोर्टिङ सकेर काठमाडौं आएँ। मेरो पहिलो खोजमूलक स्टोरी *नेपाल सामाचारपत्र* लगायत ६ वटा पत्रिकामा छापियो। स्टोरी लेखे बापत बेलायती राजदुतबाट सम्मानित पनि भएँ। त्यसपछि अरू स्टोरी पनि गरें।

यसरी एक वर्षको अवधिमा खोज पत्रकारिता केन्द्रमा बसेर धेरै कुरा सिक्ने अवसर पाएँ। रिपोर्टिङ थाल्नु भन्दा पहिले के-के गर्ने ? मानिसहरूसँग भेटेर कसरी कुरा गर्ने ? आफूले संकलन गरेका तथ्यांक तथा अर्न्तवार्ताहरूका आधारमा राम्रो स्टोरी कसरी तयार गर्ने भन्ने कुरा सिक्न पाएँ। म पत्रकारिता नपढी पत्रकारिता पेशामा लागेको थिएँ। खोज पत्रकारिता केन्द्रमा बिताएको एक वर्ष निकै नै फाइदाजनक भयो। अब पत्रकारितामा राम्रो गर्छु भने विश्वास छ।

# बलात्कार र मिलापत्र : व्यवसायका रूपमा स्थापित हुँदै

**–शत्रुधनकुमार साह**

यस वर्ष दशैंको समयमा मिथिलावासीले आफ्नै चेलीको 'अश्लील भिडियो' हेरे । जनकपुरको मोडल क्याम्पसमा अध्ययनरत एक युवती र जनकपुर-१६, कपिलेश्वर निवासी २५ वर्षीय रन्जित दासबीच भएको यौन दृश्यले मिथिलावासीलाई स्तब्ध बनाइदियो । एक मिनेट तीन सेकेन्डको यौन दृश्य मोबाइलको ब्लु-टुथमार्फत रातारात सयौं युवाहरूको मोबाइलमा पुगेको थियो। जो यहाँको नयाँ व्यवसाय बनेको थियो ।

पीडित युवतीलाई ढल्केबरकै एउटा लजमा लगेर यौनसम्पर्क गर्ने रन्जितले झुक्याएर भिडियो मात्र बनाएन, फेसबुक र यु-ट्युबमा राखिदिए। रन्जित अहिले प्रहरी हिरासतमा छन्। प्रहरीले इन्टरनेटबाट त्यो भिडियो पनि हटाइसकेको छ । यौन दृश्यको यो भिडियो क्लिप मोबाइलमार्फत आदानप्रदान हुने क्रम रोकिएको छैन ।

युवती अथवा बालिकासँग यौन सम्पर्क गर्ने र त्यसको भिडियो क्लिप बनाएर बिक्री गर्ने धन्दा यहाँ दिनानुदिन चम्कँदो छ । यस्ता भिडियो क्लिपहरू सीमावर्ती र भारतका अन्य शहरहरूमा मात्र बेचिँदैनन्, कतार र मलेसियासम्म पुऱ्याएर तिनको कारोबार गरिन्छ। यो अपराध अहिले आयआर्जन गर्ने नयाँ व्यवसाय बन्न पुगेको छ ।

## कतारबाट खबर आएपछि

महोत्तरी बैरगनियाँकी १७ वर्षीय समिना खातुनसँग सोही गाउँको अहमद मियाँले जबर्जस्ती शारीरिक सम्पर्क राखे र साथीको सहयोगबाट त्यसको भिडियो पनि खिचे। भिडियो कतार र मलेसियामा बिक्री हुन थाल्यो। संयोगवश, कतारमा कार्यरत सोही गाउँका एक युवकले त्यो भिडियो हेरेपछि गाउँमा खबर गरे। अहमदको दुष्कर्म सतहमा आयो। तर स्थानीय भद्रभलाद्मीले प्रहरी समेतलाई साथमा लिएर पीडक र पीडित पक्षबीच 'मिलापत्र' गराइदिए।

मिलापत्रमा पीडितलाई चित्त नबुझेपछि अर्को नाटक शुरू भयो। प्रहरीको रोहबरमा स्थानीय राजनीतिक नेता, भद्रभलाद्मी तथा पीडकसमेतको 'सर्वपक्षीय' बैठक बस्यो, जसले पीडकलाई कानूनी दण्डसजायबाट मात्र जोगाएन, पुरस्कार पनि दियो – पीडित महिला समिना खातुनलाई उसैसँग बिहा गर्न बाध्य बनाए।

यसरी यहाँ बलात्कार सँगसँगै मिलापत्र पनि एउटा व्यवसाय बन्न पुगेको छ। र, यो धन्दामा लागेका छन् समाजका कथित भद्रभलाद्मीहरू। बलात्कार र अन्य यौन अपराधपछि उनीहरू सकेसम्म त्यस्ता घटना प्रहरीसम्म पुग्नै दिँदैनन्, पुगिहाले पनि कानूनी कारबाही अघि बढ्न दिँदैनन् र मिलापत्रको नाटक शुरू गर्छन्। यस क्रममा अभियुक्तलाई (प्रायः पूर्व सहमतिका आधारमा) उसको गच्छे अनुरूप जरिबाना तिराइन्छ र त्यो रकम अधिकांश वा पूरै 'भद्रभलाद्मी' हरूको गोजीमा जान्छ। पीडितलाई न्यायबाट वञ्चित मात्र गराइँदैन, अधिकांश मामिलामा बलात्कारीसँगै बिहा गर्न बाध्य बनाएर जिन्दगीभरका लागि थप पीडाको भुमरीमा पारिन्छ। पीडितको न्याय पाउने चाहना र अधिकारसँग कसैको सरोकार देखिँदैन। 'मिलापत्र' पछि 'भद्रभलाद्मी' र बलात्कारीहरूको अनुहार हर्षले धपक्क बलेको हुन्छ, पीडितहरू भने रोएको आवाज पनि अरूले सुन्लान् भनेर भयभीत हुँदै आँसु खसालिरहेका हुन्छन्।

रौतहट जिल्लाको लक्ष्मीपुर-७ की गुलसन खातुनलाई सोही गाउँको सागर दर्जीले गएको चैत १३ गते जबर्जस्ती गरी फरार भए। जिल्ला

प्रहरी कार्यालयमा गुलसनले गर्भवती भएको जाहेरी दिएपछि सागर दर्जी काठमाडौंमा पक्राउ पऱ्यो र पाँच दिन रौतहट प्रहरीले उसलाई हिरासतमा राख्यो । समाजका भद्रभलाद्मीहरू (सामुदायिक निगरानी समिति र महिला अधिकारसँग सम्बद्ध संघसंस्थाहरू समेत) सक्रिय भए र पीडकलाई प्रहरीको पन्जाबाट निकालेर पीडित महिलासँग विवाह गराइदिए ।

महोत्तरीका प्रजिअ प्रदीपराज कणेल भन्छन्, "सबै घटनामा कानूनी कारबाहीको प्रक्रिया अघि बढाएर न्याय दिन सम्भव हुँदैन, न्यायको वैकल्पिक व्यवस्था पनि अपनाउनुपर्ने हुन्छ ।" कानून लागू गराउनुपर्ने राज्यको निकायका स्थानीय मुखियाहरूले नै पीडितलाई पीडकको कृपापात्र बनाउने कामलाई 'न्यायको वैकल्पिक व्यवस्था' को मान्यता दिएपछि बिचरो कानून मात्रले के गरोस् ? पीडित महिलाहरूले न्याय पाउन के खाएर सम्भव होस् ?

## सिङ न पुच्छर

'न्यायका नौ सिङ' भन्ने उखानै छ । तर मधेशका बलात्कार र यौन अपराध पीडित चेलीहरूले मिलापत्र व्यवसायीका कारण न्यायको सिङ त के, पुच्छर फेलापर्नु पनि 'आकाशको फल आँखा तरी मर्' बन्दै गएको छ । नेपालको कानूनले १६ वर्षभन्दा कम उमेरकी बालिका वा विवाहित/अविवाहित महिलालाई उनको मन्जुरी लिएर वा नलिएर गरिएको करणीलाई बलात्कार मानेको छ र यस्ता कार्यमा संलग्नलाई १५ वर्षसम्मको कैद सजाय हुने प्रावधान रहेको छ । यौन दृश्यको भिडियो खिचेर सार्वजनिक गर्ने, बेच्ने दुष्कर्मका निम्ति मात्र होइन, पीडितलाई न्यायसम्म पुग्न नदिने र थप पीडा दिने दुष्कृत्यका निम्तिसमेत कानूनमा विभिन्न व्यवस्था नभएका होइनन् । तर जो-जो कानूनका रक्षक हुनुपर्ने हो उनीहरू नै 'न्यायको वैकल्पिक व्यवस्था' का नाममा कानूनको घेरामा पर्न नदिन र उल्टो पुरस्कृत गर्न एकमत हुँदै गएपछि बिचरो कानून मात्रले के गरोस् ?

## बलात्कारीका पक्षमा

महोत्तरी जिल्ला, कलहुवाबगिया, इस्लामपुरकी सविना खातुनलाई एकडारा बजारमा फलफूल बिक्री गरेर फर्किरहेको समयमा सोही ठाउँका फरमुद अन्सारी र मुरदुज अन्सारीले २०६७ पुस २७ गते बाटोछेउको उखुबारीमा लगेर बलात्कार गरे । स्थानीय 'भद्रभलाद्मी' हरूले थाहा पाएपछि उनीहरूले उल्टो सविनामाथि नै 'गाउँका युवाहरूलाई बिगारेको' आरोप लगाए र घरमा ताल्चा ठोकेर गाउँबाट निकाला गरिदिए । सविना न्यायका लागि जिल्ला प्रहरी कार्यालय पुगिन् तर प्रहरीले उनको उजुरी नै लिएन। संघसंस्थाको दबाब परेपछि बल्ल उजुरी दर्ता गऱ्यो तर कानूनी कारबाही अघि बढाउनुको सट्टा मिलापत्र गर्न दबाब दिन थाल्यो। कथित भद्रभलाद्मीहरू भेला भए र एकछिन सविनाको पक्षमा वकालत गरेजस्तो गरेर उनलाई एकजना बलात्कारीसँगै बिहा गर्न दबाब दिन थाले। सविनाले त्यसको तीव्र प्रतिवाद गरेपछि 'एक कदम पछि हटेर' उनीहरूले बलात्कारीहरूलाई ४० हजार रूपैयाँ जरिवाना गरेर जबर्जस्ती मिलापत्र गराइदिए, जसमध्ये २० हजार रूपैयाँ 'समाज सुधारका लागि खर्च गर्न' छुट्याइएको थियो ।

मिलापत्रमा तमलोपाका रामछबिला साह, कांग्रेसका रामबली साह, माओवादीका सुरेश साह, एमालेका जीवछ दास, राप्रपाका रामचन्द्र यादव, मालेका भिखारी साह, नेकपा संयुक्तका इरशाद अन्सारी, फोरम नेपालका रामनरेश कापड, सद्भावनाका उमाशंकर पाण्डे र जनशक्तिका राजकुमार मण्डलसहितका सहभागी थिए । जिल्ला प्रहरी कार्यालयमा भएको मिलापत्रमा महिला सेलका तत्कालीन प्रहरी सहायक निरीक्षक जीवलाल सुवेदी र महिला मानवअधिकार रक्षक संजाल जलेश्वरकी रेखा झाले हस्ताक्षर गरेका थिए। मिलापत्र गराउन महोत्तरीका तत्कालीन प्रहरी उपरीक्षक संजयराज शर्माले मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको बताउँछन् स्थानीय बासिन्दाहरू। तत्कालीन प्रहरी नायव उपरीक्षक रामेश्वर यादवले भने 'पीडित महिलालाई समाजमै पुनर्स्थापना गर्नुभन्दा राम्रो विकल्प के हुन सक्छ ?'

महोत्तरी, खुट्टापिराढीकी १८ वर्षीया फातमा गत असार २९ गते पानी लिन गएको बेला बलात्कृत भएकी थिइन् । फातमाले भनिन्, 'मलाई बलात्कार गर्दा पनि उनीहरूले मोबाइलबाट फोटो खिचिरहेका थिए । एउटाले बलात्कार गर्दा अरू फोटो खिच्न थाल्थे । दिउँसै बलात्कार हुँदा पनि थाहा नपाएका स्थानीयलाई फातमाले हजरत कवारी, दिल मोहम्मद कवारी, दाउद कवारी र कलमुद्दीन कवारीले आफूलाई मुख थुनेर बलात्कार गरेको बताइन् । प्रहरीमा उजुरी गर्ने/नगर्ने दोधारमा रहेकी पीडितले एक हप्तापछि मात्र जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन् । जाहेरी दर्ता गरी प्रहरीले मुद्दा अदालतमा पुऱ्याए र फरार अपराधीविरुद्ध पक्राउ पुर्जी जारी भयो । तर स्थानीय भद्रभलाद्मीको दबाब र आश्वासनमा परेर पीडितले अदालतमा दिएको बयान उल्टाएपछि प्रहरीले कसैलाई पक्राउ गर्न सकेन ।

नाम उल्लेख नगर्ने शर्तमा एक युवकले बताएअनुसार मौका पर्नासाथ गाउँका युवतीमाथि सामूहिक बलात्कार गर्ने र त्यस दृश्यको भिडियो क्लिप बनाएर सीमा क्षेत्र भारतका अन्य शहरमा बेच्ने धन्दा उनीहरूले केही वर्षदेखि चलाउँदै आएका छन् । फातमाकी आमा मदिना भन्छिन्, 'समाजका भलाद्मीहरूले हजरत कवारीलाई हाम्रै घरमा ल्याएर मिलापत्र गर्न दबाब दिए । मिलापत्र नगरेपछि दुःख पाइएला भनेपछि मान्नैपऱ्यो । हामी गरीब मान्छे । त्यसबेला छोरीको बिहा खर्च भराइदिन्छौं भनी फकाए ।

'महिलाको पीडालाई समाज र प्रशासनले व्यवसायको वस्तु बनाइदिएकाले नै मधेशमा बलात्कारका घटना बढिरहेका हुन्', स्थानीय युवती सुनैना ठाकुर आक्रोश व्यक्त गर्छिन् । स्थानीय मानव अधिकारकर्मी मदन झा भन्छन्, 'बलात्कार जस्तो जघन्य अपराधका घटनामा मिलापत्र गराउन जिल्ला प्रहरी कार्यालय आफैं मध्यस्थ बनिदिन्छ । त्यसैले पीडितहरू अदालतको ढोकासम्म पुग्नै पाउँदैनन्, पीडकहरूले कहिल्यै सजाय भोग्नुपर्दैन ।'

## हदम्यादको तगारो

पछिल्लो १४ वर्षमा नेपालमा झण्डै तीन हजार बलात्कारका घटना दर्ता भएको तथ्यांक छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को वर्ष पुस्तक-२०१२ मा २१७ वटा बलात्कारका घटना भएको उल्लेख छ। जसमा २० जना महिलाको बलात्कारपछि हत्या भयो। रौतहटमा क्रियाशील महिला सुरक्षा दबाब समूहमा एक वर्षभित्र ११ वटा बलात्कारका घटना दर्ता भएका छन्, जसमध्ये नौवटा मिलापत्रमा टुंग्याइएका छन्। रौतहट जिल्ला प्रहरी कार्यालयमा जबर्जस्ती करणीका १७ वटा मामिला प्रहरीको फाइलमा दबेर बसेका छन्। महोत्तरीमा १६ वटा मामिला तीन वर्षदेखि न्याय पर्खिरहेका छन्। प्रहरीमाथिको विश्वास घट्दै गएपछि महोत्तरीका पीडितहरूले मानवअधिकार संरक्षण केन्द्र (जलेश्वर) मा ३७ वटा र महिला विकास कार्यालयमा सातवटा उजुरी दर्ता गराए।

बलात्कार भएको ३५ दिनभित्र उजुरी दिनुपर्ने कानूनी व्यवस्था पनि पीडितलाई न्यायको ढोकासम्म पुग्न असहज पार्ने तगारो बनेको बताउँछन् कानून व्यवसायी। जलेश्वरका कानून व्यवसायी विकरु यादव भन्छन्, 'मधेश मात्र होइन कुनै पनि रुढीग्रस्त समाजमा बलात्कारको घटना बाहिर आउन नै कम्तीमा साता दिन लाग्छ। डाक्टरी जाँच, मेडिकल रिपोर्ट र प्रहरीको अनुसन्धानले एक महीनाभन्दा बढी समय लिन्छ। यति गर्दागर्दै कानूनी हदम्याद सकिन्छ। अनि कसरी न्याय पाउँछन् पीडितले ?' महोत्तरीका जिल्ला न्यायाधिवक्ता खडानन्द गौतम थप्छन्, 'यही हदम्यादको व्यवस्थाका कारण कथित भद्रभलाद्मीहरूले चलखेल गर्ने मौका पाउँछन्। हदम्यादले मात्र होइन मिलापत्रले पनि पीडितहरूलाई न्यायको ढोकासम्म पुग्न अवरोध खडा गरिरहेको छ। त्यसैले यी दुवै व्यवस्था अविलम्ब हटाउनुपर्छ। अन्यथा पीडितले न्याय पाउन सक्दैनन्।'

महिला हिंसाको दुष्चक्र र संवेदनहीनताको बोलवाला बढ्दै गएको भए पनि मधेसकै संवेदनशील व्यक्ति भने मधेशमा बलात्कार

र मिलापत्रको व्यवसाय चम्किन थालेको देखेर मर्माहत भएका छन् । मैथिली चलचित्रमा समाज सुधारकको भूमिका खेल्दै आएका प्रसिद्ध फिल्म अभिनेता मुरलीधर भन्छन्, 'बलात्कार त जघन्य अपराध हुँदै हो, मिलापत्रका नाममा यसलाई समाजमै गुपचुप बनाउन खोज्नु अर्को जघन्य अपराध हो । यो परिपाटी घिनलाग्दो छ । यसले पीडितलाई न्याय पाउनबाट वञ्चित गरेको छ र पापीहरूको संरक्षण गरेको छ ।'

आशाको किरण यहींनेर छ । यो संवेदनशीलता र यो विवेक मधेशी समुदायमा फैलन सक्यो भने आफ्नै चेलीको नीलो चलचित्र हेर्नुपर्ने र कथित भद्रभलाद्मीले बलात्कारीका पक्षमा मिलापत्र गराएर गोजी भर्ने धन्दा चलाएको टुलुटुलु हेरेर बस्नुपर्ने निरीह अवस्थाबाट मधेशले सजिलै मुक्ति पाउन सक्छ । हुनुपर्ने पनि यही हो ।

*(सबै पीडितहरूको नाम/थर परिवर्तन गरिएको छ ।)*

# सन्दर्भ सामग्री


थापा, वसन्त र मोहन मैनाली (सं.)। वि.सं. २०५८। *धराप : तस्करी, हिंसा र अराजकताका कथा*। काठमाडौँ : खोज पत्रकारिता केन्द्र।

दाहाल, राजेन्द्र, (सं.)। वि.सं. २०५६। *खोज*। काठमाडौँ: नेपाल प्रेस इन्स्टिच्युट।

मैनाली, मोहन र विनोद भट्टराई। वि.सं. २०५८। *खोज पत्रकारिता*। काठमाडौँ : खोज पत्रकारिता केन्द्र।

वस्ती, शरच्चन्द्र (सं.)। सन् २०१२। *खोजका कुरा*। काठमाडौँ : खोज पत्रकारिता केन्द्र।

Blundell, William E. 1998. *The Art and Craft of Feature Writing*. New York: The Penguin Group.

Chay, Horentino-hofilena. 1998. *News for Sale: The corruption of the Philippine media*. Metro Manila: Philippine Centre for Investigative Journalism Centre for Media Freedom and Responsibility.

Coronel, Sheila S. 2000. *Investigating Estrada: Millions, Mansions and Mistresses*. Metro Manila: Philippine Centre for Investigative Journalism.

Houston, Brant. 2009. *The Investigative Reporter's Handbook, A Guide to Documents, Database and Techniques* (Fifth Edition). New York: Bedford/St. Martin's, Boston.

Itule, Bruce D and Douglas A. Anderson. 1994. *News Writing and Reporting for Today's Media*, Third Edition, New York: McGraw-Hill Inc.

Randall, David. 2011. *The Universal Journalist* (Fourth Edition). London: Pluto Press.

Ullmann, John and Jan Colbert. 1983. *The Reporter's Handbook: An Investigator's Guide to Documents and Techniques*. New York.